







आ.व.
२०८१/०८२

# बार्षिक प्रतिवेदन


## सोसेक नेपाल

केन्द्रिय कार्यालय : नारायण नगरपालिका-१, दैलेख
केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३
बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२
महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२
महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४
जुम्ला कार्यालय फोन नं.: ०८७-५९०५७७
काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५
पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८
इमेल: sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np
Website:- www.sosec.org.np

# मिति २०८२/०५/११ निर्वाचित कार्यसमिति

**अध्यक्ष**
श्री मञ्जु कुमारी खड्का

**संस्थापक अध्यक्ष/कार्यकारी निर्देशक**
श्री हीरासिंह थापा

**उपाध्यक्ष**
श्री कवि राज रिजाल

**महासचिव**
श्री ललिता कुमारी भण्डारी

**सचिव**
श्री कमला कुमारी शर्मा

**कोषाध्यक्ष**
श्री संगिता राना

**सदस्यहरु**
श्री मन्सरा थापा मगर  श्री नवराज बि.सी.  श्री दुर्गा गिरी
श्री लक्ष्मी कुमारी भण्डारी  श्री कमला कुमारी नेपाली

**विज्ञ सदस्य**
श्री सुजन न्यौपाने

## सल्लाहाकार समिति

| | | |
|---|---|---|
| संयोजक | : | मा. सीता कुमारी राना - प्रतिनिधी सभा सदस्य |
| सदस्य | : | श्री माधव प्रसाद तिमील्सेना - पूर्व उपाध्यक्ष |
| सदस्य | : | श्री अमर बहादुर थिङ - स्थानिय आर्थिक योजना तथा ब्यबस्थापन बिज्ञ |
| सदस्य | : | श्री अमर सुनार - अध्यक्ष, पत्रकार महासंघ, दैलेख |
| सदस्य | : | श्री लाल ब. पुन - भिजिटिङ् फेकल्टि/सिनियर रिसर्च फेलो ९ᴾᴾक्इ:0 |

"आत्मा साक्षी राखी मन्, बचन् र कर्मले सेवा गरौं ।।"

# बार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

## सल्लाहाकार

अध्यक्षः श्री मञ्जु कुमारी खड्का

कार्यकारी निर्देशक / संस्थापक अध्यक्ष : श्री हिरासिंह थापा

## प्रकाशन समिति

संयोजकः श्री ललिता कुमारी भण्डारी- महासचिव कार्यसमिति सोसेक नेपाल

सदस्यः श्री कमला कुमारी शर्मा- सचिव कार्यसमिति सोसेक नेपाल

सदस्यः श्री संगीता राना - कोषाध्यक्ष कार्यसमिति सोसेक नेपाल

सदस्यः श्री भीम बहादुर के.सी.- हेड अफ प्रोग्राम

सदस्य सचिवः श्री पदमराज जोशी- मील व्यवस्थापक

## परियोजना प्रमुखहरु

श्री निर्मल अधिकारी- कार्यक्रम व्यवस्थापक

श्री रमेश थापा- परियोजना प्रमुख

श्री पुष्कर प्रसाद शर्मा- परियोजना संयोजक

श्री जिबराज रेग्मी-परियोजना संयोजक

श्री माया अधिकारी- परियोजना संयोजक

श्री मेनका क्षेत्री- परियोजना संयोजक

श्री श्रृष्टि बाँठा- परियोजना संयोजक

श्री राधा ओली- कार्यक्रम संयोजक

श्री ललित खड्का- परियोजना संयोजक

श्री सुलोचना सुवाल- कार्यक्रम संयोजक

## प्रकाशन सहयोगी

श्री माधव भट्टराई- कार्यक्रम व्यवस्थापक

श्री टिकराम सापकोटा- लेखा तथा खरिद अधिकृत

श्री माया राना- प्रशासन अधिकृत

श्री हिक्मत थापा- आपूर्ति श्रृंखला तथा लजिस्टिक अधिकृत

(परियोजनाहरूमा संलग्न सम्पूर्ण कर्मचारीहरू)

## "जवाफदेहि सेवा, सुनुवाई तथा गुणस्तरीय कार्यक्रम कार्यान्वयनका लागि हाम्रो अनुरोध"

## Monitoring, Evalutation, Accountability and Learning (MEAL)

### सोसेक नेपालद्वारा स्थापना गरिएको जिज्ञासा तथा सुझाव सुनवाई सयन्त्र अन्तर्गत संस्थाद्वारा सञ्चालित कार्यक्रमहरुमा

- संस्थाको नीति, नियम तथा आचारसंहिता विपरितका कार्यहरू भएको पाईएमा ।
- गुणस्तरीय कार्यक्रम कार्यान्वियन तथा लक्षित वर्ग छनौटमा भेदभाव भएको पाईएमा ।
- जिम्मेवारीको आधारमा प्राप्त अख्तियारी वा श्रोतको दुरूपयोग भएको पाईएमा ।
- बालबालिका र महिला माथि लैङ्गिक, आर्थिक तथा जातीय आदि कुनै पनि प्रकारका विभेद तथा दुर्व्यवहारपूर्ण कार्य भएको पाईएमा ।
- संस्थाका पदाधिकारी एवम् कर्मचारीले बालबालिकालाई बाल श्रमिक, जोखिमपूर्ण तथा हानि हुने खालको क्रियाकलापमा सहभागि गराएको पाईएमा ।
- संस्थाद्धारा सहयोग गरीएका शैक्षिक तथा अन्य सामाग्रीहरूको प्रयोग तथा संरक्षण नभएको पाईएमा ।
- संस्थाको सहयोगमा निर्माण भईरहेका योजना गुणस्तरीय नभएमा वा प्रयोग विहिन भएको पाईएमा ।
- संस्थाद्धारा संचालित कार्यक्रम तथा क्रियाकलापहरूको गुणस्तर मानक पुरा नभएको पाईएमा ।

सोसेक नेपालद्वारा जिज्ञासा तथा सल्लाह सुझाव संकलनमा लागि स्थापित नि:शुल्क टोल फ्रि नम्बर एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८ मा फोन गरी वा कार्यालयमा रहेको जिज्ञासा तथा सुझाव पेटिका तथा ईमेल cfm@sosec.org.np मार्फत पनि जिज्ञासा तथा सुझाव दिन सक्नुहुनेछ ।

सोसेक नेपालमा आबद्ध कुनै कर्मचारी, पदाधिकारी, स्वयसेवक र सेवा तथा बस्तु प्रदायकहरुसंग सम्बन्धित संस्थाको संरक्षण नीति (बाल र बयस्क), दुर्व्यवहार बिरूद्धको निती र आँचार संहितासंग सम्बन्धित कुनै सुझाव तथा सल्लाह जिज्ञासा भएमा निम्न ठेगानामा सम्पर्क गर्नहुन अनुरोध छ :

जेसी बाल संरक्षण सम्पर्क व्यक्ति
मोबाईल नं.९८५८०२२५११, ९८५८०५१०८९ र ९८५११५१०८९ ईमेल : safeguarding@sosec.org.np

**तपाईले गर्नुभएको जिज्ञासालाई सम्वेदनशिलतापूर्वक लिईनेछ र आवश्यक छानविन गरि सम्बोधन गरिनेछ ।**
**यदि जिज्ञासाकर्ताले आफनो व्यक्तिगत विवरण गोप्य राख्न चाहेमा जिज्ञासा गर्ने व्यक्तिको विवरण गोप्य राखिनेछ ।**


SOSEC Nepal
Estd: 1997
Raising The Voice Of Voiceless

# सोसेक नेपाल

**केन्द्रिय कार्यालय : नारायण नगरपालिका–१, दैलेख**

केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३
बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२
महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२
महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४
काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५
पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८
इमेल:- sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np
Website:- www.sosec.org.np

# सोसेक गान

कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ।२।
तपाई हामी दिन दुखीको साझा सोसेक नेपाल ।२।
कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ।

जलवायू , शिक्षा, स्वास्थ्य, कृषि, उद्यम भित्र ।२।
दिगो विकास विपद् जस्ता विषयगत क्षेत्र ।
सबै वर्ग, भाषा, जाति, भूगोल, धर्मप्रति ।
समावेशी, जवाफदेही, आफ्ना कर्मप्रति ।२।
कार्य क्षेत्र देशैभरी......................

मानवता, न्याय अनि सुशासनले कर्म ।२।
सिमान्तको आवाज नै यसको ठुलो धर्म ।
बालबालिका, महिला, पुरुष, अपाङ्गको साथी ।
मन वचनले कर्म गर्ने, आत्मा साक्षी राखी ।२।

कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ।२।
तपाई हामी दिन दुखीको साझा सोसेक नेपाल ।२।
कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ।

# सोसेक नेपाल


**केन्द्रिय कार्यालय : नारायण नगरपालिका–१, दैलेख**

केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३

बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२

महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२

महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४

काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०,

सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५

जुम्ला कार्यालय : ०८७५९०५७७

पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८

इमेलः- sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np

Website:- www.sosec.org.np

https://www.facebook.com/SOSECNepal

https://twitter.com/sosecdailekh

https://www.instagram.com/sosecnepal/

https://www.youtube.com/results?search_query=sosec+nepal

Child helpline : 1098 (ten-Nine-Eight)

# मन्तव्य

सोसेक नेपालले गत वर्षहरूमा गरिरहेको अभ्यासलाई निरन्तरता दिँदै आ.व. ०८१/८२ को "**वार्षिक प्रतिवेदन**" प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। सोसेक नेपालले आफ्नो स्थापना कालदेखि नै निर्दिष्ट मार्गदर्शन र आधारभूत सिद्धान्तका आधारमा संस्थाद्धारा सञ्चालन हुने कार्यक्रम तथा परियोजनाहरू लक्षित वर्गको स्तरलाई माथि उठाउन विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। त्यसै गरी संस्थाले कार्य क्षेत्रका समुदाय स्तरमा कार्यक्रम कार्यान्वयन, सञ्चालन र सम्पादन गरिसके पश्चात् गरेका काम, उपलब्धी र खर्च बजेटलाई समेटी वार्षिक पुस्तिका मार्फत सरोकारवाला निकायहरू समक्ष प्रस्तुत गर्न खोज्नु अति आवश्यकीय कार्य हो र यसलाई निरन्तरता दिइरहने छौं। यसैगरी संस्थाले गरेका क्रियाकलापहरूको जिल्ला स्तरमा कर्मचारी र कार्य समितिको वर्षको एक पटक सहभागितात्मक समीक्षा तथा रणनैतिक योजना तर्जुमा र प्रत्येक वर्ष साधारणसभा गरी त्यसको अनुमोदन र चालु वर्षको रणनैतिक योजना समीक्षा गरी अगामी वर्षको वार्षिक रणनैतिक योजना तयार गर्नु सोसेक नेपालले गौरव गर्नुपर्ने विषय हो। संस्थाले प्रकाशन गर्न लागेको प्रतिवेदनबाट कार्यक्रममा आवद्ध लक्षित वर्ग, साझेदार संस्था, सहयोगी निकायसंग समग्र प्रगतिको जानकारी आदान-प्रदान गर्न र पछिल्ला बर्षहरूमा प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण सुझावहरू प्राप्त गर्न र संस्थाको मूल्य मान्यतामा आधारित पारदर्शिता कायम राख्न उल्लेखनीय सहयोग पुग्नेछ भन्ने मैले अपेक्षा गरेको छु।

संस्थाबाट निर्दिष्ट गरेका कार्यक्रमहरू कार्यान्वयन, सञ्चालन र सम्पादनमा संलग्न लक्षित समुदाय, साझेदार संस्थाहरू, सहयोगी निकाय तथा लक्ष्य र उद्देश्य परिपूर्तिका लागि अहोरात्र खट्ने यस संस्थाका कर्मचारीहरू, कार्यसमितिका पदाधिकारीहरू, विभिन्न समिति उपसमितिका सदस्यहरू, साधारण सदस्य, आजीवन सदस्य लगायतका स्वयम्सेवकहरू र संस्थालाई यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण साझेदार संस्थाहरू सबैप्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु।

यो पुस्तिका प्रकाशन गर्न सहयोग गर्ने प्रकाशन समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु। संस्थाको समसामयिक गतिविधीहरू सहितको प्रकाशनलाई निरन्तरता मिल्ने छ भन्ने आशा गर्दछु।

सल्लाह, सुझाव र सहयोगका लागि धन्यवाद।

मञ्जु कुमारी खड्का
अध्यक्ष
सोसेक नेपाल
२८ भाद्र, २०८२

Central Office: Narayan Municipality -1, Dailekh
Phone: 089 -410187 / 410096 / 410093
Toll Free Num: NTC 16608942001 / NCELL 9801574888
Email: sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.net.np

# प्राक्कथन

सोसेक नेपालले विगत २७ वर्ष देखि दलित, महिला, बालबालिका र विशेष गरी पछाडि पारिएकाहरू व्यक्ति तथा समुदायलाई समेटेर उनीहरूका अधिकारको बारेमा वकालत गर्दै आईरहेको छ । सोसेक नेपालले आफ्नो स्थापनाकालदेखि नै जिल्लाको समग्र विकासमा योगदान पुऱ्याउनका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायसँग हातेमालो गर्दै ग्रामीण क्षेत्रमा मानव अधिकार, विपद् तथा जलवायु परिवर्तनका असर न्यूनीकरण, कृषि, स्वास्थ्य र शिक्षा क्षेत्रका कार्यक्रम लक्षित समुदायसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ ।

सधैंका वर्षहरूमा झैं यस वर्ष पनि संस्थाले वर्षभरीमा सञ्चालन गरेका गतिविधिहरूलाई समेटी वार्षिक प्रगति पुस्तिका प्रकाशन गरी सरोकारवाला निकायसँग प्रस्तुत गर्ने गरेका छौं । यसले संस्थासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्नुहुने महानुभावहरू सबैको रुचिको विषय हुनेछ भन्ने कुराको आशा लिएको छु। साथै संस्थाबाट निदृष्ट गरेका कार्यक्रमहरू सम्पन्न गर्न निरन्तर प्रयास गर्नुहुने यस संस्थाका हेड अफ प्रोग्राम भीम बहादुर के.सी. र विभिन्न तहका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। यस पुस्तक प्रकाशन र अध्ययन पश्चात् यसमा भएका केही गल्ती कमजोरीहरूलाई औंल्याई अगाडि बढ्न मार्ग निर्देशन दिनुहुन अनुरोध गर्दै निरन्तर सुझाव र सल्लाहको अपेक्षा गर्दछु ।

**हीरासिंह थापा**
कार्यकारी निर्देशक
सोसेक नेपाल
२८ भाद्र, २०८२

# SOSEC Nepal

## Gender Wise Annual Population Reach

From July 16, 2024 to July 15, 2025



| Theme | Total HHs Reach | Women | Men | Girls | Boys |
|---|---|---|---|---|---|
| Advocacy Against Inequality | 5384 | 10852 | 7178 | 2779 | 23536 |
| Resilient Livelihoods | 9154 | 13511 | 13253 | 7041 | 6218 |
| Safe and Save Lives | 768 | 564 | 280 | 1404 | 1125 |
| WASH and Nutrition | 6747 | 5964 | 5724 | 8976 | 8840 |
| Children's Prosperity | 2074 | – | 4650 | 4470 | 9120 |
| Inclusive Education | 4340 | 1813 | 1040 | 8150 | 18849 |
| Total | 28467 | 32704 | 27475 | 33000 | 124405 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Repeted | 3551 | 6918 | 6115 | 840 | 1723 | 15596 |
| Net Total | 24916 | 25786 | 21360 | 32160 | 29503 | 108809 |

**Total** 124,405 Individuals

**Repeated** 15,596 Individuals

**Net Total** 108,809 Individuals



## Ethnicity Wise Annual Data Reach

| Theme | HHs Reach | Dalit | Janjati | Raute | Kusunda | Other | Total |
|---|---|---|---|---|---|---|---|
| Advocacy Against Inequality | 5384 | 10271 | 1644 | 137 | 159 | 11325 | 23536 |
| Resilient Livelihoods | 9154 | 12829 | 6378 | 137 | 159 | 20520 | 40023 |
| Safe and Save Lives | 768 | 1023 | 341 | 137 | 159 | 1713 | 3373 |
| WASH and Nutrition | 6747 | 5532 | 3138 | 137 | 0 | 20697 | 29504 |
| Children's Prosperity | 2074 | 2809 | 1540 | 62 | 0 | 4709 | 9120 |
| Inclusive Education | 4340 | 7620 | 2882 | 62 | 0 | 8285 | 18849 |
| **Total** | **28467** | **40084** | **15923** | **672** | **477** | **67249** | **124405** |
| Repeated | 3551 | 4109 | 1772 | 535 | 318 | 8862 | 15596 |
| **Net Total** | **24916** | **35975** | **14151** | **137** | **159** | **58387** | **108809** |

*Figures in Number of Individuals Reached Annually*



## Vulnerable Group Data Reach

| | People with Disability | LGBTIQ | Single Women | HIV / AIDS |
|---|---|---|---|---|
| Advocacy Against Inequality | 81 | 23 | 307 | 0 |
| Resilient Livelihoods | 192 | 20 | 160 | 2 |
| Safe and Save Lives | 185 | 7 | 0 | 0 |
| WASH and Nutrition | 666 | 22 | 101 | 0 |
| Children's Prosperity | 752 | 20 | 0 | 0 |
| Inclusive Education | 257 | 18 | 247 | 0 |
| **Total Reached** | **2133** | **110** | **815** | **2** |
| **Repeated** | **189** | **87** | **360** | **0** |
| **Net Total** | **1944** | **23** | **455** | **2** |



# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| | **भाग-१** | |
| | **नेपाल, कर्णाली प्रदेश तथा दैलेख जिल्लाको परिचय** | |
| १.१ | पृष्ठमूमि | १ |
| | **भाग-२** | |
| | **सोसेक नेपालको संक्षिप्त परिचय** | |
| २.१ | परिचय | ३ |
| २.२ | परिकल्पना | ३ |
| २.३ | ध्येय | ३ |
| २.४ | लक्ष्य | ३ |
| २.५ | उद्देश्यहरू | ४ |
| २.६ | सोसेकको मूल्य र मान्यता | ४ |
| २.७ | लक्षित समूह | ४ |
| २.८ | विषयगत क्षेत्र | ४ |
| २.९ | निर्देशक सिद्धान्तहरू | ४ |
| २.१० | कार्य सञ्चालन पद्धति | ५ |
| २.११ | सोसेकको विशेषज्ञताको क्षेत्रहरू | ५ |
| २.१२ | सोसेकको नीति र दिशानिर्देशहरू | ६ |
| २.१३ | संस्थाको कार्य समितिको बनोट | ६ |
| २.१४ | संस्थामा कार्यरत कर्मचारीहरूको विवरण | ७ |
| २.१४ | संस्थाका साझेदार नियकाहरु : | ८ |
| | **भाग-३** | |
| | **आर्थिक वर्ष २०८१/०८२ का मुख्य उपलब्धीहरू** | |
| ३.१ | असमानताका विरुद्ध पैरवी | ९ |
| ३.२ | बाल समृद्धि | १४ |
| ३.३ | जिवनोपयोगी सीप र समावेशी शिक्षा | १९ |
| ३.४ | उत्थानशिल जीविकोपार्जन | २४ |
| ३.५ | सुरक्षा र जिवन रक्षा | ३१ |
| ३.६ | खानेपानी, स्वस्थ, सरसफई तथा पोषण | ३४ |
| ३.७ | संस्थाद्वारा आ.व. २०८१/०८२ मा संचालित परियोजना तथा कार्यक्रमबाट लाभान्वित जनसंख्याको विवरण | ३९ |

## भाग ४

## आर्थिक प्रगति विवरण


| | | |
|---|---|---|
| ४.१ | परियोजना तथा कार्यक्रमगत आर्थिक विवरण | ४० |
| ४.२ | वार्षिक लेखा परिक्षण विवरण | ४२ |


## भाग ५

## समस्या, चुनौती र समाधानका लागि गरिएका प्रयासहरु


| | | |
|---|---|---|
| ५.१ | व्यवस्थापकीय तहका चुनौती तथा सवालहरु | ४८ |
| ५.२ | कार्यान्वयन तहका चुनौती तथा सवालहरु | ४९ |
| ५.३ | सोसेक नेपालले अवलम्बन गरेको बाटो | ५० |

# भाग-१

# नेपाल, कर्णाली प्रदेश तथा दैलेख जिल्लाको परिचय

## १.१ पृष्ठभूमिः

नेपाल, एसियाको देश, हिमालय पर्वत श्रृङ्खलाको दक्षिणी भिरालोमा अवस्थित छ । यो पूर्व, दक्षिण र पश्चिममा भारत र उत्तरमा चीनको तिब्बत स्वायत्त क्षेत्रको बीचमा अवस्थित भूपरिवेष्ठित देश हो। यसको क्षेत्र पूर्व देखि पश्चिम सम्म लगभग ५०० माइल (८०० किलो मिटर) र उत्तरदेखि दक्षिण ९० देखि १५० माइल फैलिएको छ । नेपालको संघीय राजधानी काठमाडौं हो । नेपालले विश्वको सबैभन्दा कठिन हिमाली भूभागहरू समावेश गर्दछ । देशको करिब ७५ प्रतिशत भू-भाग पहाडले ओगटेको छ। दक्षिणदेखि उत्तरसम्म, नेपाललाई तीन मूख्य भौतिक बेल्टमा विभाजन गर्न सकिन्छ, यो देश पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । यी हन्, पहिलो, तराई, भारतको सिमानासँग जोडिएको तल्लो, समतल, उर्वर भूमि; दोस्रो, पहाडी क्षेत्र र तेस्रो हिमाल। सन् २०१९ को लागि नेपालको एचडीआई मान ०.६०२ हो। जसले देशलाई मध्यम मानव विकास सूचांक श्रेणीमा १८९ देशमध्ये १४२ औं स्थानमा राखेको छ।

मुलुक संघीय संरचनामा गएपछि नेपाललाई सात प्रदेश र ७७ जिल्लामा विभाजन गरिएको छ। सात प्रदेशमध्ये एक कर्णाली प्रदेश हो जसमा १० जिल्लाहरू पर्दछन्। कर्णाली प्रदेशको उत्तरमा चीन, पश्चिममा सदूरपश्चिम प्रदेश र पूर्वमा गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको सिमाना छ। यस प्रदेशमा ५४ ग्रामीण गाउँपालिका र २५ शहरी नगर पालिकाहरू छन्, र लगभग ३००,०० घरपरिवारहरू बसोबास गर्दछन्। भौगोलिक फैलावटको हिसाबले, यो ३०,२११ वर्ग किलोमिटर क्षेत्रफल भएको देशको सबै भन्दा ठूलो प्रदेश हो, जसले नेपालको कूल क्षेत्रफलको झण्डै पाँच भाग ओगटेको छ। यद्यपि, यो १.५ मिलियन भन्दा बढी मानिसहरूको साथ कम जनसंख्या भएको प्रदेश हो । राष्ट्रिय जनसंख्याको छ प्रतिशत र देशको सबै




भन्दा कम प्रदेशीय घनत्व (५६ व्यक्ति पति वर्ग किलो मिटर) हो । विगत केही दशकहरूमा ठूला सधारका बाबजद पनि यो प्रदेश विकासका विभिन्न क्षेत्रमा पछाडि छ । यसका करिब २८.९ प्रतिशत जनता गरिबीको रेखामनि रहेका छन् जसको पतिव्यक्ति आय ४६०६ अमेरीकी डलर रहेको छ, जन राष्ट्रिय औसतभन्दा निकै कम छ । प्रदेशको साक्षरता दर ६२ प्रतिशत रहेको छ (परुषको ७२ प्रतिशत र महिलाको ५३ प्रतिशत)। त्यस्तै, ५१.२ प्रतिशत जनता बहआयामिक रूपमा गरिब छन्, भने प्रदेशको मानव विकास सूचकांक (एचडीआई) ०.४२७ मात्र रहेको छ, जन दवै राष्ट्रिय औसतबाट क्रमशः २८ प्रतिशत र ०.४९ भन्दा कम छन् कर्णालीबासीको औसत आय ६७ वर्ष छ यो औषत आय अन्य सबै प्रदेशको रहेको छ।

नेपालको कलको क्रमशः ६ प्रतिशत र ८ प्रतिशत हो । सामाजिक-जातीय संरचनाको आधारमा, यस प्रदेशमा बाह्मण र क्षेत्री (६२ प्रतिशत), त्यसपछि दलित (२३ प्रतिशत), जनजाति (१३ प्रतिशत), थारु (०.५ प्रतिशत), मधेसी (०.२४ प्रतिशत) र मस्लिमहरू (०.१८ प्रतिशत) जनसंख्या रहेको छ। नेपाली भाषा सबैभन्दा बढी प्रयोग हने भाषा हो, जसलाई ९५ प्रतिशत मानिसहरूले प्रयोग गर्छन्, त्यसपछि मगर भाषा आउँछ। यस प्रदेशमा धेरैजसो

हिन्दू (९५ प्रतिशत), बौद्ध (तीन प्रतिशत), इसाई (एक प्रतिशत) र अन्य (०.२७ प्रतिशत) छन् । यस प्रदेशले नेपालको कूल ग्राहस्थ उत्पादनमा चार प्रतिशतभन्दा कम योगदान पऱ्याउँछ, झन पहाडी तथा हिमाली अप्ठ्यारो भू-भाग र सीमित संख्यामा दर्ता भएका उद्योगहरू (मार्च २०१९ मा ३९ मात्रै) भएकाले यो अचम्मको कुरा होइन। सार्वजनिक प्रशासन र रक्षाको क्षेत्रमा प्रादेशिक जीडीपीमा यो प्रदेशको योगदानमा ११ प्रतिशत छ। त्यसपछि शिक्षा (सात प्रतिशत), स्वास्थ्य र सामाजिक कार्य (सात प्रतिशत), होटल र रेष्टुरेन्ट (पाँच प्रतिशत) र अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवा गतिविधिहरू (सात प्रतिशत) छन्। पाँच प्रतिशत कृषि तथा वन, उत्पादन र वित्तीय मध्यस्थता जस्ता अन्य क्षेत्रको योगदान क्रमशः ४ प्रतिशत, ०.७ प्रतिशत र ०.९ कर्णाली प्रदेशमा पराना रारा र शे फोक्सुण्डो तालहरू जस्ता धेरै उल्लेखनीय पर्यटकीय स्थलहरू छन् । सर्खेतमा रहेको काँक्रेविहारका भग्नावशेषहरू कम्बोडियाको अङ्कोरवाट मन्दिरसँग मिल्दोजुल्दो छन्। सांस्कृतिक महत्वका अन्य स्थानहरूमा बडिमालिका, देउती बज्यै र चन्दननाथ मन्दिरहरू पर्दछन्। काञ्जिरोवा हिमाल, कान्ति हिमाल, गोरख हिमाल जस्ता उच्च हिमाली चुचुराहरू पनि यस प्रदेशमा पर्दछन्। कर्णाली प्रदेशले पश्चिमी चीनका अन्तर्राष्ट्रिय व्यापार र पर्यटकीय नाका बन्ने सम्भावना बोकेको छ। यो सार्वजनिक वित्त पोषित सामाजिक आर्थिक कार्यक्रमहरूको लागि उर्वर भूमि भएको छ।

कर्णाली प्रदेश कृषि उत्पादनको क्षेत्रमा वार्षिक उत्पादन हुने कृषिवस्तहरू क्रमशः ११९,५००.५४ मेट्रिक टन (MT) आल, १५२,५७७ मेट्रिक टन मकै र १६०,७७२ लि. दूध रहेको छ। कूल खेतीयोग्य जमिनमध्ये ३१.५ प्रतिशतमा मात्र पूर्ण र आंशिक सिँचाइ सुविधा छ। जन सबै प्रदेशको तुलनामा सबैभन्दा कम हो । यस क्षेत्रले १६.८ हजार मेट्रिक टनको आधारभूत खाद्यान्न उपलब्धता घाटा पनि सामना गरिरहेको छ । जैविक विविधता, हावापानी र उचाइको साथ, कर्णाली प्रदेश विविध पारिस्थितिक प्रणालीहरूको घर हो । नतिजाको रूपमा, यसमा वनस्पति र जीवजन्तहरूको अद्वितीय संयोजन, समृद्ध सांस्कृतिक सम्पदा र आश्चर्यजनक सन्दर परिदृश्यहरू छन् । यी मध्ये धेरै वनस्पति र जीवजन्तहरू नेपालका लागि स्थानीय हन् र मानवीय प्रभावहरू जस्तै वासस्थानको क्षति, खण्डीकरण र जलवाय परिवर्तनका कारण विश्वव्यापी रूपमा देखापरेका जोखिम क्षेत्रहरू मध्ये यो प्रदेश पनि उच्च जोखिममा रहेको छ। प्रदेशको इतिहासलाई हेर्ने हो भने तुलनात्मक रूपमा बाइसे चौबिसे राज्यको अवस्थामा कर्णाली एक शक्तिशाली र समृद्ध राज्य रहेको पाईन्छ। दैलेख जिल्ला कर्णाली प्रदेशमा रहेका १० जिल्लामध्ये एक पहाडी जिल्ला हो। यसको पूर्वमा जाजरकोट, पश्चिममा सदरपश्चिम प्रदेशको अछाम, उत्तर मा कालिकोट र दक्षिणमा सुर्खेतसँग सिमाना जोडिएको छ। दैलेखमा ४ नगरपालिका र ७ गाउँपालिका छन्। दैलेखको कूल क्षेत्रफल १,५०२ वर्ग किलोमिटर छ र यसमा ४ नगर पालिका र ७ गाउँपालिका, २ संघीय निर्वाचन र ४ प्रादेशिक निर्वाचन क्षेत्र छन्। जिल्लाको ८० प्रतिशत भूभाग पहाडी तथा २० प्रतिशत भूभाग उच्च भूभागमा पर्दछ। जिल्लाको सबैभन्दा तल्लो उचाइ बिन्दु ५४४ मिटर (तल्लो डङ्गेश्वर) र उच्चतम उचाइ बिन्द औसत समद्र सतहबाट ४,१६८ मिटर (महाबुलेक) छ। दैलेखको भौगोलिक स्थानः २८० ५०’ N देखि २ ९० १२’ N सम्म अक्षांश र ८१० ३०’ E देखि ८२० ०६’ E सम्म देशान्तर।

जिल्लाको नामांकरणको सन्दर्भमा दधीलेकबाट अप्रभंश भएर दैलेख नाम आएको किम्बदन्ती रहेको छ। जसको अर्थ दधी भनेको दधीचि ऋषिको नाम हो । किम्वदन्ती अनुसार पुरातन समयमा दधीचि ऋषिले यस जिल्लामा ध्यान गरेका भन्ने उल्लेख गरिएको छ। व्यत्पत्ति शास्त्रमा ‘दधीलेख’ भनेको ऋषि दधीचिले ध्यान गरेको पहाड हो। नामको बारेमा अर्को कथा पनि छ कि पुरातन समयमा यो देवताको ठाउँ थियो, त्यसैले यसलाई “दैवलोक” भनियो जुन पछि अपभंश भएर ‘दैलेख’ भयो। दैलेख जिल्ला १२ औं शताब्दीदेखि १४ औं शताब्दीमा खस राज्यको हिस्सा थियो। सिंजा उपत्यका खस राज्यको पुरातन राजधानी र शक्तिशाली शहर थियो। खस राज्यको पतनपछि यो धेरै साना राज्यहरूमा विभाजित भयो। आधुनिक नेपालको एकीकरण हुनअघि कर्णाली क्षेत्रको बाइस राज्य (बाइसे राज्य) नामको युनाइटेड किंगडम थियो। यसै अन्तर्गत दैलेख राज्य पनि त्यतिबेला बाइस मध्ये एक रियासत थियो।

# भाग-२
# सोसेक नेपालको संक्षिप्त परिचय

## २.१ परिचय

सोसेक नेपाल, दैलेखका गामीण समदायमा बसोबास गर्ने पिछडिएका तथा पछाडि पारिएका जनताको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थाको वृहत्तर सधारका लागि पार्टीगत राजनीतिबाट अलग रहेर एक मुनाफा रहित सेवा प्रदायक संस्थाको रूपमा २०५४ सालमा स्थापना भएको सामाजिक संस्था हो। देशको समग्र क्षेत्रको विकासका लागि सरकारी क्षेत्रबाट मात्रै सम्भव नहने कुरालाई मध्यनजर गर्दै नागरीक समाजले पनि समाजको विकासको लागि केही पहल गर्नु पर्दछ भन्ने जोश र जांगरका साथ एउटै सोच र धारणा बोकेका केही दैलेखी युवाहरूको सिर्जनशीलताको उपजको रूपमा रहेको सोसेकको कार्यकारिणी समितिमा दलित, महिला र जनजातिको बाहुल्यता रहने गरी विधानतः व्यवस्था गरि एको छ। मानव अधिकार, स्वास्थ्य, शिक्षा तथा सरसफाई र कृषि क्षेत्रको विकासमा थप टेवा पुऱ्याउने मूल ध्येयका साथ आफ्ना गतिविधीहरूलाई अगाडि बढाईरहेको यस संस्थाले आफ्नो उद्देश्यसंग मेलखाने समदायको वास्तविक आवश्यकतालाई परिपूर्ति गर्न सक्ने र वस्तु भन्दा सिपलाई प्राथामिकता दिई समुदाय प्रवेश गर्न चाहने सरोकारवाला पक्षसंग हातेमालो गर्दै कार्यक्रम सञ्चालन नीतिलाई अवलम्बन गर्दै आईरहेको छ । सोसेक नेपाल विपन्न वर्गमा, विपन्न वर्गका लागि र विपन्न वर्गलाई नै विकासको सम्बाहकको रूपमा लिन पर्दछ, भन्ने विषय सहमतिका साथ स्थानीय श्रोत र साधन तथा सीपलाई बढीभन्दा बढी प्रयोगमा ल्याउन आफ्नो स्थापना काल देखि लागीपरेको संस्था हो। यसले समदायमा विकासका लागि समदाय नै बढी चनाखो र जिम्मेवार हुनु पर्दछ भन्ने मूल मन्त्रलाई विभिन्न चेतनामूलक कार्यक्रमहरूबाट जनसमुदायमा अमिट छाप पारेर कार्यक्रमप्रति अपनत्वपनको भावना विकास गराउन, सञ्चालित क्रियाकलापले संस्थाको दिगोपनालाई अझ बढी प्रगाढ बनाएको कुरा सिद्ध हन्छ। संस्थाको २४औं साधारण सभाबाट दलित परुष ०, दलित महिला १, जनजाति महिला १, अन्य महिला ४ र अन्य परुष ५ गरी जम्मा ११ जनाको कार्यकारिणी मिति चयन भएकोमा हाल कार्यसमितिमा दलित महिला १, जनजाति महिला २, अन्य महिला ५ अन्य परुष ३ गरी जम्मा ११ जनाको कार्यसमिति रहेको छ । भने आजीवन सदस्य ११५, साधारण सदस्य ९ जना रहेको छ।

## २.२ परिकल्पना :

हामी गरिवीमक्त, विभेद रहित, हिंसा रहित, न्यायमूलक र स्वस्थ एवं समृद्ध समाजको निर्माण भएको देख्न चाहन्छौं। यो संस्था एकीकृत विकासका लागि प्रतिबद्ध, समर्पित र स-शक्त संस्थाको रूपमा परिचित हनेछ।

## २.३ ध्येय :

सामाजिक परिचालन र जनसहभागिताको माध्ययमबाट जनजाति, गरिब, दलित, महिला र बालबालिकालाई सवालमुखी, सुधारमुखी, राहतमुखी कार्यक्रमहरू पदान गरी उनीहरू स्वयंबाट सबै पकारका विभेदका स्वरूपहरू लाई सम्बोधन गर्न सक्षम बनाउनु हो।

## २.४ लक्ष्य :

- सामाजिक समावेशीकरणलाई केन्द मानी लक्षित समदायको शैक्षिक, स्वास्थ्य, आर्थिक र सामाजिक स्तरमा सुधार ल्याउनु।
- अधिकारबाट वञ्चित वर्गको क्षमता अभिवृद्धि गरी अधिकारको क्षेत्रमा पहुँच पुऱ्याउने।
- संस्थाको मानवीय क्षमताको विकासमा जोड दिदै संस्थागत क्षमता अभिवृद्धि गर्ने।

## २.५ उद्देश्यहरू :

- स्थानीय स्तरमा सामाजिक पूँजीको निर्माणबाट आय स्तरमा वृद्धि गर्ने ।
- स्थानीय स्तरमा कृषि, वन तथा वातावरण संरक्षण, पर्यटकीय क्षेत्रको विकास, पशुविकास र प्रवर्धनबाट व्यवसायीकरणको विकास गर्ने ।
- विभिन्न निकायहरूको साझेदारिमा स्थानीय स्तरमा आवश्यक पर्ने लघु पूर्वाधारहरूको विकास प्रवर्धन गर्ने ।
- संस्थामा आवद्ध मानवीय श्रोतको क्षमता अभिवृद्धि गरी संस्थाको दिगो विकास गर्ने ।
- समुदायमा सामाजिक जागरणको माध्यमबाट लैङ्गिक तथा जातीय विभेदलाई कम गर्न जनचेतना अभिवृद्धि गर्ने र अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको हक अधिकारको संरक्षणका लागि पैरवी गर्ने ।
- स्वास्थ्य सम्बन्धी प्रजनन् स्वास्थ्य, सामदायिक स्वास्थ्य र HIV/AIDS का पक्षमा जनचेतना अभिवृद्धि गर्ने र स्वास्थ्य सम्वन्धी शिविर सामदायिक क्लिनिक सञ्चालन गर्ने ।
- बजारको मागमा आधारित स्थानीय सीप तथा प्रविधिको विकासबाट रोजगारिमा वृद्धि गर्ने ।
- मानव अधिकारको संरक्षणको लागि चेतना जगाउदै विपद् जोखिम न्यूनीकरण क्षेत्र, जोखिममा रहेका तथा प्रभावित समुदायलाई मानवीय सहयोगका लागि पहल गर्ने ।
- समाजमा रहेका कुरीतिको अन्त्य गर्न, बाल अधिकार को संरक्षणका लागि औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।
- समदायको चेतना अभिवृद्धि गर्न पत्र-पत्रिका प्रकाशन तथा सामुदायिक रेडियो संचालन गर्ने ।
- मानव बेचबिखन विरुद्ध जनचेतनामूलक अभियानका क्रियाकलाप तथा एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।

## २.६ सोसेकका मूल्य र मान्यता :

"सामाजिक समानता, जनसहभागिता, पारदर्शिता र तटस्थता"

## २.७ लक्षित समूह :

सोसेकले सञ्चालन गर्ने कार्यक्रमहरूमा निम्न समदायलाई लक्षित समुदायको रूपमा प्रमख मान्यता दिइएको छ । जनजाति, गरिव, दलित, महिला, यौनिक अल्पसंख्यक समुदाय, राउटो समुदाय, कुसुण्डा समुदाय, युवा र बालबालिकालाई केन्द्रमा राखी काम गर्ने गर्दछ ।

## २.८ विषयगत क्षेत्र : सोसेकका विषयगत क्षेत्र

क. असमानताको विरुद्ध पैरवी

ख. उत्थानशिल जिबिकोपार्जन

ग. सुरक्षा र जिबन रक्षा

घ. खानेपानी तथा पोषण

ङ. जिवनोपयोगी सीप र समावेशी शिक्षा

च. बाल समृद्धि

## २.९ निदशक सिद्धान्तहरू :

- कार्यक्रमका प्राथामिकताहरूले संस्थाका लक्ष्य तथा उद्देश्यसंग मेल खाने हुनुपर्दछ ।
- परिवर्तनका मूख्य सम्बाहकको रूपमा रहेका महिला, युवा तथा बालबालिकाहरूको सवालमा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने गर्दछ ।
- लैङ्गिक जातजाति तथा गरिबमुखी नीति तथा कार्यक्रमका लागि अगुवाई तथा सल्लाह प्रदान गरी आवश्यक सहयोग गर्ने गर्दछ ।
- विकास जनचाहना अनरूप र जनसमुदायको अगुवाईमा कार्यक्रमहरू संचालन तथा लागू गर्नको लागि सशक्तीकरणका कार्यक्रहरू संचालन गर्दछ ।
- विकासका प्रत्येक गतिविधिहरूमा भौगोलिक र सांस्कृतिक विविधताले औंल्याएका अवसरहरू समेट्नका लागि यथासम्भव प्रयास गर्ने गर्दछ ।
- लक्षित समुदायका मानिसहरूमा सामुहिक भावना तथा स्वावलम्बन विकासको लागि चेतना अभिवृद्धि तथा संस्थागत विकासका कार्यक्रम सञ्चालन गरिनेछन् ।
- संस्थागत स्वायत्तता र संस्थाको बौद्धिक, नैतिक एवं वित्तिय अखण्डताको संरक्षण गर्दछ ।
- बदलिंदो परिप्रेक्ष्य अनसार संस्थागत कार्यनीतिहरू आवश्यकता अनुसार परिवर्तन गर्दछ ।

- गाउँपालिका, नगरपालिका तथा जिल्ला स्तरमा तालिम, कार्यशाला गोष्ठी, अन्तरक्रिया र सेमिनारहरूको आयोजना गरी सहभागितात्मक कार्य प्रणालीका अनुभवहरू आदानप्रदान गर्दछ।

## २.१० कार्य सञ्चालन पद्धतिः

### क) समुदायमा आधारित सशक्तिकरण कार्य पद्तीः

यसमा सबैभन्दा पहिले समुदायका व्यक्तिसंग सम्बन्ध राख्ने, विशेष गरी गरिब र सिमान्तकृतहरूसँग, निर्णयहरू र गतिविधिहरूमा उनीहरूमा पर्न सक्ने प्रभावलाई ध्यानमा राख्नुपर्छ, र उनीहरूलाई पूर्णतः सहभागी स्वस्चालित हुने बाताबरण बनाउनुका साथै सामाजिक बिकासका गतिविधिहरूमा उनीहरूको स्वामित्व अनुभूति गराउद छ।

### ख) मानव अधिकारमा आधारित कार्य पद्ती (HRBA):

मानव अधिकारहरूमा आधारित कार्य पद्तीले सेवाग्राहीको ज्ञान, सीपको आधारमा नविनतम सोच र परिबर्तनको अनुभूतिका साथै व्यक्ति तथा समुदायका सदस्यहरु आफ्नो अधिकारका लागि निर्णयकर्ताहरुलाई सूचित गर्न तथा सक्रिय नागरिकको भूमिका निर्बाह गर्न सक्षम बनाउन रुपान्तरित गर्दछ।

### ग) एकीकृत कार्यक्रम संचालन कार्य पद्तीः

सोसेक नेपालले गरिब र अति बिपन्न समुदायहरुमा केन्द्रित रही सरकारी कार्यक्रमसँग समन्वय र सहकार्य गर्न बिशेष प्राथमिकता र महत्व दिदै आफ्ना गतिविधिहरु संचालन गर्दछ। यसका साथै आफ्ना विद्यमान कार्यक्रम र परियोजनाहरूसँग परिपूरकको अवस्था सृजना गर्दै स्थानीय क्षमता र संसाधनहरूको अधिकतम उपयोग गर्ने गर्दछ।

### घ) सहभागिता र समावेशी कार्य पद्तीः

सोसेक नेपाल सरोकारवाला, सेवाग्राही र समुदायको सहभागितामा हाम्रो योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकनको चरणहरुमा सहभागितामूलक पद्तिबाट सहभागिता गर्दछ। हामी स्थानीय सरकारी निकायहरूलाई अति बिपन्न तथा सिमान्तकृत समुदायहरूलाई विभिन्न समूह तथा संस्थाहरूमा समावेश गर्न सहयोग गर्दछौं, र उनीहरुको स्थानीय संरचना तथा संस्थाहरुमा प्रभावकारी सहभागिताको लागि क्षमता बिकासमा सहयोग गर्दछौं।

### ङ) जलवायु न्याय र पर्यावरणीय दिगोपनाः

हामी आफ्ना सबै विकासका निर्णय र परिचालनमा आनीबानी परिबर्तन, उत्थानसिलता अभिबृद्धी र संकटासन्नता घटाउन पर्यावरण संरक्षण सम्बन्धी बिषय र गतिबिधि समावेश गर्ने अभियानमा प्रतिबद्द छौं जस अनुसार सबै कार्यक्रमहरूमा जलवायु अनुकुलनका ढांचा तथा बिधिहरू लागू गर्दछौं।

## २.११ सोसेकका विशेषज्ञताका क्षेत्रहरू :

सोसेकले स्थापना कालदेखि नै विभिन्न सहयोगी संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा विविध कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ। जसबाट वर्तमान परिवेशका बावजुद पनि सञ्चालित कार्यक्रमलाई प्रभावकारी रूपबाट लक्षित समुदायसम्म पुऱ्याउनका लागि स्थान तथा कार्यक्रम अनुसारको कार्यनीति अपनाई आफ्नो मूल्य र मान्यतामा अडिग रहेर कार्यक्रम कार्यान्वयन तथा सम्पादन गर्दै आईरहेको छ। जसले गर्दा सम्पादित कार्यक्रमहरू कार्यक्रममुखी नभएर लक्षित समुदायको लागि उन्मख भएका कारणले गर्दा सोसेकले आफूलाई निम्न क्षेत्रमा विशेषज्ञता हासिल गरेको ठानेको छ।

१. लैङ्गिक अवधारण र विकास
२. दलित अधिकार
३. बाल अधिकार, महिला अधिकार र युवा अधिकार
४. बाल अधिकार संरक्षण, सुशासन
५. मानवीय श्रोत विकास
६. स्वास्थ्य, गुणस्तरीय शिक्षा, औपचारिक तथा अनौपचारिक शिक्षा
७. खानेपानी तथा स्वास्थ्य सरसफाई
८. पूर्वाधार तथा सिंचाई व्यवस्थापन
९. उद्यम विकास तथा बजार अन्तर सम्बन्ध
१०. सामुदायिक संगठन र विकास
११. यौन तथा प्रजनन तथा एच.आई.भि./एड्स
१२. पाकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता
१३. द्वन्द्व व्यवस्थापन
१४. संस्थागत क्षमता अभिवृद्धि
१५. विपद् तथा जलवायु परिवर्तनका असर न्यूनीकरण

## २.१२ सोसकका नीति र दिशानिर्देशहरू

संस्थालाई सशासनतर्फ लैजान विभिन्न नीति तथा मार्गनिर्देशनहरू तयार भएका छन् । सोसेकमा नीति र दिशानिर्देशहरू निम्नानसार छन्ः

- विधान
- कर्मचारी प्रशासन नियामावली
- आर्थिक प्रशासन नियामावली
- रणनैतिक योजना
- साझेदारी नीति, संस्था व्यवस्थापन निर्देशिका
- कार्य सञ्चालनका आधारभूत मार्गनिर्देशन
- कार्यसमिति पदाधिकारीको कार्य विवरण
- समिति तथा उपसमितिहरूको कार्य विवरण
- कर्मचारीहरूको कार्य विवरण
- सेफ गार्डिङ्ग पोलिसी
- सवारी साधन संचालन तथा ब्यबस्थापन नियमावली
- तथ्यांक सुरक्षा नीति
- श्रोत परिचालन निर्देशिका, कमर्चारी अभिमुखिकरण नीति
- आन्तरिक संचार नीति
- जोखिम व्यवस्थापन कार्यदल सञ्चालन कार्यविधि
- आकष्मिक उद्धार कार्यदल सञ्चालन कार्यविधि
- बाल संरक्षण नीति
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति
- मिल निर्देशिका
- विपद् वा महामारीका समयमा संस्थाका कर्मचारीहरूले घरबाटै कार्यालयको कामगर्ने सम्बन्धी निर्देशिका
- प्राबिधिक परामर्श तथा ब्यबसायिक सेवा खरिद नियमावली
- द्वन्दको चासो सम्बन्धी नीति
- जिज्ञासा सुनुवाइ संयन्त्र व्यवस्थापन कार्यविधि
- ठगी, घुसखोरी तथा भष्ट्राचार विरुद्ध नीति

## २.१३ सस्थाको कार्य समितिको बनोट :

सोसेक नेपालको संस्थागत विकास, संस्थागत व्यवस्थापन तथा संस्थाद्धारा सञ्चालित परियोजना/कार्यक्रमहरूको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि संस्थाको विधानको परिच्छेद ६ को दफा १७ अनुसार ११ जनाको केन्द्रीय कार्य समितिको गठन गरिएको छ । उक्त कार्य समितिको चयन विधानमा उल्लेख भए बमोजिम प्रत्येक ३ बर्षमा हुने साधारण सभा था अधिवेशनबाट निर्वाचन तथा सर्वसम्मत विधिबाट चयन गर्ने गरिएको छ । यसरी कार्य समिति चयन हुने प्रक्रियाअनुसार गत वर्ष २०७८ साल भाद्र ११ गतेको २४ औं साधारण सभा तथा अधिवेशनबाट अध्यक्ष सहित ११ जनाको केन्द्रीय कार्य समिति चयन भएको छ। ११ जना केन्द्रीय कार्यसमितिको विवरण तथा जातीय र लैंगिक अवस्था तलको तालिका तथा चार्टमा देखाइए अनुसार रहेको छ।

### तालिका न. १ : संस्थाको केन्द्रीय कार्य समिति पदाधिकारीहरूको विवरण

२०८२ भाद्र ११ गतेको २८ औं साधारण सभा तथा अधिवेशनबाट अध्यक्ष सहित ११ जनाको केन्द्रीय कार्य समिति चयन भएको छ। ११ जना केन्द्रीय कार्यसमितिको विवरण तथा जातीय र लैंगिक अवस्था तलको तालिकामा देखाइए अनुसार रहेको छ।

| सि.नं. | पदाधिकारीको नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | मंजु कुमारी खड्का | डुंगेश्वर गाउंपालिका २, दैलेख | अध्यक्ष |
| २ | कविराज रिजाल | भैरवी गाउंपालिका १, दैलेख | उपाध्यक्ष |
| ३ | ललिता कुमारी भण्डारी | नारायण नगरपालिका ८, दैलेख | महासचिव |
| ४ | संगिता राना | नारायण नगरपालिका १, दैलेख | कोषाध्यक्ष |
| ५ | कमला शर्मा | नारायण नगगरपालिका ३, दैलेख | सचिव |
| ६ | मनसरा थापामगर | नारायण नगरपालिका ११, दैलेख | सदस्य |
| ७ | कमला कुमारी बादी नेपाली | नारायण नगरपालिका ६, दैलेख | सदस्य |
| ८ | दुर्गा गिरी वन सन्यासी | दुल्लु नगरपालिका ५, दैलेख | सदस्य |
| ९ | नवराज वि.सी. | भगवतीमाई गाउंपालिका ४, दैलेख | सदस्य |
| १० | लक्ष्मी भण्डारी | नारायण नगरपालिका १, दैलेख | सदस्य |
| ११ | सुजन न्योपाने | दुधपोखरी गाउंपालिका २, लमजुंग | विज्ञ सदस्य |

## २.१४ संस्थामा कार्यरत कर्मचारीहरूको विवरण :

सोसेक नेपालद्धारा संचालन गरिएका परियोजना तथा कार्यक्रमहरूको अनुगमन, मूल्यांकन तथा क्रियाकलापहरूको प्रभावकारी सञ्चालनका लागि सञ्चालित विभिन्न २० वटा परियोजना तथा कार्यक्रमहरूमा २५२ जना योग्य, दक्ष र अनुभवी कर्मचारीहरू कार्यरत रहेको छ । कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउनका लागि कर्मचारीहरूको क्षमता विकास, कोचिङ तथा सहजीकरणको माध्यमबाट सेवाग्राहीहरूमा प्राविधिक तथा सामाजिक विकासका गतिविधिहरू नियमित सञ्चालन गर्ने गरिएको छ । यसका साथै संस्थामा कार्यरत कर्मचारीहरूको अर्धवार्षिक तथा वार्षिक रूपमा कार्य दक्षता मूल्यांकन गरी कर्मचारीहरूको आवश्यक क्षेत्रमा क्षमता विकास तथा बढुवा, स्थानान्तरण, सम्मान तथा आवश्यक कारबाहीका पक्रियाहरू नियमित रूपमा कार्यान्वयन गरिने गरिएको छ । संस्थाद्धारा संचालित परियोजना तथा कार्यक्रमहरूमा आवद्ध कर्मचारीहरूको विवरण तलको तालिकामा देखाइएको छ ।

| सिनं. | परियोजनाको नाम | साझेदार नियकाय | कर्मचारीहरुको लैंगिक तथा जातिगत संख्या | | | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाती | | अन्य | | | |
| | | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | यौ.अ.सं. | |
| १ | सहयात्रा तेस्रो परियोजना | सेभ द चिल्ड्रेन | १ | | १ | ३ | १३ | १८ | | ३६ |
| २ | सुरक्षा र न्याय परियोजना | वेलायत सरकार/पीन नेपाल | ० | २ | २ | ३ | ३ | ८ | १ | १९ |
| ३ | शसक्त महिला संबृद्ध नेपाल | युएनएफपिए | ० | १ | १ | १ | २ | ७ | | १२ |
| ४ | संयुक्त पूनर्लाभ कार्यक्र योजना (वास) | युनिसेफ | ० | १ | १ | ० | १३ | २ | | १७ |
| ५ | संयुक्त पूनर्लाभ कार्यक्र योजना (संरक्षण) | युनिसेफ | ० | ० | ० | ० | ० | १६ | | १६ |
| ६ | नेपाल जिविकोपार्जन उत्थानशिल कार्यक्रम | कारितास नेपाल | १ | १ | ० | ० | ० | ० | | २ |
| ७ | ग्रीन इकोनोमी एक्सीलरेटर | आइएम स्वीडिस | ० | ० | ० | १ | २ | ० | | ३ |
| ८ | हातेमालो परियोजना | सिबिएम ग्लोबल | ० | १ | १ | १ | ७ | ९ | | १९ |
| ९ | एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम | हेल्भेटास नेपाल | ० | १ | ० | ० | १३ | ३ | | १७ |
| १० | एलजिबिटिआईक्यू परियोजना | सेभ द चिल्ड्रेन | ० | ० | ० | ० | ० | १ | १ | २ |
| ११ | पिसिएसपीएरआइक्यूइ | वर्ल्ड भिजन इन्टरनेशनल नेपाल | ० | ० | ० | ० | ८ | ५ | | १३ |
| १२ | सहकार्य परियोजना | एइआईएन लक्जेम्बर्ग | ० | १ | १ | ० | ४ | ६ | | १२ |
| १३ | बिहानी परियोजना | एइआईएन लक्जेम्बर्ग | ० | २ | ० | ० | ० | ५ | | ७ |
| १४ | आधार परियोजना | एइआईएन लक्जेम्बर्ग | ० | ३ | ० | १ | २ | १० | | १६ |
| १५ | राउटे परियोजना | एइआईएन लक्जेम्बर्ग | ० | ० | ० | ० | २ | ४ | | ६ |
| १६ | ग्रीन कर्णाली परियोजना | डिसिए नेपाल | ० | ० | १ | १ | २ | ० | | ४ |
| १७ | बालिका सशक्तिकरण परियोजना | युनिसेफ | ० | १ | ० | १ | ४ | ४ | | १० |
| १८ | संयुक्त पूनर्लाभ वास परियोजना | स्लामिक रिलिफ | १ | १ | १ | ० | ७ | ३ | | १३ |
| १९ | सामाजिक व्यवहार परिवर्तन परियोजना | युनिसेफ | १ | ० | ० | १ | ८ | २ | | १२ |
| २० | सेफ हाउस/बाल हेल्पलाईन | सोसेक नेपाल | ० | १ | ० | ० | ० | ० | | १ |
| २१ | सेयरीङ्ग कर्मचारी | सोसेक नेपाल (सबै परियोजना) | १ | ० | १ | १ | ७ | ५ | | १५ |
| जम्मा | | | ५ | १६ | १० | १४ | ९७ | १०८ | २ | २५२ |

## २.१४ संस्थाका साझेदार नियकाहरु :

आर्थिक वर्ष २०८१/०८२ मा, सोसेक नेपालले विभिन्न साझेदार निकायहरूको सहयोगमा २० वटा विभिन्न परियोजना तथा कार्यक्रमहरू संचालन गरेको छ। संस्थाको कार्यक्षेत्र पश्चिमी नेपालका कूल दश जिल्लाहरूमा विस्तार भएको छ। यी मध्ये अधिकांश कार्यक्रमरपरियोजनाहरु कर्णाली प्रदेशका सात जिल्लाहरू, जस्तै दैलेख, सुर्खेत, कालिकोट, पश्चिम रुकुम, जुम्ला, जाजरकोट, र राउटे आवासीय क्षेत्रहरूमा केन्द्रित छन् भने यसका अतिरिक्त, सोसेक नेपालले लुम्बिनी प्रदेशका दुई जिल्लाहरू दाङ र कपिलवस्तु, र सुदूरपश्चिम प्रदेशको एक जिल्ला अछाममा काम गरिरहेको छ। कार्यक्रमरपरियोजनाहरु सेभ द चिल्ड्रेन, पिन नेपाल, यूएनएफपीए, युनिसेफ, कारितास नेपाल, आईएम स्वीडेश, सीबीएम ग्लोबल, हेल्भेटास नेपाल, डब्लूभीएन, एईआईएन, डीसीए, इस्लामिक रिलिफ लगायत विभिन्न दाताहरूको समूह र MoSd तथा NCRC जस्ता सरकारी निकायहरूसँगको साझेदारी तथा सहकार्यमा संचालन गरिएको छ।

| सिनं. | परियोजनाको नाम | साझेदार नियकाय | परियोजना क्षेत्र |
|---|---|---|---|
| १ | सहयात्रा तेस्रो परियोजना | सेभ द चिल्ड्रेन | चामुण्डाबिन्द्रासैनी नपा, दैलेख |
| २ | सुरक्षा र न्याय परियोजना | वेलायत सरकार/पीन नेपाल | वीरेन्द्रनगर र भेरीगंगा नपा, सुर्खेत |
| ३ | शसक्त महिला संबृद्ध नेपाल | युएनएफपिए | दैलेख, सुर्खेत र कालिकोट |
| ४ | संयुक्त पूनर्लाभ कार्यक्र योजना (वास) | युनिसेफ | पश्चिम रुकुम |
| ५ | संयुक्त पूनर्लाभ कार्यक्र योजना (संरक्षण) | युनिसेफ | पश्चिम रुकुम |
| ६ | नेपाल जिविकोपार्जन उत्थानशिल कार्यक्रम | कारितास नेपाल | भगवतीमाई गापा, दैलेख |
| ७ | ग्रीन इकोनोमी एक्सीलरेटर | आइएम स्वीडिस | दाङ्ग, कपलिवस्तु, लुम्बिनी प्रदेश |
| ८ | हातेमालो परियोजना | सिबिएम ग्लोबल | दैलेख |
| ९ | एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम | हेल्भेटास नेपाल | दैभेख |
| १० | एलजिबिटिआईक्यू परियोजना | सेभ द चिल्ड्रेन | गुरांस गापा, दैलेख र वीरेन्द्रनगर नपा सुर्खेत |
| ११ | पिसिएसपीएरआइक्यूइ | वर्ल्ड भिजन इन्टरनेशनल नेपाल | भगवतीमाई गापा, दैलेख |
| १२ | सहकार्य परियोजना | एइआईएन लक्जेम्बर्ग | ठांटीकांध गाउंपालिका, दैलेख |
| १३ | बिहानी परियोजना | एइआईएन लक्जेम्बर्ग | वीरेन्द्रनगर नपा, सुर्खेत र चन्दननाथ नपा जुम्ला |
| १४ | आधार परियोजना | एइआईएन लक्जेम्बर्ग | दैलेख र कालिकोट |
| १५ | राउटे परियोजना | एइआईएन लक्जेम्बर्ग | राउटे बासस्थान क्षेत्र, कर्णाली प्रदेश |
| १६ | ग्रीन कर्णाली परियोजना | डिसिए नेपाल | दैलेख र अछाम |
| १७ | बालिका सशक्तिकरण परियोजना | युनिसेफ | दैलेख र सुर्खेत |
| १८ | संयुक्त पूनर्लाभ वास परियोजना | स्लामिक रिलिफ | जाजरकोट |
| १९ | सामाजिक व्यवहार परिवर्तन परियोजना | युनिसेफ | सुर्खेत, दैलेख |
| २० | सेफ हाउस/बाल हेल्पलाईन | सोसेक नेपाल | कर्णाली प्रदेश |

# भाग-३

# आर्थिक वर्ष २०८१/०८२ का मुख्य उपलब्धीहरू

सोसेक नेपालले कर्णाली प्रदेश लगायत लुम्बिनी र सुदुर पश्चिम प्रदेशका विभिन्न जिल्लाका गामीण समुदायमा बसोबास गर्ने पिछडिएका समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिमा सुधारका लागि विभिन्न निकायको सहकार्य र सहयोगमा विभिन्न परियोजना/कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। जसका आ-आफ्नै विषय वस्तुहरू छन्। विशेषगरी सोसेक नेपालले तल उल्लेख भएबमोजिमका विषयगत क्षेत्रहरूलाई आधार मानी आफ्ना गतिविधिहरूलाई सञ्चालन गर्दै आएको छ :

क. असमानताको बिरुद्ध पैरवी
ख. बाल समृद्धि
ग. जिवनोपयोगी सीप र समावेशी शिक्षा
घ. उत्थानशिल जीविकोपार्जन
ङ. सुरक्षा र जीवन रक्षा
च. खानेपानी, स्वास्थ, सरसफाई तथा पोषण

सोसेकले सरोकारवाला निकायहरूसंगको समन्वय र सहयोगमा सहयोगी सामाग्रीलाई भन्दा सीपलाइ प्राथमिकता दिई समुदायको वास्तविक आवश्यकता अनुसार मानव अधिकारको प्रवर्धन र संरक्षण, स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रको थप विकास गर्ने मूख्य उद्देश्य लिएको छ। विकासको अङ्गका रूपमा गरिब पक्षबाट गरिब पक्षको उत्थान नै उत्तम हुने विश्वास अनुसार र सोसेकले स्थानीय स्रोत साधन, स्थानीय सीप परिचालन गरी आफ्नै कार्यशैली अपनाउँदै कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

मानव अधिकार, स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रलाई दिगो विकासको रूपमा रूपान्तरित गर्न सरोकारवाला निकाय र समूह, सहकारी, स्थानीय नागरिक समाज संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने संस्थाको मूख्य उद्देश्य रहेकोले यस संस्थाले आफ्ना गतिविधिमा अघि बढ्दै आफ्नो उद्देश्यसँग मेल खाने समुदायका वास्तविक आवश्यकताहरू परिपूर्ति गर्न र समुदायलाई प्राथमिकतामा राखी काम गर्ने गरेको छ। वस्ती, समुदायमा प्रवेश गर्न चाहने सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा सोसेक

नेपालले स्थानीय श्रोत र सीपको आधारमा गरिबी निवारण, मानव अधिकार सुनिश्चितता, विपद् तथा जलवायु जोखिम न्यूनीकरण र पूर्वाधार विकास क्षेत्रका लागि स्रोतसाधन उपलब्ध गराउन विशेष चासो राखेको छ। यसले विभिन्न कार्यशैलीका माध्यमबाट जनताको सहभागितामा आमिट छाप पार्दै समुदायको विकासका लागि समुदाय थप सजग र जिम्मेवार हुनुपर्छ भन्ने आधारभूत संयन्त्रको नेतृत्व गरेको छ र कार्यक्रमको भावनालाई प्रवर्धन गर्ने गतिविधिलाई विकास गर्न नेतृत्व गरेको छ।

आर्थिक वर्ष ०८१/८२ मा विभिन्न साझेदार निकाय संगको साझेदारी र समन्वयमा विभिन्न २० कार्यक्रम/परियोजनाबाट २७ हजार ९ सय २० घरधुरीका १ लाख ११ हजार ९ सय ७८ जना प्रत्यक्ष लाभान्वित भएका छन्। आर्थिक वर्ष २०८१/०८२ को संस्थाको बिषयगत क्षेत्र अनुसार वार्षिक उपलब्धी तल प्रस्तुत गरिएको छ।

### ३.१ असमानताको बिरुद्ध पैरवी :

नेपालले सेप्टेम्बर २०१५ मा आफ्नो नयाँ संविधान जारी गर्‍यो, जसमा यसले सबै प्रकारका भेदभाव उन्मुलन, समतामुलक र समावेशी समाजको निर्माणर आर्थिक

समानता, समृद्धि र सामाजिक न्याय हासिल गर्ने प्रतिबद्धता जनाएको थियो । सोही महिनामा, संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले असमानता विरुद्ध लड्न, न्यायपुर्ण र समावेशी समाज निर्माण, मानव अधिकारको संरक्षण र लैङ्गिक समानता प्रवर्द्धन गर्ने संकल्प गर्दै दिगो विकासका लागि २०३० एजेन्डा अपनाए। त्यस एजेन्डामा तोकिएका १७ दिगो विकास लक्ष्यहरू (SDGs) मा सन् २०३० सम्म लैङ्गिक समानता हासिल गर्ने समावेश छ। दिगो वकास लक्ष्यहरू : स्थिति र मार्गचित्र-२०१६-२०३० मा नेपालको राष्ट्रिय योजना आयोग (एनपीसी)ले एसडीजीहरू बीचको पङ्क्तिबद्धतामा जोड दिएको छ। नेपालको संविधानमा उल्लेखित नागरिकको अधिकार र देशलाई समतामुलक मध्यम आय भएको देशमा द्रुत रूपमा रूपान्तरण गर्ने रोडम्याप अनुसार प्रतिवेदनले (१) नेपालको विकासको अवस्थालाई विचार गर्दै दिगो विकास लक्ष्य हासिल गर्नका लागि सम्बोधन गर्नुपर्ने अवसर र चुनौतीलाई उजागर गरेको छ। (२) बिश्वसनीय तथ्यांकको साथ एक बलियो निगरानी प्रणालीको आवश्यकतालाई मान्यता दिइएको छ, (३) अलग अलग तथ्यांक (लिंग, उमेर, जातीयता, अशक्तता, स्थान, प्रशासनिक एकाइहरू, र सम्पत्ती) को आवश्यकता सहित कोही पनि पछाडि नपरोस् भनेर सुनिश्चित गर्ने । तथ्यांक बिना विभिन्न महिला समूहहरू लगायत विभिन्न प्रकारका भेदभाब तथा असमानता र हिंसामा परेका महिलाहरुको असमानताहरु प्रष्ट रुपमा देख्न सकिंदैन। महिला र बालिकाहरूको प्रगति अनुगमन गर्न गुणस्तर र तुलनात्मक लैङ्गिक तथ्याङ्कहरूको सङ्कलन आवश्यक छ। यो प्रतिवेदनले दिगो विकास लक्ष्य लागू भएको पाँच वर्षपछि (र बेइजिङ प्लेटफर्म फर एक्सन ४) को पाँच वर्षपछि नेपालमा लैङ्गिक समानताको अवस्था परीक्षण गर्ने उद्देश्यले लैङ्गिक सम्बन्धी दिगो विकास लक्ष्य र नेपालमा महिला तथा बालिकाको अवस्थासँग सम्बन्धित महत्वपूर्ण सूचकहरूका लागि तथ्याङ्क संकलन गर्दछ । सन् २०२१ मा लैङ्गिक समानता हासिल गर्ने दिशामा भएका प्रगति र चुनौतीका बारेमा विस्तृत परिमाणात्मक र गुणात्मक विश्लेषणसहित नेपालका लागि कन्ट्री जेन्डर इक्वेलिटी प्रोफाइल (CGEP) प्रकाशन गरिएको छ।

नेपाल संस्कृति, जातजाति र सामाजिक-आर्थिक असमानतामा विविधता भएको क्षेत्र हो। यहाँ असमानता, गरीबी, र भेदभावले जरा गाडेको भौगोलिक परिदृश्य पनि छ। यी जटिल मुद्दाहरूलाई सम्बोधन गर्नका लागि बहुआयामिक दृष्टिकोण र सोचको खाँचो छ, जसमा समुदाय वा तल्लो स्तरका प्रयासहरू र प्रणालीगत परिवर्तनहरूको आबश्यकता छ । सोसेक नेपालले यी मुद्दाहरूमा सकारात्मक सहजीकरण र समाधानका लागि निम्न रणनीतिहरू कार्यान्वयन गरिरहेको छः

**(क) समुदायमा आधारित पहलहरूः**

(१) सचेतना अभिवृद्धिः असमानता र भेदभावको बारेमा सचेतना जगाउन कार्यशाला, सेमिनार र सामुदायिक बैठकहरू आयोजना गर्ने ।

(२) महिला सशक्तिकरणः शिक्षा, सीप विकास र वित्तीय साक्षरता कार्यक्रम मार्फत महिला सशक्तिकरण गर्ने ।

(३) अन्तर-जातीय र अन्तरजातीय संवादको प्रवर्द्धनः अवरोधहरू तोड्न विभिन्न सामाजिक समुहहरूबीच संवाद र समझदारीलाई बढावा दिने।

(४) स्व-सहायता समूहहरूलाई समर्थन गर्दै : सीमान्तकृत समुदायहरूलाई आर्थिक र सामाजिक सहायता प्रदान गर्न स्व-सहायता समूहहरूलाई सहजिकरण गर्ने।

**(ख) सरकारी सरोकारवालाहरूसँगको सहकार्यः**

(१) भेदभाव रहित नीतिहरू लागु गर्नेः सीमान्तकृत समूहहरूलाई संरक्षण गर्ने र भेदभावपुर्ण अभ्यासहरूलाई दण्डित गर्ने कानुनहरूलाई कडाइका साथ लागु गराउन आवश्यक पैरवी गर्ने।

(२) समावेशी विकास नीतिहरूः सकारात्मक कार्य, उपायहरू सहित सीमान्तकृत समुदायका आवश्यकता हरूलाई प्राथमिकता दिने नीतिहरू कार्यान्वयन गर्न सहजिकरण गर्ने।

(३) शिक्षा र स्वास्थ्य सेवामा लगानीः सीमान्तीकृत समूहहरूको लागि शिक्षा र स्वास्थ्य सेवामा लगानीमा सबैको पहुँचमा सुधार गर्न पैरवी र सहजिकरण गर्ने।

(४) स्थानीय शासनको सुदृढीकरणः स्थानीय



सरकारहरूलाई स्थानीय समस्याहरू सम्बोधन गर्न र स्रोतको न्यायोचित वितरण सुनिश्चित गर्न सशक्त बनाउनका लागि सहकार्य र सहयोग गर्ने ।

यस आर्थिक वर्षमा ५९४२ घरधुरीका महिला १०५८२, पुरुष ७१७८, बालिका २७७९, बालक २७२७ यौनिक अल्पसंख्यक ५३, अपांगता भएका ८१, र एकल महिला ३०७ जना प्रत्यक्ष लाभान्वित भएका छन् भने दलित १०२७१, जनजाति १६४४, अन्य ११४२५ र राउटेको १९६ जनसंख्या समेटिएको छ । यस आर्थिक वर्षका प्रमुख प्रगतिहरू देहायबमोजिम छन् :

- खाडाचक्र र नारायण नगरपालिका, शुभाकालिका र सानीभेरी गाउँपालिका तथा बिरेन्द्रनगर नगर पालिकाका १८ विद्यालयमा १०२० किशोर किशोरीलाई रुपान्तरण कक्षा संचालन गरिएको छ । सहभागीका १९७९ परिवार सदस्यसँग पारिवारिक संवाद र ८८० सदस्यसँग अन्तर्पुस्ता संवाद गरिएको थियो । यसले लैंगिक मैत्री व्यवहार र निर्णय प्रक्रियामा सुधार ल्याएको छ । कार्यक्रम सहजीकरणका लागि ६६ सहजकर्ता, ३० समुदाय सहजकर्ता र ४८ लैंगिक हिंसा च्याम्पियनलाई तालिम दिइ परिचालन गरिएको छ ।
- खाडाचक्र, नारायण, शुभाकालिका, सानीभेरी र बिरेन्द्रनगरमा हिंसा रोकथाम सञ्जाल गठन गरी त्रैमासिक बैठक र स्रोत नक्सांकन गरिएको छ । लैंगिक विभेद कम गर्न २११ धार्मिक/सामाजिक अगुवा, ४२२ संघसंस्थाका सदस्य र ३३ चेन्ज एजेन्ट परिचालन गरिएको छ, जसले हिंसा रोकथाम र प्रतिकार्यमा सहयोग पुऱ्याएको छ । OCMC, सेफ हाउस, प्रहरी, सरकारी वकिलको कार्यलयमा सेवा लिन आउनेको संख्या बढेको छ । बिरेन्द्रनगरमा सेफ हाउस र नारायण नगरपालिकामा लैंगिक हिंसा निवारण कोष कार्यविधि अनुमोदन भएको छ ।



- खाडाचक्र, नारायण, शुभाकालिका, सानीभेरी र बिरेन्द्रनगरका ३६ शिक्षकलाई ५ दिने वृहत यौनिकता शिक्षा तालिम दिइएको छ । तालिमप्राप्त शिक्षकहरूले १५ विद्यालय र समुदायमा यौन तथा प्रजनन् स्वास्थ्यबारे जानकारी दिइरहेका छन् । ५ पालिकाका ६ विद्यालयमा स्थापित किशोरकिशोरी मैत्री सूचना कक्षबाट ११४ जनाले सेवा लिएका छन् । SMC/ PTA र किशोर किशोरीहरु मैत्री सूचना कक्ष व्यवस्थापन समिति लगायत १५ विद्यालयमा बाल क्लब परिचालन गरी यौन स्वास्थ्य, हिंसा र दुर्व्यसनीबारे जानकारी दिन सहज भएको छ ।
- खाडाचक्र, नारायण, शुभाकालिका, सानीभेरी र बिरेन्द्रनगरमा पालिकाहरूले सरकारी नीति र दिगो विकास लक्ष्य अनुसार लैंगिक हिंसा अन्त्य, परिवार योजना र मातृ मृत्यु रोकथामका कार्यक्रमलाई आफ्नो नीतिमा समावेश गरेका छन् । सो कार्यान्वयनका लागि सोसेक नेपाल र पालिकाहरूबीच लागत साझेदारीमा सम्झौता भई कार्यक्रम सञ्चालन भइरहेको छ, जसले लैंगिक समानता र सामाजिक समावेशीकरणलाई

प्रवर्द्धन गर्न शुरु भएको छ।

- जुम्लाको चन्ददाननाथ र सुर्खेतको वीरेन्द्रनगर नगर पालिकाहरूमा १०० महिलालाई नेतृत्व विकास, ५४० लाई हिंसा सचेतना र १०२० लाई हानिकारक अभ्यास विरुद्ध तालिम दिइएको छ। साथै ६१८ जना महिला र पुरुष कार्यबोझ विश्लेषणमा सहभागी भए अनुसार ४५% महिलाले समूहको नेतृत्व गरेका छन्, हिंसा न्यूनीकरण अभियानमा सामेल भएका छन् र परिवारमा महिलाको कार्य बोझ घटेको छ।



- दुल्लु र चौकुनेमा जोखिममा रहेका ९४० किशोरीहरूका लागि ३० समूह गठन गरी २७ वटा रुपान्तरण कक्षा सञ्चालन गरिएको छ। र पितृसत्तात्मक सोच, अन्धविश्वास र हानिकारक सामाजिक मूल्य मान्यता सम्बन्धी १,०४० समुदायका व्यक्तिलाई अभिमुखीकरण पश्चात छुवाछुत तथा छाउपडी जस्ता कुरीतिमा कमी आउन थालेको छ।
- नारायण र दुल्लु नगरपालिका तथा भैरवी र नौमुले गाउँपालिकामा ६५ स्वाबलम्बन समूह गठन गरिएको छ। समूहका १,०१६ सदस्य (७६० अपाङ्गता भएका र १३९ सहयोगी) लाई नेतृत्व र योजना प्रक्रियाबारे अभिमुखीकरण गरिएको छ। जस अनुसार उनीहरुको पहलमा पालिकाको योजना प्रक्रियामा समावेशी बजेट अन्तर्गत ६ लाख रुपैयाँ विनियोजन गराउन सफल भएका छन्।
- नारायण र दुल्लु नगरपालिका तथा भैरवी र नौमुले गाउँपालिकाहरुमा अपांगता समन्वय समिति सक्रिय बनाएको छ, जसमा १३ जना अपांगता भएका व्यक्तिसहित ६८ जना सहभागी छन्। यी समितिहरूले अपांगता पहिचान र अपांगता भएका व्यक्तिहरूले भोगेका समस्याहरू समाधान गर्न ध्यान केन्द्रित गरेका छन् र समूह दर्ता प्रक्रिया पालिकामा थालनी गर्न शुरु गरेका छन्।
- नारायण र दुल्लु नगरपालिका तथा भैरवी र नौमुले गाउँपालिकाहरुमा अपाङ्गता अधिकार र स्थानीय सेवाबारे स्वाबलम्बन समूहका लागि ६५ सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। परिणामस्वरुप, ९४ अपाङ्गता भएका व्यक्तिले परिचयपत्र पाएक छन्, २६ प्रक्रियामा छन्, १० बालबालिका बाल क्लबमा र ८ सदस्य उपभोक्ता समितिमा संलग्न भएका छन्।
- संस्था र LGBTIQ समुदायको संयुक्त पैरवी मार्फत कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले संचालन गरेको LGBTIQ बारे अन्तरक्रिया आयोजना पश्चात गुराँस गाउँपालिकाले आय आर्जनमा सघाउने र बिरेन्द्रनगरले १ लाखको कार्यक्रम लागू गरी LGBTIQ द्वारा सञ्चालित व्यवसायमा १०% कर छुट दिने प्रतिबद्धता जनाएको छ।
- चामुण्डा बिन्द्रासैनी नगरपालिकाका ३५ शिक्षकहरूलाई बृह यौनिक शिक्षा (CSE), परिमार्जित पाठ्यपुस्तक र शिक्षक मार्गदर्शन





सम्बन्धी तालिम, २११ जना सरोकारवालाहरू (LCRC, WCRC, CSO, शिक्षक, बालबालिका, परिवार, SMC, स्वास्थ्यकर्मी, PTA) लाई यौनिक विविधता र पहिचानसम्बन्धी अभिमुखीकरण संचालन भएको छ, जसले समुदायस्तरमा सचेतना र स्वीकृति बढाएको छ।

- गुराँस गाउँपालिकाका ३१ विद्यालयले SIP (विद्यालय सुधार योजना) मा LGBTIQ का अधिकार र आचारसंहितामा मुद्दा समेटेका छन् । यसका साथै, २२ बाल क्लबरूले आफ्ना वार्षिक योजनामा LGBTIQ मुद्दा समावेश गरेका छन्, जसले बाल सहभागिता र संवेदनशीलता बढाएको छ।
- यस अबधिमा ३ जना LGBTIQ युवाहरू अहिले विद्यालय तथा समुदायमा अभिमुखीकरण सत्र (१५ वटा) र वेब सिरिज स्क्रिनिङ क्याम्प सञ्चालनमा अग्रमोर्चामा देखिएका छन्, जसले सशक्तीकरण र सकारात्मक आत्मपहिचानको अभ्यासलाई बल दिन थालेको छ।



- दैलेख सुर्खेत, कालिकोट जुम्ला र सुर्खेत जिल्ला लगायत छिमेकी जिल्लाका गरी १०३१ लैंगिक हिंसा प्रभावित र जोखिममा रहेका महिला तथा बालबालिकाहरुले सुरक्षित महिला आवास केन्द्र र बाल हेल्प लाइनबाट सेवा लिनुका साथै बहुपक्षीय सेवा लिएका छन् । जसमध्ये १८ जना बाल बालिकाहरुलाई उद्दार तथा राहत उपलब्ध गरिएको छ। ति मध्ये ३६६ जनालाई परिवारमा पुनर्स्थापना गरिएको छ जसमा १७ जना बालबालिका छन् ।
- स्थानीय सरकार, साझेदार संघ संस्थासंगको समन्वयमा १६१ जना लैंगिक हिंसा प्रभावितहरुलाई व्यवसाय विकास र व्यावसायिक तालिम दिइ बिउ पुजी पनि उपलब्ध गराइयको छ । जसमध्ये ३० जनाले ब्यबसाय सुरु गरिरहेका छन् ।



- ३ जना बालबालिकालाई दिर्घकालिन बालगृह काठमान्डौमा प्रेषण गरी व्यवस्थापन गरिएको छ र अहिले उनिहरुको अवस्था राम्रो रहेको छ, भने १२१ जनाको लागि कानुनी सहायता उपलब्ध गराइएको छ । निजहरु मध्य ६४ केस दर्ता भएको मा ३१ केसको फैसला भइ न्याय पाएका छन् । ३० जना बालबालिकाहरुलाई शैक्षिक सामग्री उपलब्ध गरिएको छ ।
- दैलेखको भैरवी गाउँपालिका र कालीकोटको खाँडाचक्र नगरपालिकाका ४,५३४ किशोरकिशोरी, युवा र महिलाहरु लैंगिक हिंसाविरुद्धको अभियानमा

सहभागी भएका छन् साथै १,००० महिलालाई महिला अधिकारको बारेमा अभिमुखीकरण गरिएको छ।

- १९ वटा CBO (भेरीगंगा-१० र वीरेन्द्रनगर-९) मा लैङ्गिक रूपान्तरणकारी सामाजिक मूल्य मान्यता सम्बन्धी सत्र ३५१ जना (महिला-११०, पुरुष-९, लैंगिक अल्पसंख्याक व्यक्ति-८ र अपांगता भएका व्यक्ति-३२) लाई सञ्चालन गरिएको छ।

### ३.२ बाल समृद्धि :

बाल अधिकार महासन्धिमा हस्ताक्षर भएको ३० वर्षमा नेपालले बाल अधिकारको क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल गरेको छ । यस अवधिमा गरिबी निवारणमा उल्लेख्य कमी आएको छ, शिक्षा, स्वच्छ खानेपानी र सरसफाइमा पहुँच बढेको छ, र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर घटेको छ । साथै, बाल बालिकामा पुड्कोपनको समस्या घट्नुले पोषणमा भएको सुधारलाई देखाउँछ । यद्यपि, गम्भीर चुनौतीहरू कायमै छन् । हामीले बालबालिकाको मानसिक स्वास्थ्यमा ध्यान दिन आवश्यक छ, किनकि विश्व स्वास्थ्य संगठनका अनुसार ८ मध्ये १ बालबालिका मानसिक वा शारीरिक दण्डको शिकार भएका छन् र दक्षिण एसियामा नेपाल किशोर-किशोरीको आत्महत्या दरमा दोस्रो स्थानमा छ । यसका साथै, वायु प्रदूषण र जलवायु परिवर्तन जस्ता नयाँ मुद्दाहरूले बालबालिकाको जीवन र बौद्धिक क्षमतामा गम्भीर असर पारिरहेका छन् । यी चुनौतीहरूलाई सम्बोधन नगरी दिगो विकास लक्ष्यहरू हासिल गर्न सकिँदैन ।

तसर्थ, हरेक बालबालिकाको अधिकार सुरक्षित गर्ने लडाइँ जारी छ । यसका लागि सबैको भूमिका आवश्यक छ, जसमा जन्मदर्ता सुनिश्चित गर्ने; खोपसहित गुणस्तरीय स्वास्थ्य सेवा र पौष्टिक भोजनको पहुँच; मानसिक तथा शारीरिक हिंसा र शोषणबाट सुरक्षा; गुणस्तरीय शिक्षा; र विशेषगरी कमजोर बालबालिकाका लागि सामाजिक सुरक्षा समावेश छन् । साथै, उनीहरूलाई आफ्नो जीवन र समाजलाई असर गर्ने निर्णयहरूमा सहभागी हुन र आवाज उठाउन सशक्त बनाउनुपर्छ ।

ग्रामीण नेपालका बालबालिकाको समृद्धि सुनिश्चित गर्न उनीहरूको शारीरिक, मानसिक र सामाजिक आवश्यकतालाई सम्बोधन गर्ने समग्र दृष्टिकोण चाहिन्छ । सोसेक नेपालले यी मुद्दाहरूमा सकारात्मक सहजीकरण र समाधानका लागि निम्न रणनीतिहरू कार्यान्वयन गरिरहेको छः

#### (क) शिक्षा र सीप विकास

(१) विद्यालय पहुँच र अवधारण : दुर्गम क्षेत्रहरूमा विद्यालयहरूको निर्माण र मर्मतसम्भार, जोखिममा परेका बालबालिकाहरूलाई छात्रवृत्ति र आर्थिक सहायता उपलब्ध गराउने र प्रारम्भिक बाल विकास कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

(२) गुणस्तरीय शिक्षा : प्रभावकारी निर्देशन दिन शिक्षकहरूलाई तालिम दिने, पर्याप्त सिकाइ सामग्री र पूर्वाधार उपलब्ध गराउने, बालमैत्री सिकाइ वातावरणको प्रवर्द्धन गर्ने ।

(३) व्यावसायिक तालिम : किशोरकिशोरीहरूलाई रोजगारीका अवसरहरूका लागि व्यावहारिक सीपहरू प्रदान गर्ने, युवा उद्यमशीलता पहलहरूलाई प्राथमिकता दिने ।

#### (ख) स्वास्थ्य र पोषणः

(१) स्वास्थ्य सेवामा पहुँच सुधार : ग्रामीण क्षेत्रमा स्वास्थ्य क्लिनिक र घुम्ती स्वास्थ्य इकाईहरू संचालन व्यवस्थापन, खोप सेवा र रोकथाम स्वास्थ्य सेवा प्रदान गर्दै, मातृ र बाल स्वास्थ्य प्रवर्द्धन गर्ने ।

(२) पोषण कार्यक्रमः कुपोषित बालबालिकाका लागि पूरक आहार कार्यक्रम लागू गर्ने, स्वस्थ खाने बानी र खाद्य सुरक्षा प्रवर्द्धन गर्ने, सूक्ष्म पोषक तत्वको कमीलाई सम्बोधन गर्ने ।

#### (ग) बाल संरक्षण र कल्याण :

(१) बाल अधिकार सचेतनाः बालअधिकारको बारेमा समुदायलाई शिक्षित गर्न, बालबालिकालाई आफ्नो अधिकार पहिचान गर्न र दाबी गर्न सशक्तिकरण गर्न सचेतना अभियानहरू सञ्चालन गर्ने ।

(२) बाल संरक्षण समितिहरूः समुदायमा आधारित

बाल संरक्षण समितिहरूको स्थापना र सुदृढीकरण, बाल दुर्व्यवहार, बेवास्ता र शोषणका घटनाहरूको रिफर र आवश्यक सहयोग गर्ने ।

(३) बाल श्रम रोकथामः बालश्रमको विकल्पको रूपमा शिक्षाको प्रवर्द्धन गर्दै, बाल श्रम कानून र नियमहरू लागू गर्न सहजिकरण गर्ने ।

**(घ) सामुदायिक संलग्नता र सशक्तिकरण :**

(१) अभिभावक-शिक्षक संघहरू : अभिभावक, शिक्षक र समुदायहरू बीचको साझेदारीलाई बढावा दिने, बालबालिकाको शिक्षामा अभिभावकको संलग्नतालाई प्रोत्साहन गर्न सहिजकरण गर्ने ।

(२) समुदायमा आधारित संस्थाहरूः बालबालिकाको अधिकार र कल्याणका लागि काम गर्ने स्थानीय संस्थाहरूसंग समन्वय गर्ने, कार्यक्रमहरू कार्यान्वयन गर्न गैरसरकारी संस्थाहरू र सरकारी निकायहरूसँग सहकार्य गर्ने ।

**(ङ) जोखिममा परेका समूहहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्दैः**

(१) अपाङ्गता भएका बालबालिकाहरूः समावेशी शिक्षा र पुनर्स्थापना सेवाहरू प्रदान गर्ने, अपाङ्गता अधिकार र चेतनाको प्रवर्द्धन गर्ने ।

(२) आदिवासी बालबालिका : सांस्कृतिक पहिचान र भाषाको संरक्षण गर्दै, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने ।

(३) पिछडिएका पृष्ठभूमिका बालबालिकाहरूः गरिबी, बेचबिखन र बसाईंसराइ जस्ता समस्याहरूलाई सम्बोधन गर्दै सीमान्तकृत समुदायका बालबालिकाहरूलाई लक्षित सहायता प्रदान गर्ने ।

यस आर्थिक वर्षमा ५४९२ घरधुरीका बालिका ४६५०, बालक ४४७०, यौनिक अल्पसंख्यक ११, अपांगता भएका ७५२ जना बालबालिका प्रत्यक्ष लाभान्वित भएका छन् भने दलित २८०९, जनजाति १५४०, अन्य ४७११ र राउटेको ६० बालबालिका समेटिएको छ । जस अनुसार यस आर्थिक वर्षका प्रमुख प्रगतिहरू देहायबमोजिम छन् :



- भगवतीमाई गाउँपालिकाका ०-१८ वर्ष उमेर समूहका जम्मा ३,०३१ बालबालिका दर्ता मध्ये २,१८२ जना बालबालिकाहरु प्रायोजित छन् । प्रणालीमा औपचारिक रूपमा दर्ता भएपछि, उनीहरूको शिक्षा, स्वास्थ्य, संरक्षण, र सहभागिता सम्बन्धी अधिकार सुनिश्चित गर्न लक्षित सेवाहरू प्रदान गर्न सजिलो भएको छ ।
- भगवतीमाई गाउँपालिकामा आयोजित पालिका स्तरीय बाल सम्मेलन कार्यक्रममार्फत बालबालिकाहरुले स्थानीय सरकारलाई १९-बुँदे ज्ञापनपत्र बुझाइएको थियो । फलस्वरूप, नगर पालिकाले आर्थिक वर्ष २०८२/८३ (२०२५/२६) का लागि ६,५०,००० रुपैयाँको बाल-केन्द्रित बजेट विनियोजन गरेको छ ।
- भगवतीमाई गाउँपालिकाका सातै वडाहरूमा बाल संरक्षण प्रणाली (स्थानीय/वडा बाल अधिकार समिति) मा सुधार, २,५०,००० रुपैयाँ बराबरको बाल कोष स्थापना र रणनीतिक योजनाहरू विकास गरिएको छ । जस अनुसार १२ जना बालबालिकाले चिकित्सा उपचार, शैक्षिक सामग्री, जीविकोपार्जन र खाद्यान्न सहयोगका लागि आपतकालीन सहयोग प्राप्त गरेका छन् ।
- परियोजनाको क्रियाकलाप र प्राविधिक सहयोग मार्फत भगवतीमाई गाउँपालिका वडा नं. ४ ले बालमैत्री स्थानीय शासन (CFLG) का ९६% सूचकहरू पूरा गरेको छ र बालमैत्री वडा घोषणा हुन तयारी अवस्थामा रहेको छ ।



- भगवतीमाई गाउँपालिका वडा नं. २ र ४ मा, जन्मदर्ता नभएका कारण विद्यालय बाहिर रहेका तीन जना बालबालिकालाई जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्न सहजीकरण गरी नजिकैका विद्यालयहरूमा औपचारिक रूपमा भर्ना सहजीकरण पश्चात नियमित रूपमा विद्यालय गइरहेका छन् ।
- सामाजिक सीप सुधार कार्यक्रम (SSIP) अन्तर्गत, भगवतीमाई गाउँपालिकाको वडा नं. २ देखि ६ सम्मका ८३२ बालबालिकाका लागि आत्म-जागरूकता, पारस्परिक सीप, र जलवायु परिवर्तन जस्ता विषयहरू समेटी १६ वटा सचेतना सत्रहरू सञ्चालन पश्चात बालबालिकाको आत्मविश्वास र सामाजिक उत्तरदायित्वको भावना बढेको छ, पारस्परिक सम्बन्धमा सुधार आएको छ, र सहयोग तथा समझदारी बढेको छ।




- दैलेखको भैरवी र कालिकोटको खांडाचक्र नगर पालिकामा समुदाय, बाल क्लबको समन्वय र सहयोगमा बाल बिबाह र छाउपडीका सात वटा घटनाहरु सफलतापूर्बक रोकी बालबालिकाका लागि सुरक्षित र थप संरक्षणयुक्त वातावरणमा योगदान पुर्‍याएको छ।
- हिंसाबाट जोखिममा परेका वा प्रभावित ८२६ बालबालिकाले बाल हेल्पलाइन (१०९८) र आपतकालीन सुरक्षित आवासमार्फत संरक्षण सेवाहरू प्राप्त गरेका छन् । जसले स्थानीय बाल संरक्षण प्रणालीलाई बलियो बनाएको छ।
- बालबालिकासँग सम्बन्धित कार्ययोजनाहरू विकास र प्रभावकारी कार्यान्वयनका लागि चन्दननाथ नगर पालिका (जुम्ला) र वीरेन्द्रनगर नगरपालिका (सुर्खेत) का नगर बाल अधिकार समितिहरूलाई क्षमता अभिवृद्धि तालिम संचालन गरिएको छ।
- चन्दननाथ नगरपालिका र वीरेन्द्रनगर नगरपालिकाका १,०७५ व्यक्तिहरूलाई बालविवाह, बालश्रम,

लागुऔषध दुर्व्यसन, बाल बसाइँसराइ र बेचबिखन, तथा यौन दुर्व्यवहार जस्ता मुद्दाहरूमा सचेत गराइ पैरवीकर्ताको रूपमा काम गर्न उत्प्रेरित गरिएको छ।

- १२ वटा विद्यालयका (वीरेन्द्रनगरमा ६ र जुम्लाको चन्दननाथ नगरपालिकामा ६) २९० जना अभिभावकहरूले सकारात्मक अभिभावकत्व तालिम पश्चात अभिभावकहरूले सुधारिएको अभिभावकत्व सीप विकास गरेका छन् र घरमा आफ्ना बालबालिकाहरूलाई राम्रो हेरचाह, सहयोग, र पोषणयुक्त वातावरण प्रदानमा सहयोग भएको छन्।
- 'गर्ल्स म्याटर' परियोजना मार्फत, अति जोखिममा परेका ८२ जना किशोरीहरू (दुल्लुका ५२ र चौकुने का ३०) लाई वडा-स्तरीय र नगर बाल अधिकार समितिहरूले छनौट गरी पालिकामा निर्माण गरि एको विशेष बालिका कोष नीति अनुसार प्रत्येक बालिकाको खातामा ३०,००० रुपैयाँ जम्मा गरेको छ।



- दुल्लु नगरपालिका र चौकुने गाउँपालिकाका ६१ जना बाल संरक्षण सेवा प्रदायकहरूले दुई-दिने पुनर्ताजगी तालिममा भाग लिई रेफरल प्रणाली, कानुनी र नैतिक मापदण्ड, र बाल-मैत्री, अधिकार-आधारित मुद्दा व्यवस्थापन सीपहरूको विकास भएको छ।
- ग्रिन कर्णाली परियोजनाले बालबालिकाको बाल समृद्धिमा सकारात्मक प्रभाव, स्वास्थ्य, शिक्षा, र संरक्षणका मुद्दाहरूमा सामुदायिक चेतना बढाउन सूचना, शिक्षा तथा सञ्चार (IEC) सामग्रीहरू निर्माण गरी समुदाय तथा सरोकारवालाहरुमा वितरण गरेको छ।
- सुरक्षित आवासमार्फत, दैलेखका ११ पालिका र छिमेकी जिल्लाहरूका जम्मा ६८० जना व्यक्तिहरू (१११ केटा, २२७ केटी) लाई मानसिक स्वास्थ्य र आत्मविश्वासमा सुधारका लागि मनोसामाजिक परामर्श सेवाहरू उपलब्ध गराइएको छ।
- दैलेख जिल्लाका ११ नगरपालिका र छिमेकी जिल्लाहरूबाट जम्मा १३ बालबालिका (४ केटा र ९ केटी) को उद्धार गरी आबश्यक सहयोग पश्चात परिवारमा पुनर्मिलन गरिएको छ।
- यस आर्थिक वर्ष ०८१/८२ मा, दैलेखका विभिन्न पालिकाहरूमा ४८ बालबालिकाको (१० केटा र ३८ केटी) बालविवाह रोकिएको छ।
- बालबालिकाको सर्वोत्तम हित प्रवर्द्धन गर्ने उद्देश्यले दैलेखको भगवतीमाई गाउँपालिकामा २५ सदस्यीय बाल क्लब पुनर्गठन गरिएको छ। जस अनुसार बाल संरक्षण, बाल अधिकार, बाल सशक्तीकरण, जलवायु परिवर्तन, र बालविवाह रोकथामसम्बन्धी सचेतना कार्यक्रमहरू पश्चात्, बालबालिकाहरूले आफ्नो नेतृत्व सीप विकास भइ सम्बन्धित सरोकारवाला र अधिकारीहरूलाई जानकारी दिएर बालविवाह रोक्न पहल गर्न थालेका छन्।
- बालबालिकाका लागि मनोरञ्जनात्मक गतिविधिहरूलाई सहयोग गर्न, भगवतीमाई गाउँपालिका ५ मा NLRP परियोजना अन्तर्गत क्लबलाई प्राप्त सांगीतिक उपकरणहरू (जस्तै खैंजडी, मादल, बाँसुरी, ड्रम सेट, र साउन्ड बक्स)






प्रयोग गरी विद्यालयमा साप्ताहिक अतिरिक्त क्रियाकलापहरू आयोजना गर्न र मनोरञ्जनात्मक गतिविधिहरू संचालन गर्न थालेका छन् ।

- बाल अधिकार प्रवर्द्धन गर्न र बाल-मैत्री शासन प्रणालीलाई बलियो बनाउन दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिकामा विभिन्न समन्वयात्मक गतिविधिहरू सञ्चालन गरिएको छ साथै पालिकाले आफ्नो बजेटको २१% विशेष गरी बालबालिकालाई लक्षित गरी विनियोजन गर्न थालेको छ, जसले नीति र योजना प्रक्रियामा बालबालिकालाई प्राथमिकता दिएको छ ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकाका १३ जना नागरिक समाजका सदस्यहरूको क्षमता निर्माण गरेपछि, स्थानीय सरकारहरूसँग बाल अधिकार र बाल-मैत्री बजेट विनियोजनका लागि प्रभावकारी वकालत सुरु भएको छ, जसले उनीहरूलाई बालबालिकाका मुद्दाहरूप्रति थप संवेदनशील र उत्तरदायी बनाएको छ ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकामा विद्यालय, वडा, र नगर स्तरमा ४७८ बालबालिकाको सक्रिय सहभागितामा बाल सञ्जाल समूहहरू गठन गरिएको छ । यी बालबालिकाहरूले आफ्नै नेतृत्वमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्न थालेका छन्, जसले उनीहरूको नेतृत्व सीप र सामाजिक सहभागिता बढाएको छ ।
- स्थानीय सरकारहरू र सहयात्रा-३ परियोजनाको सहकार्यमा, चामुण्डाबिन्द्रासैनीमा २३ लाख रुपैयाँ बराबरको बाल कोष स्थापना गरिएको छ, जसले १४ बालबालिकालाई प्रत्यक्ष आर्थिक सहायता, ६ जनालाई चिकित्सा सहयोग, र १२५ जनालाई शैक्षिक सहयोग प्रदान गरेको छ ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकाका सबै वडाहरूमा वडा बाल अधिकार समितिहरू स्थापना गरिएको छ । यी समितिहरूले CPMIS प्रणालीमार्फत २२ जना उच्च जोखिममा रहेका बालबालिकाका मुद्दाहरू व्यवस्थापन गर्छन्, जसले समयमै पहिचान, दस्तावेजीकरण, र आवश्यक सेवाहरूमा पहुँच सुनिश्चित गर्न शुरुवात गरेको छ ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकाका ३६० जना जोखिममा परेका बालबालिका र उनीहरूका हेरचाहकर्ताहरूलाई मनोसामाजिक परामर्श सेवाहरू प्रदान गरिएको छ, जसले उनीहरूमा मानसिक राहत, आत्मविश्वास, र सामाजिक पुनर्एकीकरणलाई बढावा दिएको छ ।
- शारीरिक दण्ड र हिंसाबाट मुक्त बाल्यकाल सुनिश्चित गर्न, १३९ बालबालिका र ८३ हेरचाहकर्ताहरूले हिंसा-मुक्त कक्षाहरूमा भाग लिएका छन्, जसको परिणामस्वरूप मानसिकतामा सकारात्मक परिवर्तन आएको छ र संवाद-आधारित अनुशासनको विकास हुन थालेको छ ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकामा ८१२ जना जोखिममा परेका बालबालिकाहरूमध्ये, ४०५ जनाले खाद्यान्न सहायता र ५९४ जनाले शैक्षिक सहयोग प्राप्त पश्चात विद्यालय उपस्थितिमा नियमितता र उनीहरूको जीवनयापनमा स्थिरता ल्याएको छ ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकाको वडा १ देखि ९ सम्मका १० वटा विद्यालयहरूमा बालबालिकाका गुनासा र सुझावहरूलाई सम्बोधन गर्न गुनासो सुनुवाइ समितिहरू गठन गरिएको छ, जसले बाल हिंसा कम गर्न र बालबालिकाहरूले डरविना आफ्नो आवाज उठाउन सक्ने वातावरण सिर्जना गर्न मद्दत गरेको छ ।
- भेरीगंगाको प्रभात र शिखर माध्यमिक विद्यालय र वीरेन्द्रनगर नगरपालिकाको प्रभात र श्री जननमूना माध्यमिक विद्यालयमा विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन र सुधार गर्न प्राविधिक सहयोग गरिएको छ ।

### ३.३ जिवनोपयोगी सीप र समावेशी शिक्षा

२०१५ मा अनुमोदन भएको नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ साथै समावेशी र जातीय, लिङ्ग, भाषा वा अपाङ्गताको आधारमा भेदभावमुक्त शिक्षा प्रणाली सुनिश्चित गर्ने महत्त्वलाई जोड दिएको छ। संविधानले अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा प्रदान गर्ने र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारहरूलाई सुम्पेको भए तापनि समावेशी शिक्षाको लक्ष्यमा त्यस्ता प्रावधानहरूले कसरी प्रभाव पार्छ भन्ने स्पष्ट छैन। शिक्षा प्रणाली लगायत राजनीतिक र प्रशासनिक प्रणालीको विकेन्द्रीकरण स्थानीय सरकारमा हस्तान्तरण गरिएको छ। अपाङ्गता भएका विद्यार्थीहरूका साथै आर्थिक रूपमा पिछडिएका पृष्ठभूमिका, दुर्गम क्षेत्रहरू, सीमान्तकृत जातिहरू र पिछडिएका जातीय समूहहरूले शिक्षामा पहुँच गर्न असमान चुनौतीहरूको सामना गर्नुपरिरहेको अवस्था छ।

सन् २०१९ को राष्ट्रिय शिक्षा नीति (२०७६) ले सन् २०१७ को समावेशी शिक्षा नीतिमा उल्लिखित सिद्धान्तहरूसँग बाझिएको विरोधाभासपूर्ण प्रावधानहरू समावेश गरेको छ। हालको राष्ट्रिय शिक्षा नीतिले यी अघिल्ला नीतिहरूलाई हटाएर यसको नीति नम्बर (G) अन्तर्गत समावेशी र विशेष शिक्षा दुवैलाई समावेश गरेको छ। यद्यपि, नीतिले विशेष शिक्षा र समावेशी शिक्षा बीचको असमानतालाई सम्बोधन गर्न सकेको छैन, जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD) को धारा २४ को पालना भएको पाईंदैन। CRPD को धारा २४ ले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकारलाई मान्यता दिएको छ। यसले सबै तहमा समान अवसर र गैर-भेदभाव सुनिश्चित गर्दै समावेशी शिक्षा प्रणाली उपलब्ध गराउने महत्त्वलाई जोडदिएको छ। सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित सबैका लागि शिक्षाको मौलिक मानव अधिकारको आधारमा समावेशीकरण गरिएको छ।

सोसेक नेपालले विभिन्न दातृ निकायको सहयोग, जिल्ला, स्थानीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सबै बालबालिकाको क्षमता वा पृष्ठभूमि जस्तोसुकै भए तापनि गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सोसेक नेपालले समावेशी शिक्षामा पहुँच बृद्धि गर्नका लागि विभिन्न कार्यविधिको अबलम्बन गर्ने गर्दछ;

#### (क) सामुदायिक संलग्नता:

(१) सचेतना अभिवृद्धि : समावेशी शिक्षाको महत्त्व र सबै बालबालिकाको सिक्ने अधिकारको बारेमा समुदायहरूलाई शिक्षित गर्ने।

(२) अभिभावक तालिम : आफ्ना बालबालिकाको शिक्षालाई कसरी सुधार गर्ने र उनीहरूको आवश्यकताको पैरवी गर्ने भनेर अभिभावकहरूलाई तालिम प्रदान गर्ने।

(३) सामुदायिक परिचालन : शिक्षासँग सम्बन्धित निर्णय प्रक्रियामा समुदायका सदस्यहरूलाई संलग्न गराउने र समावेशी विद्यालय वातावरण सिर्जना गर्ने।

#### (ख) शिक्षक तालिम:

(१) समावेशी शिक्षाशास्त्र : शिक्षकहरूको सीप र ज्ञान मार्फत विभिन्न बिधि मार्फत विद्यार्थीहरूलाई प्रभावकारी रूपमा सिकाउन समन्वय।

(२) सहायक प्रविधि: असक्षमता भएका विद्यार्थीहरूलाई सहयोग गर्न सहायक प्रविधि कसरी प्रयोग गर्ने भनेर शिक्षकहरूलाई तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्दी गर्ने।

(३) पाठ्यक्रम अनुकूलन: सबै विद्यार्थीहरूको आवश्यकताहरू पूरा गर्न पाठ्यक्रम अनुकूलित पाठ्यक्रम निर्माण गर्न शिक्षकहरूलाईको क्षमता विकास गर्न सहयोग गर्ने।

#### ग) विद्यालय पूर्वाधार :

(१) पहुँचयोग्यता: अपाङ्गता भएकाहरू सहित सबै विद्यार्थीहरूका लागि विद्यालयहरू भौतिक रूपमा पहुँचयोग्य छन् भनी सुनिश्चित गर्न सहजीकरण गर्ने।

(२) समावेशी कक्षाहरू: उपयुक्त फर्निचर र स्रोतहरू सहित समावेशी शिक्षाको लागि अनुकूल सिकाइ वातावरण सिर्जना गर्न प्राबिधिक तथा सामग्री सहयोग गर्ने।

(३) विशेष शिक्षा सुविधाहरू: विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि विशेष सुविधा र उपकरणहरू उपलब्ध गराउने ।

**घ) सहायता सेवाहरू:**

(१) प्रारम्भिक कार्यक्रम : सानै उमेरमा अपाङ्गता भएका बालबालिकाहरूको पहिचान र उनीहरूको आबश्यकता अनुसारका क्रियाकलापहरू संचालन गर्ने ।

(२) विशेष शिक्षा शिक्षकहरू : अपाङ्गता भएका विद्यार्थीहरूलाई विशेष कक्षाहरू (घरमै बिद्यालय) संचालन गर्न सहजीकरण र सहयोग गर्ने ।

(३) स्रोत शिक्षकहरू : समावेशी अभ्यासहरूमा कक्षा शिक्षकहरूलाई तालिम तथा आबश्यक सहयोग गर्ने ।

(४) परामर्श सेवाहरू : विद्यार्थी र तिनीहरूका परिवारहरूलाई परामर्श र मनोवैज्ञानिक परामर्श कक्षा तथा आवश्यक सहयोग प्रदान गर्ने ।

**(ङ) नीति र पैरवी:**

(१) समावेशी शिक्षा नीति : राष्ट्रिय र स्थानीय तहमा समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने नीतिहरूको निर्माण र कार्यान्वन गर्नका समुदाय, नागरिक समाज तथा सरोकारवालाहरूसंग समन्वय गरी पैरवी गर्ने ।

(२) अनुगमन र मूल्याङ्कन : प्रगति ट्र्याकिङ र सुधारका लागि आबश्यक नीति, कार्यक्रम तथा पहलहरूको पहिचान गरी सरोकारवाला निकायमा उचित वातावरण निर्माण गर्न सहकार्य गर्ने ।

(३) सरोकारवालाहरूसँगको सहकार्य : समावेशी शिक्षा प्रवर्द्धन गर्न सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू र अन्य संस्थाहरूसँग समन्वय र सहकार्यमा काम गर्ने ।

यस आर्थिक वर्षमा ५८७९ घरधुरीका बालिका ८१५०, बालक ७८४६, यौनिक अल्पसंख्यक १८, अपांगता भएका २५७ जना बालबालिका प्रत्यक्ष लाभान्वित भएका छन् भने दलित ४९४०, जनजाति २७०९, र अन्य ८२८७ बालबालिका समेटिएको छ । जस अनुसार यस आर्थिक वर्षका प्रमुख प्रगतिहरू देहायबमोजिम छन् :

- दैलेख, सुर्खेत, कालिकोट, जुम्लाका विद्यालय र वडास्तरीय बालअधिकार समितिहरूको सिफारिसमा



विद्यालयमा अनियमित हुने वा विद्यालय छाडेका बालबालिकाहरूलाई बिद्यालय नियमित गराउन २६० जना विद्यार्थीहरूलाई कापी, कलम, स्कुल झोला र विद्यालय पोशाक जस्ता शैक्षिक सामग्रीहरू प्रदान गरिएको छ ।
- हातेमालो परियोजनाले दुल्लु, नारायण नगरपालिका तथा भैरवी र नौमुले गाउँपालिकाहरूमा १५० जना बालबालिका (७४ बालिका र ७६ बालक), जसमा ३७ जना अपाङ्गता भएका बालबालिका (१३ बालिका, २४ बालक) लाई आत्मविश्वासका साथ आफ्नो शिक्षा जारी राख्न स्कुल झोला, पोशाक, कलम र कापीहरू जस्ता शैक्षिक सामग्रीहरू वितरण गरेको छ ।
- समावेशी शिक्षाका लागि स्थानीय स्वामित्व र स्रोत परिचालनलाई बलियो बनाउन दुल्लु, नारायण नगर पालिका तथा भैरवी र नौमुले गाउँपालिकाहरूमा स्थानीय सरकार, सिद्धार्थ बैंक र अन्य परियोजना हरूसँगको सहकार्यमा थप ९२ जना अपाङ्गता भएका बालबालिकाले शैक्षिक सहयोग प्राप्त गरेका छन् ।
- “घरमा विद्यालय” पहल अन्तर्गत काम गर्ने सात जना महिला सहजकर्ताहरूका लागि नारायण नगरपालिकामा तीन-दिने अभिमुखीकरण तालिम



सञ्चालन मार्फत सहजकर्ताहरू घर-आधारित सिकाइ वातावरणमा अपाङ्गता भएका बालबालिकाहरूलाई व्यक्तिगत सहयोग प्रदान गर्न आवश्यक सीप र ज्ञानले तालिम प्राप्त भएका छन् ।

- कक्षा १ देखि ३ सम्मका अपाङ्गता भएका बालबालिकाका लागि व्यक्तिगत शैक्षिक योजना (IEPs), समावेशी शिक्षा, पाठ्यक्रम अनुकूलन र मनोसामाजिक सहयोगमा जम्मा ३० जना शिक्षकहरूले तालिम प्राप्त गरी शिक्षकहरू विविध सिकाइ आवश्यकताहरूलाई सम्बोधन गर्न र अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक प्रगतिलाई सहयोग गर्न सक्षम भएका छन् ।



- हातेमालो र सहयात्रा-३ परियोजनाले दुल्लु, नारायण, भैरवी, गुराँस र चामुण्डाबिन्द्रासैनीमा “घरमा विद्यालय” कार्यक्रम मार्फत अपाङ्गता भएका १० जना बालबालिकाहरुलाई १० जना सहजकर्ता मार्फत घरमा नै पठन पठान शुरु गरेको छ र शैक्षिक सत्र २०८२ को लागि सबै बालबालिका विद्यालयमा सफलतापूर्वक भर्ना भएका छन् ।
- सोसेक नेपालका सबै कार्यक्षेत्रका पालिकाहरूमा घरदैलो भ्रमण, रेडियो सन्देश र स्थानीय समन्वयको प्रयोग गरी विद्यालय भर्ना अभियान सञ्चालन मार्फत विद्यालय बाहिर रहेका ९८ जना बालबालिकाहरू विद्यालयमा भर्ना भएका छन् ।
- दुल्लु, नारायण, भैरवी र नौमुले गाउँपालिकाका



अपाङ्गता भएका १२ जना बालबालिकाहरूलाई विशेष शैक्षिक सहयोगका लागि बाँके र सुर्खेतका स्रोत विद्यालयहरूमा रेफर गरी बालबालिकाहरूको विशेष आवश्यकताहरू अनुरूप उपयुक्त र समावेशी सिकाइ वातावरणमा पहुँच अभिवृद्धि भएको छ ।

- वीरेन्द्रनगर नगरपालिका, सुर्खेतले यौनिक तथा लैङ्गिक झुकाव, यौनिक पहिचान, यौनिक विशेषता र लैङ्गिक अभिव्यक्ति (SOGIESC) र क्वयेर, इन्टरसेक्स, लेस्बियन, गे, बिसेक्सुअल, ट्रान्सजेन्डर (LGBTIQ) सम्बन्धी सामग्रीलाई कक्षा ७ र ८ को स्थानीय पाठ्यपुस्तकमा समावेश गरी शिक्षण सुरु गरेको छ ।
- मानव संसाधन विकास केन्द्रले शिक्षक तालिम तालिकामा SOGIESC / LGBTIQ तालिमलाई एकीकृत गरेको छ, जसले शिक्षकहरूलाई ज्ञान प्राप्त गर्न सक्षम बनाएको छ जुन कर्णालीका अन्य जिल्लाहरूमा साझा गरिने लक्ष्य राखेको छ ।
- वीरेन्द्रनगर नगरपालिकाले क्वयेर संस्था र आर्थिक वर्ष ०८१/०८२ को बजेटमार्फत ४५६ जनालाई चेतना अभिवृद्धिका लागि SOGIESC र LGBTIQ विषयहरूमा SOGIESC परियोजनाको प्रविधिका सहयोगमा अभिमुखीकरण गरेको छ ।
- दैलेखको गुराँस गाउँपालिका र सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाका ४३ वटा विद्यालयहरूले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूसँग सम्बन्धित मुद्दाहरूलाई आफ्नो विद्यालय सुधार योजना र आचारसंहितामा समावेश गरी कार्यान्वन गरेकाछन् ।
- गुराँस गाउँपालिकाले स्थानीय कक्षा ५ को पाठ्य पुस्तकमा SOGIESC र LGBTIQ सामग्री समावेश गरी शिक्षण सुरु गरेको छ, जसले यी

विषयहरूमा विद्यार्थीहरूको ज्ञान बढाएको छ । फलस्वरूप, शिक्षक, विद्यार्थी र बृहत् समुदायमा SOGIESC र LGBTIQ मुद्दाहरूको ज्ञान र चेतना उल्लेखनीय रूपमा बढेको छ र यस क्षेत्रभरी थप समावेशी, सहयोगी र समतामूलक शैक्षिक वातावरणलाई बढावा दिएको छ।

- दैलेखको भगवतीमाई-६ स्थित नेपाल राष्ट्रिय जन प्राथमिक विद्यालयमा बाल संरक्षण, सशक्तीकरण, जलवायु परिवर्तन चेतना, बालविवाह रोकथाम र बाल अधिकार प्रवर्द्धनका लागि २५-सदस्यीय बाल क्लब पुनर्गठन गरिएको छ।



- दैलेखको भगवतीमाई-६ स्थित नेपाल राष्ट्रिय जन प्राथमिक विद्यालयको बाल क्लबको क्षमता विकास तथा थप क्रियाकलाप संचालनका लागि सांगीतिक उपकरणहरू (जस्तै खैंजडी, मादल, बाँसुरी, ड्रम सेट, र साउन्डबक्स) सहयोग गरिएको छ।
- दैलेखको भगवतीमाई-६ स्थित नेपाल राष्ट्रिय जन प्राथमिक विद्यालयमा अध्ययनरत अभिभावकविहीन १० जना जोखिममा परेका बालबालिकाहरूलाई शैक्षिक सामग्रीहरू प्रदान गरिएको छ।
- भगवतीमाई गाउँपालिकाका ३२ जना आधारभूत तहका शिक्षकहरू (कक्षा १-३) ले एकीकृत पाठ्यक्रममा पाँच-दिने अनुकूलित तालिम पश्चात शिक्षकहरु प्रभावकारी पाठ योजना, मूल्याङ्कन उपकरणहरू, र अन्तरविषय दृष्टिकोणहरू आफ्नो कक्षाकोठामा प्रयोग मार्फत बाल-केन्द्रित र समावेशी शिक्षण अभ्यासहरूमा उल्लेखनीय सुधार आएको छ।
- भगवतिमाइ गाउँपालिकाका ३२ विद्यालयका ६८ कक्षाकोठाहरूमा गलैंचा, पी-फोम म्याट, गोलो टेबल, कुसन, र पहुँचयोग्य सिकाइ सामग्रीहरूको व्यवस्थासँगै, कक्षा १-३ का ४३१ बालबालिकाका लागि सिकाइ वातावरण उल्लेखनीय रूपमा थप सहज, सुरक्षित र बाल-मैत्री कक्षा निर्माणको लागि सहयोग गरिएको छ।
- अनलक साक्षरता कार्यक्रम अन्तर्गत भगवतिमाइ गाउँपालिकामा स्थापित ४७ वटा पठन शिविरहरू मार्फत उच्च जोखिममा रहेका र अपाङ्गता भएका ८२० बालबालिकाहरू लाभान्वित भै पठन सीप, आत्म-अभिव्यक्ति, र सिकाइ आत्मविश्वासमा उल्लेखनीय सुधार आएको छ।
- भगवतिमाइ गाउँपालिकामा बालबालिकाहरूको भावनात्मक अभिव्यक्ति, पारस्परिक सम्बन्ध, र सकारात्मक सामाजिक व्यवहारको विकासमा सुधारका लागि लर्निङ रुट विधि र सामाजिक-संवेगात्मक सिकाइमा चार-दिने तालिमपछि, २५ जना प्रारम्भिक बाल विकास (ECD) शिक्षकहरूले बाल-मैत्री, भावनात्मक रूपमा उत्तरदायी र सहभागीतामूलक कक्षाकोठाको वातावरण सिर्जना गर्न थालेका छन्।
- भगवतीमाई गाउँपालिकाको वडा नं. २, ३, ४ र ६ का पाँचवटा विद्यालयहरूमा कक्षाकोठा र खानेपानी सुविधाको मर्मतपछि दुई जना अपाङ्गता भएका छात्राहरू सहित जम्मा १८१ जना विद्यार्थीहरूले, सुरक्षित, सफा र थप सिकाइ-अनुकूल वातावरणमा पहुँच पाएका छन्।





- सहयात्रा-३ अन्तर्गत चामुण्डाबिन्द्रासैनी नगर पालिकाका १३ जना प्रारम्भिक बाल विकास कक्षाका शिक्षकहरूले बाल विकास र प्रारम्भिक सिकाइ तथा गणित (ELM) मा तालिम पश्चात कक्षाकोठाहरू थप बाल-मैत्री र सिकारु-केन्द्रित बनाइ साना बालबालिकाहरूमा सिकाइ परिणाम र संलग्नतामा सुधार गर्न योगदान पुऱ्याएका छन् ।
- सिकाइ स्थानहरू सुरक्षित, थप आकर्षक, र स्वागत योग्यका लागि चामुण्डाबिन्द्रासैनी नगरपालिकाका ३५ विद्यालय र १ सामुदायिक प्रारम्भिक बाल विकास केन्द्रका १३१ कक्षाकोठाहरूमा गलैंचा, पी-फोम म्याट, टेबल, पुस्तक ऱ्याक र कथाका पुस्तकहरू जस्ता आवश्यक सिकाइ सामग्रीहरू उपलब्ध गराइएको छ ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकाका ४१ विद्यालयका कक्षा १-३ का ५६ जना शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्न तालिम प्रदान गरिए पश्चात शिक्षकहरूले भाषा, गणित, र जीवन सीपहरूलाई संयोजन गर्ने समग्र शिक्षण विधिहरू अपनाएका कारण विद्यार्थीहरूमा राम्रो सिकाइ उपलब्धिहरू आउन थालेको छ ।
- सहकार्य परियोजन मार्फत ठाँटीकाँध गाउँपालिकाका नौ वटा विद्यालयहरूको मर्मतसम्भार र रङ्गरोगन गरी ८३७ विद्यार्थीहरूका लागि सफा र सुरक्षित कक्षाकोठाको वातावरण निर्माणमा सहयोग गरेको छ ।
- कक्षाकोठाहरू आकर्षक र बाल-मैत्री, जसले शिक्षण र सिकाइ गतिविधिहरूमा प्रभावकारिता बढाउनका लागि ठाँटीकाँध गाउँपालिकाका ८ वटा विद्यालयहरूलाई गलैंचा, पी-फोम, पुस्तक कुना, भित्ते चार्ट, र सजावटी शैक्षिक सामग्रीहरू जस्ता कक्षाकोठा व्यवस्थापन सामग्रीहरू सहयोग गरिएको छ ।
- ठाँटीकाँध गाउँपालिकाका २ वटा विद्यालयहरूमा बायोइन्जिनियरिङ गतिविधिहरू सञ्चालन गरिएको छ र ४ वटा विद्यालयहरूमा बाल क्लब, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको सक्रिय सहभागितामा वृक्षारोपण कार्यक्रमहरू आयोजना गरिएको छ ।
- ठाँटीकाँध गाउँपालिकाका ३ वटा विद्यालयहरूमा रूपान्तरण कक्षाहरू सञ्चालन गरिएको छ, जसबाट ८५ जना किशोरीहरू लाभान्वित पश्चात केटीहरूले आत्मविश्वास, जीवन सीप, र व्यक्तिगत विकास र कल्याणमा चेतना सुधारको मशुस गर्न थालेका छन् ।
- ठाँटीकाँध गाउँपालिकाका ४ वटा विद्यालयहरूमा १,१८५ विद्यार्थीहरूका लागि व्यावहारिक जीवन सीप र वित्तीय साक्षरतामा ज्ञान र उनीहरूको समग्र विकासलाई सहयोग गर्न ४२ हप्तासम्म साप्ताहिक रूपमा जीवन उपयोगी सीप र वित्तीय शिक्षा सत्रहरू सञ्चालन गरिएको छ ।



- ठाँटीकाँध गाउँपालिकामा विद्यालय व्यवस्थापन तालिम, अभिभावक शिक्षा सत्र, र अभिभावक तथा आमा समूहहरूको परिचालनले भर्ना अभियान, कक्षाकोठा अनुगमन, विद्यालय-परिवार सहकार्य, विद्यालय उपस्थितिमा सुधार, बालबालिकाहरूको सिकाइ विकास र घरमा बालबालिकाका लागि समय व्यवस्थापनलाई प्रभावकारी कार्यान्वयनमा योगदान पुराएको छ ।

- ठाँटीकाँध गाउँपालिकामा स्थानीय र कम लागतका शिक्षण सामग्रीहरूको प्रयोगमा शिक्षक तालिम पश्चात पालिकाका ५ वटा विद्यालयका १५ वटा कक्षा कोठाहरूलाई त्यस्ता सामग्रीहरूले सजाइएको र सुसज्जित गरी शिक्षकहरूले रचनात्मक, लागत-प्रभावी स्रोतहरू प्रयोग गरेर थप अन्तरक्रियात्मक र आकर्षक पाठहरू सुरु गर्न थालेका छन् ।

### ३.४ उत्थानशिल जीविकोपार्जन :

नेपालको मध्य पहाडी जलाधार क्षेत्रहरू बहु-खतराहरू (खडेरी, पहिरो र बाढी) को जोखिममा छन् र यसको स्थलाकृतिक सेटिङहरू, अनुपयुक्त एन्थ्रोपोजेनिक गतिविधिहरू, र जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूका कारण प्रभावहरू बढ्दै गएका छन् । जलवायु परिवर्तनले मनसुन वर्षालाई तीव्र बनाउँदैछ र द्रुत हिउँ र हिमनदी पग्लने दर निम्त्याउँदैछ । विनाशकारी प्रवृतिहरू बढ्दै गएका छन् र कृषि भूमि, भौतिक सम्पत्तिहरू, आर्थिक सम्पत्तिहरू, र इकोसिस्टम सेवाहरूमा क्षति पुऱ्याउने थप बहु-जोखिम समस्याहरूमा योगदान दिइरहेका छन् ।

अर्को चरममा, पानीको अभाव र जलवायुजन्य खडेरीको जोखिम नेपालको मध्य पहाडी जलाधार क्षेत्रमा प्रमुख चुनौतीको रूपमा देखा परेको छ। खडेरीले अन्य जोखिमहरू र स्थानीय समुदायहरूको सामाजिक-आर्थिक अवस्थाहरूको संयोजनमा जोड दिन्छ, समस्याले समाजलाई अझ कमजोर बनाउँदैछ, र कहिलेकाहीं विस्थापनको वातावरणीय कारण बनिरहेको छ । वर्षा र बहावको अस्थायी र स्थानिय परिवर्तनले मनसुनमा अत्यधिक पानीको समस्या र सुक्खायाममा पानीको अभावले खेती प्रणाली र खाद्य सुरक्षामा गम्भीर समस्या सिर्जना गरिरहेको छ ।

सोसेक नेपालले जलवायु परिवर्तनसँग अनुकुलन भएका व्यक्ति र समुदायलाई हरियाली र दिगो खाद्यान्न र बजार प्रणालीमा समाहित गर्ने र जलवायु न्याय र वातावरण संरक्षणका पक्षमा नीतिहरूबाट लाभान्वित हुने उद्देश्यका साथ यस विषयवस्तु अन्तर्गत विभिन्न परियोजना र कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ ।

माथि उल्लेखित उद्देश्य हासिल गर्नका लागि, सोसेक नेपालले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, र आर्थिक उतार-चढाव जस्ता धक्का र तनावहरू सामना गर्न समुदायहरूलाई सशक्त बनाउन विभिन्न विषयगत कार्य पद्धति, प्रविधि अपनाइरहेको छ :

#### (क) दिगो कृषि:

(१) जलवायु-स्मार्ट कृषि : जलवायु परिवर्तनलाई अनुकूलन गर्न कृषि वन, बाली विविधीकरण, र जल संरक्षण जस्ता अभ्यासहरू प्रवर्द्धन गर्ने ।

(२) मूल्य अभिवृद्धि : किसानको आम्दानी बढाउन प्रशोधन, प्याकेजिङ्ग र मार्केटिङ जस्ता मूल्य अभिवृद्धि गतिविधिहरूलाई सहयोग गर्ने ।

(३) बजारमा पहुँच : बजार सम्बन्धलाई सहज बनाउने र व्यवसायिक सीप र वित्तीय साक्षरता सम्बन्धी तालिम प्रदान गर्ने ।

#### (ख) गैर-कृषि आय सृजना :

(१) माइक्रोफाइनान्स : साना व्यवसाय र उद्यमशीलतालाई समर्थन गर्न क्रेडिट र बचत सेवाहरूमा पहुँचमा सहजिकरण गर्ने ।

(२) सीप विकास : रोजगारीका अवसरहरू सिर्जना गर्न सिकर्मी, चिनाई र सिलाई जस्ता व्यावसायिक सीपहरूमा तालिम दिने ।

(३) पर्यटन : सांस्कृतिक र प्राकृतिक स्रोतहरूबाट आय आर्जन गर्न समुदायमा आधारित पर्यटन पहलहरू विकास गर्ने ।

#### (ग) सामाजिक सुरक्षा :

(१) सामाजिक सुरक्षा सहजिकरण: कमजोर जनसंख्याको सुरक्षा गर्न वृद्धावस्था निवृत्तिभरण र बाल अनुदान जस्ता सामाजिक सुरक्षा कार्यक्रमहरूका लागि पैरवी गर्ने ।

(२) स्वास्थ्य बीमा: स्वास्थ्य सेवा लागत कम गर्न र स्वास्थ्य परिणामहरू सुधार गर्न स्वास्थ्य बीमामा पहुँच प्रदान गर्न सहजिकरण गर्ने ।

(३) शिक्षा: बालबालिका र युवाहरूलाई उनीहरूको सीप र भविष्यका अवसरहरू बढाउन शिक्षालाई सहयोग गर्ने ।

**(घ) विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन :**

(१) पूर्व चेतावनी प्रणाली : समुदायहरूलाई आसन्न प्रकोपहरू बारे सचेत गराउन प्रारम्भिक चेतावनी प्रणालीहरू क्षमता अभिवृद्धि गर्ने ।

(२) विपद् पूर्वतयारी र प्रतिक्रिया : समुदायहरूलाई प्रकोप तयारी र प्रतिक्रिया उपायहरूमा प्रशिक्षण तथा कार्ययोजना तयारीमा सहयोग गर्ने ।

(३) जलवायु-उत्थानशील पूर्वाधार : सडक, पुल, र सिँचाइ प्रणाली जस्ता लचिलो पूर्वाधारहरुमा बायो इन्जिनियरिङ्ग प्रविधिमा सहजिकरण गर्ने ।

**(ङ) प्राकृतिक स्रोत व्यवस्थापन :**

(१) दिगो वन व्यवस्थापन : जैविक विविधता संरक्षण र जलाधार संरक्षण गर्न दिगो वन व्यवस्थापन अभ्यासहरू प्रवर्द्धन गर्न सहजिकरण गर्ने ।

(२) सामुदायिक वन : दिगो रूपमा वन व्यवस्थापन गर्न समुदायहरूलाई सशक्त बनाउने ।

(३) माटो र जल संरक्षण : माटो क्षयिकरण कम गर्न र माटोको उर्वराशक्ति सुधार गर्न माटो र पानी संरक्षण उपायहरू लागू गर्ने ।

**(च) लैङ्गिक समानता र सामाजिक समावेशीकरण :**

(१) महिला सशक्तिकरणः तालिम, क्षमता निर्माण, र स्रोतहरूमा पहुँच मार्फत महिलाहरूलाई सशक्तिकरण गर्ने ।

(२) समावेशी विकास : दलित र आदिवासी जनजाति लगायत सीमान्तकृत समूहहरूलाई विकास पहलहरूमा समावेश गर्ने सुनिश्चित गर्ने ।

**(छ) समुदायमा आधारित संस्थाहरू (CBOs) :**

(१) क्षमता निर्माण : सामुदायिक विकासमा थप सक्रिय भूमिका खेल्न CBOs लाई शसक्तिकरण गर्न उचित बातावरण बनाउने ।

(२) साझेदारी : CBOs, सरकारी निकायहरू, र निजी क्षेत्रका संगठनहरू बीच साझेदारीलाई बढावा दिने ।

यस आर्थिक वर्षमा ७३१० घरधुरी अन्तरगत दलितको २२१५ घरधुरी, जनजातिको ११९१ घरधुरी, अन्यको ३८६४ घरधुरी, राउटेको ४० घरधुरी तथा कुसुण्डा समुदायको २७ घरधुरी अन्तर्गत महिला ४७८४, पुरुष १९८७ जसमा युवा ३७९१, यौनिक अल्पसंख्यक ११, एचआइभि संक्रमित २ र राउटे समुदायका १३६ जना, अपांगता भएका व्यक्ति १०२ जनाका साथै बालिका ७०४१, र बालक



६२१८ प्रत्यक्ष लाभान्वित भएका छन् ।
जस अनुसार यस आर्थिक वर्षका प्रमुख प्रगतिहरू देहायबमोजिम रहेका छन् :



- भैरवी र खांडाचक्र पालिकाका ८७ जना समुदायका सदस्यहरूलाई चारवटा समूहमा परिचालित गरी प्रस्ताव तयार गर्ने तालिम पश्चात १२ महिला र युवाहरूले सिँचाइ, पोखरी निर्माण र भेडा पालन जस्ता पहलहरूको लागि संयुक्त रूपमा प्रस्ताव पेश गरे अनुसार खांडाचक्र पालिकामा फूलबारी महिला समूहले च्याउ खेतीका लागि १२,००० रुपैयाँको अनुदान प्राप्त गरी च्याउ खेतीमा संलग्न भएका छन् ।
- दैलेख भैरवी तथा कालिकोट खांडाचक्र नगरपालिकाक गरिब र विपन्न समुदायका २५० महिला र युवाहरूले स्वरोजगारका अवसर पाएर आम्दानीमा उल्लेखनीय वृद्धि गर्न थालेका छन् । त्यस्तै, ११० जना कृषकले चारवटा विशेष तालिममार्फत सीप वृद्धि गरी कृषि ज्ञान र उत्पादनशिलता सुधार गरी ४५ कृषकले तरकारी र नगद बालीखेतीका प्रविधिहरू अपनाएर राम्रो उत्पादन र नियमित आम्दानी गरेका छन् ।
- वीरेन्द्रनगरका २० महिलाहरूले तालिमपछि समूहमा धूप उत्पादन गरी धुप ब्यबसायको व्यापार सुरु गरेका छन् भने चौधरी समुदायका १० महिलाले च्याउ खेति गरी प्रति चक्र रु. ११४,००० आम्दानी गर्न थालेका छन् ।
- बिहानी परियोजन लागु भएका वीरेन्द्रनगर अन्तर्गतका ५१ कृषकले सुधारिएको विउ, प्राविधिक सीप र भर्मी कम्पोस्ट मल प्रयोग गरी व्यावसायिक तरकारी खेती तथा भर्मी कम्पोस्ट उत्पादन बिक्री गरी आम्दानीमा वृद्धि गर्न थालेका छन् ।




- गर्ल्स म्याटर परियोजना अन्तर्गत, ४६ जोखिमग्रस्त परिवारहरूलाई (डोल्लु नगरपालिकाका २० र चौकुने नगरपालिकाका २६ परिवारलाई) प्रति परिवार दुईवटा बाख्रा रु. १५,००० मूल्यका प्रदान गरी दिगो पशुपालनमार्फत आम्दानी वृद्धि र दीर्घकालीन आर्थिक स्थिरता प्रवर्द्धनको लागि सहयोग गरेको छ ।
- ग्रीन कर्णाली परियोजना अन्तर्गत दुल्लु, गुराँस तथा तुर्माखांध गाउँपालिकाका ४ वटा किसान समूहहरुमा जलबायु परिवर्तन अनुकुलन तथा मौसमी/बेमौसमी तरकारी खेतीका लागि १५ वटा स्थायी र २४ वटा मौसमी प्लास्टिक टनेलहरूको निर्माण गरिएको छ ।
- दुल्लु, गुराँस तथा तुर्माखांध गाउँपालिकाका ५०० कृषकहरुमा प्रदर्शनी खेति क्षेत्रहरू स्थापनाका साथै ९ वटा सुधारिएको तरकारी जातहरू (फूलगोभी, बन्दगोभी, टमाटर आदि) वितरण गरिएको छ जसले ३५% बढी उत्पादन भएको नतिजा देखाएको छ ।
- पालिका, सहकारी र ग्रीन कर्णाली परियोजनाको सहकार्यमा दीर्घकालीन दिगोपन तथा रैथाने बाली हरुको संरक्षणको लागि गुराँस गाउँपालिका समुदाय स्तरमा १२ रैथाने बाली जातहरूको संरक्षणका लागि बीउ बैंक पनि स्थापना गरिएको छ ।
- दुल्लु, गुराँस तथा तुर्माखांध गाउँपालिकाका १०४ घरधुरीहरूलाई ७०० वटा ग्राफ्टेड सुन्तला बिरुवा, १००० वटा सुधारिएको आँपका बिरुवा र १० क्विन्टल हलेसा र अदुवा जातको मूलपात वितरण गरिएको छ । त्यस्तै, ७५ घरधुरीहरूलाई ३ वटा हाते



ट्र्याक्टर र २ वटा हलेसा प्रशोधन इकाईहरू उपलब्ध गराइएको छ, जसले श्रम खपत ५०-६०% ले घटाएको छ।

- ग्रीन कर्णाली परियोजना अन्तर्गत दुल्लु, गुराँस तथा तुर्माखांध गाउँपालिकाका ७५ कृषकहरूलाई जलवायु अनुकूल खेती प्रविधिमा तालिम दिइएको छ र ३० जना अगुवा कृषकहरूलाई माटो स्वास्थ्य राजदूतको रूपमा विकास गरिएको छ।
- कर्णाली मौरीपालक संघको सहकार्यमा दुल्लु, गुराँस तथा तुर्माखांध गाउँपालिकाका कृषकहरुलाई ८ वटा बाख्रा पालन र १७ वटा आधुनिक मौरीपालन तालिमहरू सञ्चालन गरिएको छ।
- ग्रीन कर्णाली परियोजनाको प्राबिधिक सहयोगमा दुल्लु नगरपालिका गुराँस तथा तुर्माखांध गाउँपालिकामा १२ वटा किसान आदानप्रदान भ्रमण आयोजना गर्नुका साथै, २३ जना मास्टर ट्रेनर र १२ जना गाउँ तहका कृषि प्राविधिकहरू विकास गरी परिचालन गरिएको छ।
- ग्रीन कर्णाली परियोजनाको प्राबिधिक सहयोगमा दुल्लु नगरपालिका र गुराँस गाउँपालिकामा ५ वर्षे बाली घुम्ती योजना लागू गर्न सहजीकरण गरिएको छ र कृषकहरूलाई जैविक कीटनाशक उत्पादनमा तालिम दिइएको छ, जसले परियोजना क्षेत्रहरूमा रासायनिक प्रयोग ८०% ले घटाएको छ।
- पशुपालन तथा मूल्य शृङ्खला विकासमा, ग्रीन कर्णाली परियोजना मार्फत दुल्लु नगरपालिका -१ को नमुना कृषक समूह, शान्ती कृषक समूह तथा तुर्माखांध गाउँपालिका-१ को कोपिला र लाछी फूलबारी कृषक समूहका ६४ परिवारलाई २५६ वटा बाख्रा (प्रति घरधुरी ४ वटा) र ४ वटा प्रजननका लागि बोका वितरण गरेको छ।
- दुल्लु नगरपालिका २ र गुराँस गाउँपालिका ४ का क्रमशः पानलोटा टुँडिखेल कृषक समूह र मयूर कृषक समूहका १० जना कृषकहरुलाई मूल्य प्राप्त हुने प्रिमियम अर्गानिक महको मूल्य शृङ्खला सिर्जना गर्न ४५ वटा मौरीका घारहरू स्थापना गर्न सहयोग गरेको छ।
- दुल्लु, गुराँस तथा तुर्माखांध गाउँपालिकाका ३०० कृषकहरुलाई १,७०० फलफूलका बिरुवा र ५०० घाँसका बिरुवाहरू उपलब्ध गराएको छ। साथै दुल्लु नगरपालिकामा पालिकासंगको सहकार्यमा ५,००० बिरुवा क्षमताको कफी नर्सरी स्थापना गर्नुका साथै पानीको उपलब्धता सुधार गर्न थोपा सिँचाइ प्रणालीसहित २ वटा नमूना सुन्तलाजातका बगैंचाहरू स्थापना गरेको छ।
- संस्थाद्वारा संचालित ग्रीन कर्णाली परियोजना र गुराँस गाउँपालिकाको सहकार्यमा रानिमत्तामा "कोसेली घर"को स्थापना गरी सो मार्फत बजार पहुँच सुदृढ पार्दै किसानहरूलाई सुर्खेत, काठमाडौँ, पोखरा र नेपालगंज बजारसँग जोडिएको छ।
- दुल्लु, गुराँस तथा तुर्माखांध गाउँपालिका अन्तर्गत ग्रीन कर्णाली परियोजना लागु भएका वडाहरुका ८९% परिवारहरूले कम्तीमा तीनवटा जलवायु-स्मार्ट अभ्यासहरू अपनाएका छन्। जैविक उत्पादन प्रणाली PGS प्रमाणिकरण मार्फत सुरु गरिएको छ, र गुणस्तरीय इनपुटको निरन्तर पहुँच सुनिश्चित गर्न स्थानीय बीउ बैंक र सहकारीहरूसंग सहकार्य गरिएको छ। कीटनाशक बिषाधीको प्रयोग ८०% ले घटाइएको छ





भने, कृषिको लागि बनचयायचभकतचथ अभ्यास र अनुकूलित मल योजना अपनाएर माटो स्वास्थ्यमा सुधार आएको छ र दिगो खेती प्रणाली प्रोत्साहित गरिएको छ।

- भगवतीमाई गाउँपालिका वडा नं ५ का कुल ७७ जना व्यक्तिगत घरबगैचा कृषकहरूलाई भान्साघर बगैचा प्रविधिमा तालिम दिइएको छ भने फूलगोभी, सिमी, मटर, मुला र धनियाँजस्ता गुणस्तरीय बिउ वितरण गरिएको छ। उत्पादनपछि कृषकहरूले आफ्नो बढी उत्पादन स्थानीय बेस्तडा बजारमा बेची आम्दानी गर्न थालेका छन्।
- भगवतीमाई गाउँपालिका वडा नं ६ का २ जना मुख्य कृषकलाई प्लाष्टिक टनेल र जलवायु परिवर्तन अनुकुनल खेतीका उपकरणहरू उपलब्ध गराई उच्च मूल्यका टमाटर खेती गरी राम्रो उत्पादन र आम्दानीको अवसर सिर्जना गरी परिवारको जीवनस्तर सुधार भएको छ।
- संस्थाद्वारा संचालित NLRP–II परियोजनाबाट भगवतीमाई गाउँपालिकाको चिपिनटाडा र बेस्तडा बजारमा पशुपन्छी स्वास्थ्य शिविर सञ्चालन मार्फत १०३ जना कृषकले स्थानीय सरकार कार्यालयबाट पशुचिकित्सा र कृषि सल्लाह सेवा प्राप्त गरेका छन्।
- भगवतीमाई गाउँपालिका वडा नं ६ को जनचेतनशिल कृषि बहु-उद्देश्यीय सहकारीका संचालकहरूलाई नीति विकास र वित्त व्यवस्थापनमा तालिम दिइएको छ। तालिम पश्चात् १२६ जना सहकारी सदस्यहरूले सहकारीसँग जोडिएर बचत र ऋण क्रियाकलापहरू सुरु गरेका छन् । तीमध्ये ४४ जना होमस्टे सदस्यहरूले सहकारी शिक्षा प्राप्त गरेका छन्।
- भगवतीमाई गाउँपालिका वडा नं ६ को जनचेतनशिल कृषि बहु-उद्देश्यीय सहकारीलाई सहकारी सञ्चालन लाई सहयोग पुऱ्याउन ल्यापटप प्रदान गरिएको छ।
- भगवतीमाई गाउँपालिका ६ का ७ जना कृषकले जनचेतनशिल कृषि बहु-उद्देश्यीय सहकारीबाट व्यावसायिक आलु खेतीका लागि २५,००० रुपैयाँ, ८ जना कृषकले बाख्रा पालन र खोर निर्माणका लागि ३५,००० रुपैयाँको ऋण प्राप्त गरी व्यवसाय सुरु गरेका छन्।
- भगवतीमाई गाउँपालिका ६ का NLRP–II परियोजनाअन्तर्गत २५ जना कृषकहरूलाई रासायनिक प्रयोग घटाएर बालीको स्वास्थ्यमा सुधार ल्याउन वातावरणमैत्री कीट नियन्त्रण तालिम दिइ जलवायु अनुकूल कीट व्यवस्थापन प्रविधिहरू प्रयोगमा सहजीकरण गरिएको छ।
- सहयात्रा-III परियोजना अन्तर्गत, चामुण्डा ब्रिन्दासैनीका ६५ कृषकहरुलाई जोखिम तथा क्षमता मुल्यांकन तालिम मार्फत बाली योजना बनाउन, मौसमको ढाँचा विश्लेषण, बाढी र सुख्खा जोखिम क्षेत्रहरूको नक्सांकन, र २०८१-८५ (२०२४-२०२८) को पाँच वर्षे कार्ययोजना विकास गर्न सहयोग गरेको छ।
- वर्षभरी मौसमी तरकारी उत्पादन तथा पोषण सुधारको लागि चामुण्डा ब्रिन्दासैनीका ९० कृषकलाई बिन, काँक्रो, जुकिनी, क्याप्सिकम, करेला, गाजर, खुर्सानी, धनियाँ, टमाटर, बन्दगोभी, फूलगोभी, र प्याजजस्ता मौसमी तरकारीका बिउ तथा ६० कृषक (८३%



महिला) लाई पोलीहाउस संरचना र ड्रिप सिंचाई प्रणाली सहयोग वितरण गरिएको छ।

- चामुण्डा ब्रिन्दासैनीका समुदायमा तरकारी खेतीका लागि पाँचवटा सिमेन्टका ट्याङ्की निर्माण गरी जल सुरक्षालाई सुदृढ बनाइएको छ। २० जना किसानहरू (जसमध्ये ६५% महिला छन्) का लागि उन्नत गाईवस्तुका गोठहरू निर्माण गरिएका छन्, जसमा कंक्रिटको भुइँ, दाना खुवाउने ठाउँ, र मल संकलन प्रणालीहरू रहेका छन्।
- प्लास्टिक घर, जैविक कीटनाशक, पोषण बगैंचा, बाली पात्रो योजना, जलवायु जोखिम मूल्याङ्कन, र हरित रोजगारीका सीपहरू प्रयोग गरी चामुण्डा ब्रिन्दासैनीमा सहयात्रा तेस्रो परियोजनाले दुई जना स्थानीय महिला स्रोत व्यक्तिहरूलाई जलवायु-मैत्री कृषि अभ्यासहरूमा सहभागी गराएको छ।





- चामुण्डा ब्रिन्दासैनीका ११८ जना किसानहरू (जसमध्ये ८५% महिला) लाई जैविक मल (झोलमाल) तयारी, एकीकृत कीट व्यवस्थापन (IPM), पानी संरक्षण विधिहरू, र नर्सरी स्थापना सम्बन्धी तालिम दिई तरकारी खेतीमा प्रयोग गर्न सहजीकरण गरिएको छ।
- चामुण्डा ब्रिन्दासैनीका १९ जना कृषक (९५% महिला) लाई तीन दिने च्याउ खेती सम्बन्धि सम्पूर्ण सैद्धान्तिक र व्यावहारिक तालिम प्रदान दिई जोखिम समुदायका ६ जना युवालाई (९५% महिला) च्याउ व्यवसाय सुरु गर्ने योजना बनाउन सहयोग गरिएको छ।
- सहयात्रा परियोजना अन्तर्गत मेकानाइजेशन सहयोगका लागि चामुण्डा ब्रिन्दासैनीका ६ किसान समूहका ३० कृषकहरूलाई लैंगिकमैत्री प्रविधिहरू जस्तै विद्युतीय मकै छोडाउने मेशिन, जाब सिडर, फलफूल टिप्ने यन्त्र, हाते कोदालो, पञ्जा र पानी हाल्ने ड्रम उपलब्ध गरिएको छ।
- पोषण बगैचाका लागि चामुण्डा ब्रिन्दासैनीका जोखिममा रहेका बालबालिका भएका १२६ परिवारलाई बीउ तथा आवश्यक कृषि सामग्री उपलब्ध गराइएको छ। जसबाट परिवारको पोषण र आम्दानी दुवैमा सुधार ल्याएर आत्मनिर्भरता तर्फ उन्मुख बनाएको छ भने जलवायु अनुकूलन, जीवनस्तर सुधार, र जोखिममा रहेका समूहहरूको समावेशी विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।
- चामुण्डा ब्रिन्दासैनीमा संचालन गरिएको साना उद्यम विकास सम्बन्धि सात दिने तालिम लिएका ४४ उद्यमीहरू मध्ये ३५ उद्यमीहरूलाई राँगो पालन, भैंसी पालन, सुँगुर र कुखुरा पालन तथा तरकारी खेतीमा प्रत्येकलाई ३०,००० रुपैयाँको विविध लगानीसहित जीविकोपार्जन सहयोग प्रदान गरिएको छ।
- ठाटीकाँध गाउँपालिकाका ८० कृषकलाई जैविक मल तयार पार्ने तालिम दिएको छ। यसले ती

कृषकहरूले जैविक खेती प्रवर्द्धन गर्दै मौसमी बालीबाट प्रति सिजन १०,००० देखि ५०,००० रुपैयाँसम्म आम्दानी गर्ने अवसर प्राप्त गरेका छन् ।

- ठाटीकाँध गाउँपालिकाका ३०० कृषकलाई व्यवसायिक खेती अन्तर्गत ३० कृषकलाई नेतृत्व कृषक तालिम, १२० कृषकलाई भान्सा/घरायसी बगैचा स्थापना तालिम र अन्य १२० कृषकलाई मौसमी तथा मौसमी बाहिर तरकारी खेती तालिम तथा विभिन्न सीप विकास तालिमहरू पनि प्रदान गरिएको छ।
- ठाँटीकाँधकाँध गाउँपालिकाका १२ जान महिला हरुलाई अगरबत्ती उत्पादन सम्बन्धि सीपमुलक तालिम उपलब्ध गराई धूप व्यवसाय स्थापना गरी स्थानीय स्तरमा आम्दानीका नयाँ स्रोत सिर्जना गर्नको लागि सहकार्य परियोजना मार्फत सहयोग गरिएको छ।





- ठाँटीकाँधकाँध गाउँपालिकाका ४० कृषकहरुको कृषि क्षमतालाई थप सुदृढ पार्न ६ वटा स्थायी प्लाष्टिक टनेल र ३४ वटा बाँसका टनेल निर्माण गर्न सहयोग गरिएको छ। यसका साथै, ३४८ कृषकलाई तरकारीका बीउ र प्रविधि सल्लाह प्रदान गरिएको छ।
- ठाँटीकाँधकाँध गाउँपालिकाका अति बिपन्न ८ कृषकलाई सहकार्य परियोजना मार्फत जीविकोपार्जन सुधारका लागि २ जनालाई सुँगुर पालन र ६ जनालाई राँगो पालनमा सहयोग गरेको छ।
- EWPN कार्यक्रम अन्तर्गत, स्थानीय सरकारहरू, आसमान नेपाल, नेपाल चेम्बर अफ कमर्स र आधार परियोजनासँग सहकार्यमा कालिकोट, देलेख र सुर्खेतका १११ जना लैङ्गिक हिंसाका प्रभावित हरूलाई सीप विकास तालिम प्रदान गरी ८१ जना प्रभावितहरूलाई राँगो पालन, भैंसी पालन, किराना पसल, सिलाइ, र तरकारी खेतीका लागि प्रारम्भिक पूँजी उपलब्ध गराइ राँगो पालन, भैंसी पालन, किराना पसल, सिलाइ, र तरकारी खेतीमा संलग्न गराइएको छ।
- भैरवी गाउँपालिका र कालीकोटको खाँडाचक्र नगरपालिका २५० गरीब तथा सीमान्तकृत एकल महिला र युवाहरु कृषि क्षेत्र, सरकारी तथा अन्य विकास सम्बन्धी कार्यहरूमा संलग्न हुँदै स्व रोजगार मा संलग्न भएका छन् । तीमध्ये ४५ महिलाहरूले अर्ध ब्यबसायिक तरकारी खेती शुरु गरेका छन्।
- खाँडाचक्र नगरपालिकामा एक बाल क्लबले रु. १२,००० बजेट पालिकामा प्रस्ताप स्वीकृत गराई २१ किशोरीलाई स्यानिटरी प्याड बनाउने तालिम दिएको छ। जसमध्ये १५ जनाले प्याड उत्पादन गरी प्रयोग गर्न थालेका छन्।
- भैरवी गाउँपालिका र कालीकोटको खाँडाचक्र नगर पालिकाका महिला समूहका ४७ महिलाहरूले बाख्रा तथा कुखुरा पालन सुरु गरेका छन् । तीमध्ये पाँच महिलाहरूले वार्षिक रूपमा औसत रु ७०,००० जति आम्दानी गर्न सक्ने भएका छन्।
- दैलेखको भैरवी गाउँपालिका र कालीकोटको खाँडाचक्र नगरपालिकाका ११० महिलाले तरकारी र च्याउ खेती, ८७ जनाले प्रस्ताव लेखन र SOSEC नेपालको पहलमा भैरवीका ३५ महिलाले सिलाइ कटाई तालिम पाएका छन्।

### ३.५ सुरक्षा र जीवन रक्षा :

नेपालको मध्य पहाडी जलाधार क्षेत्रहरू खडेरी, पहिरो बाढीको अति जोखिममा छन् र यसको स्थलाकृतिक अवस्थितिरू, अनुपयुक्त एन्थ्रोपोजेनिक गतिविधिहरू, र जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूका कारण प्रभावहरू उच्च बढ्दै गएका छन्। जलवायु परिवर्तनले मनसुन वर्षालाई तीव्र बनाउँदैछ र द्रुत हिउँ र हिमनदी पग्लने दर निम्त्याउँदैछ। विनाशकारी विपद्का घटनाहरू बढ्दै गएका छन् र कृषि भूमि, भौतिक सम्पत्ति, आर्थिक सम्पत्तिहरू, र इकोसिस्टम सेवाहरूमा क्षति पुर्‍याउने थप बहु-जोखिम समस्याहरूमा योगदान दिइरहेका छन्।

हिमालयको विकास विश्वव्यापी जलवायु ढाँचा विनियमित गर्न एक महत्त्वपूर्ण भौगोलिक घटना हो, जसले सक्रिय दक्षिण एसियाली मनसुन (बूस र कुआंग, २०१०; मोल्नार एट अल,२०१०) स्थापना गर्न र तिब्बतमा अपेक्षाकृत सुख्खा क्षेत्र बनाउन योगदान पुर्‍याउंछ (डिंग एट अल,२०१७)। माथिल्लो हिमालयले हिन्द महासागरबाट आउने ग्रीष्मकालीन मनसुन हावा र हिउँदमा साइबेरियाबाट आउने चिसो हावालाई तिब्बतमा चिसो सुख्खा हावापानी र हिमालयको दक्षिणमा उच्च वर्षाको लागि भौतिक अवरोध खडा गरेको छ। साथै, हिमाली भूगोल जलवायु परिवर्तनको एक संवेदनशील सूचक हो (निजसेन एट अल, २००१, न्यौपाने एट अल, २०१८) किनभने यस क्षेत्रले गर्मी मौसममा बाढी सम्बन्धी प्रकोपहरूको उच्च आवृत्ति समावेश गर्दछ, जसले अवश्य पनि पूर्वाधार विकास र दिगोपनलाई असर गर्छ। हिमालय क्षेत्रको दक्षिणी ढलानमा नेपाल बाढी, पहिरो, हिउँ हिमपहिरो, ग्लेशियल लेक आउटबर्स्ट फ्लड, खडेरी, शीतलहर, असिना, चट्याङ, तातो छाल, महामारी र भूकम्पजस्ता प्राकृतिक प्रकोपहरूको लागि उच्च जोखिममा छ। नेपालको अधिकांश क्षेत्रहरू; ७७ जिल्लामध्ये ४९ जिल्ला बाढी र/वा पहिरोको उच्च जोखिममा छन्। यसबाहेक, ७७ मध्ये ६४ जिल्ला कुनै न कुनै प्रकारको सम्भावित प्रकोपको जोखिममा छन् (MOHA, 2017)। त्यसैगरी, नेपालको जैविक स्रोतहरू, यसका हिमाली जंगलहरू, जलवायु परिवर्तनका प्रभावहरूबाट अत्यधिक जोखिममा छन् (Eckstein et al. 2021)। भूवनावटको सानो र कमजोर भू-विज्ञान, विकसित चरम मौसमी घटनाहरू र द्रुत रूपमा परिवर्तन हुने जलवायुको लागि न्यूनीकरण र अनुकूलनको असक्षमताले नेपालमा प्रकोप सम्बन्धी जोखिमहरूलाई तीव्र बनाउँदैछ।

सोसेक नेपालले ग्रामीण समुदायहरू, विशेष गरी पहाडी र पहाडी क्षेत्रमा बसोबास गर्नेहरू असमान रूपमा विपद् तथा जलवायु परिवर्तनका जोखिम प्रभावित भएका समुदायहरूसँग काम गरिरहेको छ र यी जोखिमहरूलाई न्यूनीकरण गर्न र उत्थानशिलतालाई निर्माण गर्न सामुदायिक स्तरमा विभिन्न रणनीतिहरू कार्यान्वयन गरिरहेको छ :

**(क) समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण (CBDRRM)**

(१) समुदायको नेतृत्वमा मूल्याङ्कनहरू : स्थानीय समुदायहरूलाई जोखिम, कमजोरी र क्षमताहरू पहिचान गर्न सहजिकरण र क्षमता विकास गर्ने।

(२) प्रारम्भिक चेतावनी प्रणालीहरू : समुदायमा आधारित अनुगमन र सतर्कता संयन्त्रहरू सहित प्रारम्भिक चेतावनी प्रणालीहरू स्थापना र कायम गर्ने।

(२) आपतकालीन तयारी र प्रतिकार्य योजनाहरू : सुरक्षित स्थलहरू, र प्राथमिक उपचार प्रक्रियाहरू सहित आपतकालीन योजनाहरू निर्माण र कार्यान्वयन गर्ने।

(३) उत्थानशिल पूर्वाधार निर्माण : प्राकृतिक प्रकोपहरूको सामना गर्न सक्ने घरहरू, विद्यालयहरू र स्वास्थ्य सुविधाहरू जस्ता उत्थानशिल पूर्वाधारहरू निर्माण गर्ने।

(४) जीविकोपार्जन विविधीकरण : कृषि जस्ता जलवायु संवेदनशील क्षेत्रहरूमा निर्भरता कम गर्न विविध जीविकोपार्जनकालाई प्रवर्द्धन गर्ने।

**(ख) जलवायु परिवर्तन अनुकूलन :**

(१) कृषि-पारिस्थितिक अभ्यासहरू : जलवायु-स्मार्ट कृषि अभ्यासहरू, जस्तै कृषि वन, संरक्षण कृषि, र पानी संकलन।



(२) इकोसिस्टम-आधारित अनुकूलन : उत्थानशिलता बढाउनको लागि वन र सिमसार जस्ता पारिस्थितिक प्रणालीहरूको संरक्षण र पुनर्स्थापना ।

(३) क्लाइमेट-स्मार्ट लघुपूर्वाधार : बाढी प्रतिरोधी सडकहरू र खडेरी प्रतिरोधी पानी प्रणालीहरू जस्ता जलवायु परिवर्तनका प्रभावहरूको लागि उत्थानशिल पूर्वाधारहरूको डिजाइन र निर्माण ।

(४) जलवायु परिवर्तन शिक्षा र सचेतना : समुदायका सदस्यहरूमा जलवायु परिवर्तनका प्रभावहरू र अनुकूलन रणनीतिहरूबारे चेतना जगाउने ।

(५) जलवायु-सूचित निर्णय-निर्धारण : स्थानीय योजना र विकास प्रक्रियाहरूमा जलवायु परिवर्तनका सिकाईहरु समावेश गर्न सहजिकरण गर्ने ।

यस आर्थिक वर्षमा ९२१ घरधुरी अन्तरगत दलितको ३२८ घरधुरी, जनजातिको ९९ घरधुरी, अन्यको ४५४ घरधुरी तथा राउटेको ४० घरधुरी अन्तर्गत महिला ५६४, पुरुष २८० जसमा राउटे समुदायका १३६ जना, अपांगता भएका व्यक्ति ३५ जनाका साथै बालिका १४०४, बालक ११२५, प्रत्यक्ष लाभान्वित भएका छन् । जस अनुसार यस आर्थिक वर्षका प्रमुख प्रगतिहरू देहायबमोजिम रहेका छन् :

- आगलागी सुरक्षाका उपायहरूबारे चेतना अभिबृद्दी साथै विद्यालय र घरमा हुन सक्ने सानातिना आगलागीको सामना गर्न आत्मविश्वास बढाउनका लागि वीरेन्द्रनगरको इत्राम विद्यालयमा विभिन्न सरोकारवालाहरुसंगको समन्वयमा १,२५० विद्यार्थी तथा कर्मचारीहरूको उपस्थितिमा अग्नि नियन्त्रण अभ्यास संचालन गरिएको छ ।
- मनसुनजन्य बाढी, पहिरो र डढेलो जस्ता जोखिमहरूमा संयुक्त योजनालाई सहजीकरण गर्दै बहु-प्रकोपीय विपद्हरूमा समयमै, समन्वयात्मक प्रतिकार्यका लागि सहभागीहरूलाई सक्षम बनाउन साथै विपद् पूर्वतयारी र समन्वयकारी भूमिकाका लागि सुर्खेतमा ४३ सहभागीहरूको अन्तर-क्लस्टर बैठकको आयोजनामा सहजीकरण गरिएको छ ।
- विपद् प्रोटोकलहरूसँग व्यावहारिक अनुभवलाई प्रवर्द्धन गरी संस्थागत तयारी, सरोकारवालाहरूसंग आपतकालीन समन्वय, प्रतिकार्य योजना, र अन्तर-निकाय सहकार्यमा व्यावहारिक ज्ञान अभिबृद्दीका लागि चार प्रमुख विपद् (बाढी, पहिरो, आगलागी, भूकम्प) परिदृश्यहरूमा केन्द्रित करिब १३० जना विभिन्न सरोकारवालाहरुको सहभागितामा सुर्खेत प्रदेश-स्तरीय सिमुलेशन अभ्यास पछि सिकाइ-साझेदारी कार्यशाला आयोजनामा सहभागीका साथै सहजीकरण गरिएको छ ।
- घोराही उपमहानगरपालिकामा (वडा नं. २ र ४), जम्मा ३५५ विद्यार्थी र १६५ समुदायका



सदस्यहरूलाई जलवायु परिवर्तन कारण, तथा यसका असरहरुको बारेमा आधारभूत ज्ञान उपलब्ध गराइएको छ।

- ग्रीन इकोनोमी एक्सिलरेटर परियोजनाको सहयोग र प्राबिधिक सहयोगमा घोराही उपमहानगरपालिकाले ४० माइक्रोनभन्दा कमको प्लास्टिकको प्रयोगलाई न्यूनीकरण गर्ने र हरित उद्यमहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्लास्टिक न्यूनीकरण ऐन तर्जुमा गरी स्वीकृत गरेको छ।
- जलवायु परिवर्तनका प्रभावहरूमा उत्थानशील हुने सुरक्षित र दिगो खानेपानी आपूर्ति प्रणाली सुनिश्चित गर्ने आफ्नो क्षमतालाई बलियो बनाउन दुल्लु नगरपालिका र चौकुने गाउँपालिकामा, १५० जना खानेपानी उपभोक्ता समितिका सदस्यहरूको सक्रिय सहभागितामा जलवायु-उत्थानशील खाने पानी सुरक्षा योजना तयार गरी कार्यान्वयन गरिएको छ।



- किसानहरूले उत्पादकत्व बढाउने र जलवायु परिवर्तनको प्रभावविरुद्ध उत्थानशीलतालाई बलियो बनाउने सुधारिएको कृषि प्रविधिहरूको प्रयोगलाइ दिगो बनाउन दुल्लु र गुराँस गाउँपालिकामा, दुईवटा किसान पाठशालाहरूले ४८ जना किसानहरूलाई जलवायु-उत्थानशील औजार र अभ्यासहरूका लागि सहजीकरण गरिएको छ।
- विपद्हरूको प्रभावकारी रूपमा प्रतिकार्य गर्न, जोखिमहरू न्यूनीकरण गर्न, र आपतकालीन अवस्थामा समयमै समन्वय सुनिश्चित गर्न जाजरकोट र पश्चिम रुकुमका ११ वटा नगरपालिकाहरूमा (बरेकोट, भेरी, छेडा, जुनचाँदे, कुशे, त्रिवेणी, नलगाड) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरू (DPRPs) संस्थाको प्राबिधिक सहयोगमा तयार गरी स्वीकृत गरी कार्यान्वनमा आएको छ।



- ग्रीन कर्णाली परियोजनाको सहयोगमा उत्थानशीलता अभिबृद्वी गर्न दुल्लु, गुराँस, र तुर्माखाँद गाउँपालिकाका जम्मा ५३५ किसानहरूले (१९० पुरुष र ३४५ महिला) खेतीयोग्य जमिन र वन क्षेत्र गरी करिब १० हेक्टर क्षेत्रफलमा १,७०० सुन्तला, १,१०० कागती, ३,००० टिमुर, ३,००० अम्बा, १,८०० जामुन, ३,००० राज खन्यु, ३,००० अम्रिसो, ३,००० सुपर नेपियर (घाँस), र ५० केजी गिठ्ठा बृक्षारोपण गरिएको छ।
- १७१ जनाको उपस्थितिमा योजनाको खतरा पहिचान, प्रणाली मर्मतसम्भार, र आपतकालीन पूर्वतयारीका



लागि चामुण्डा, दुल्लु, महाबु, गुराँस, र डुंगेश्वरमा पाँचवटा पालिका-स्तरीय खानेपानी सुरक्षा योजना (ध्कए) तालिम, पाँचवटा सञ्चालन तथा मर्मतसम्भार कार्यशाला, एक जिल्ला-स्तरीय गाउँ मर्मत कार्यकर्ता (VMW) तालिम र छ वटा समन्वय बैठकहरू सञ्चालन गरिएको छ।

- विद्यालय तथा समुदायमा वातावरणीय चेतना अभिवृद्धि, र विद्यालयहरूमा हरियाली, माटो संरक्षण, र जलवायु उत्थानशीलता प्रवर्द्धनका लागि ठाँटीकाँध गाउँपालिकाका बाल क्लब, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, र सरोकारवालाहरू गरी ६७ जनाको सहभागितामा वातावरण दिवसको अवसरमा पालिकाका दुईवटा विद्यालयमा बायो-इन्जिनियरिङ गतिविधिहरू र चारवटा विद्यालयमा वृक्षारोपण गरिएको छ।

### ३.६ खानेपानी, स्वस्थ, सरसफाई तथा पोषण :

पानी, सरसफाइ र स्वच्छता र पोषण ग्रामीण नेपालमा ध्यान केन्द्रित गर्ने महत्वपूर्ण क्षेत्रहरू हुन्, जहाँ धेरै समुदायहरूले स्वच्छ पानी, उचित सरसफाइ र पौष्टिक आहारको पहुँचमा चुनौतीहरूको सामना गर्नुपरेको छ। सोसेक नेपालले पानीजन्य रोगको उन्मूलन र मृत्युदर घटाउन उचित सरसफाइ, सरसफाइ अभ्यास गर्ने गराउने र व्यवहारमा परिवर्तन ल्याउने उद्देश्यले नेपालका ग्रामीण भेगमा सबैका लागि स्वच्छ खानेपानीको पहुँच पुर्याउन विभिन्न परियोजना र कार्यक्रम सञ्चालन गर्दै आएको छ। समुदायको सुरक्षित खानेपानी, सरसफाइ र आधारभूत स्वास्थ्य सुविधामा पहुँच पुर्याउनु नै सोसेक नेपालको यस कार्यक्षेत्रको क्षेत्रगत मुख्य लक्ष्य रहेको छ। जसमा सोसेक नेपालले खानेपानी तथा सरसफाइ समितिहरूको गठन तथा योजना निर्माणमा सहजीकरण र प्राविधिक सहयोग प्रदान गर्दछ जस अन्तरगत;

**(१) सुरक्षित खानेपानी आपूर्ति :** सुरक्षित पिउने पानीमा पहुँच सुनिश्चित गर्न इनार, मुहान वा पाइपको पानी प्रणाली जस्ता पानीका स्रोतहरूको निर्माण वा पुनर्स्थापनामा प्राविधिक सहयोग।

**(२) सरसफाइ :** शौचालय र उचित फोहोर व्यवस्थापन विधिहरू जस्ता सुधारिएको सरसफाइ सुविधाहरूको प्रयोगलाई प्रवर्द्धन गर्ने,

**(३) स्वच्छता प्रवर्द्धन :** हात धुने, महिनावारीमा ध्यान केन्द्रित गर्दै स्वच्छता शिक्षा र सचेतना अभियानहरू

सञ्चालन गर्ने । स्वच्छता, र सुरक्षित पानी भण्डारण र उपचारका लागि सहयोग ।

(४) आहार विविधता : फलफूल, तरकारी, गेडागुडी, र पशु-स्रोत खाद्य पदार्थ सहित विभिन्न खाद्य पदार्थ को खपत को प्रोत्साहन,

(५) शिशु र युवा बाल आहार : पहिलो छ महिनाको लागि विशेष स्तनपान र दुई वर्षको उमेर सम्म पूरक आहारसंग निरन्तर स्तनपानका लागि सहजिकरण र चेतना अभिवृद्धिका कार्य गर्ने,

(६) सूक्ष्म पोषक तत्व पूरक : विशेष गरी गर्भवती र स्तनपान गराउने महिला र बालबालिकाका लागि भिटामिन र खनिज पूरकहरू प्रदान गर्ने,

(७) खाद्य सुरक्षा : दिगो कृषि अभ्यासहरूलाई प्रवर्द्धन गर्दै र खाद्य उत्पादन र भण्डारण प्रविधिहरू प्रवर्द्धन गर्ने ।

यस आर्थिक वर्षमा ५९९० घरधुरी अन्तरगत दलितको २०९९ घरधुरी, जनजातिको ७१६ घरधुरी, अन्यको ३१३५ घरधुरी तथा राउटेको ४० घरधुरी अन्तर्गत महिला ६०६५,, पुरुष ५७२४ जसमा राउटे समुदायका १३६ जना, अपांगता भएका व्यक्ति ३१५ जना, एकल महिला १०१ जनाका साथै  बालिका ८९७६, बालक ८८४०, प्रत्यक्ष लाभान्वित भएका छन् । जस अनुसार यस आर्थिक वर्षका प्रमुख प्रगतिहरू देहायबमोजिम रहेका छन् :

- दुल्लु, डुङ्गेश्वर, चामुण्डा, नारायण, गुराँस र महाबुमा २० वटा खानेपानी योजनाहरू (२ वटा लिफ्ट र १८ वटा ग्राभिटी प्रवाह) निर्माण तथा पुनर्स्थापना गरियो, जसबाट ९७९ वटा धाराहरूमार्फत १,०९५ घरधुरीका ६,२८५ मानिसहरू लाभान्वित भएका छन् ।
- महाबु वडा-५ र गुराँस वडा-८ मा स्थानीय अगुवाहरू, महिला स्वास्थ्य स्वयंसेविकाहरू, ज्येष्ठ नागरिकहरू, घरधुरीहरू र वडा प्रतिनिधिहरूको सक्रिय सहभागितामा दुईवटा वडा-स्तरीय पूर्ण सरसफाइ अभियानहरू सञ्चालन गरिएको छ, जसले व्यवहार परिवर्तन, पूर्ण सरसफाइको अवस्था र सुधारिएको स्वच्छता अभ्यासहरूलाई प्रवर्द्धन गर्न योगदान गरेको छ ।
- दुल्लु, डुङ्गेश्वर, चामुण्डा, नारायण, गुराँस र महाबुमा योजनाहरूको व्यवस्थापन गर्न र सामुदायिक स्वामित्व सुनिश्चित गर्न २० वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू (WUSCs) गठन वा पुनर्गठन गरिएको छ ।
- शौचालयको प्रयोग, हात धुने, सुरक्षित पानीको प्रयोग र उचित फोहोर व्यवस्थापन जस्ता मुख्य सरसफाइ सूचकहरूलाई प्रवर्द्धन गर्न १,१४४ घरधुरीहरूको भ्रमण गरी घरधुरी-स्तरीय सरसफाइ प्रवर्द्धन अभियान सञ्चालन गरिएको छ ।
- चामुण्डा, दुल्लु, महाबु, गुराँस र डुङ्गेश्वरमा खाने पानी तथा सरसफाइ योजनाहरूको दिगोपन र कार्यक्षमतालाई सुदृढ पार्न खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका प्रतिनिधिहरू, पालिकाका अधिकारीहरू र वडा अध्यक्षहरूसँग सञ्चालन तथा मर्मतसम्भार कार्यशालाहरू आयोजना गरिएको छ ।
- गुराँस गाउँपालिकाका १९ वटा खानेपानी योजना स्थलहरूमा समिति सदस्यहरूका लागि प्रत्येकमा ६ वटा सत्रका दरले ११४ वटा स्वच्छता सचेतना सत्रहरू प्रदान गरिएको छ, जसले सुरक्षित स्वच्छता अभ्यासहरू र पानीको प्रयोगलाई सुदृढ पर्न सहयोग गरेको छ ।
- भूकम्प प्रभावित नलगाड नगरपालिकाका आठवटा वडाहरू (१, २, ३, ६, ७, ८, ११, र १२) मा जलवायु-उत्थानशील तथा विपद् जोखिम न्यूनीकरण (DRR)





मा आधारित सुरक्षित खानेपानी तथा सरसफाइ संरचनाहरू निर्माण गरिएका छन्। कुल १४ वटा खाने पानी योजनाहरूमार्फत ८,४५० मानिसहरूलाई खाने पानीको सुरक्षित र दिगो सेवाहरू प्रदान गरिएको छ।

- जाजरकोट जिल्लाको नलगाड नगरपालिकाका ८ वटा वडाहरूमा सामुदायिक सरसफाइ प्रवर्द्धनका लागि १७ वटा अपाङ्गता-मैत्री शौचालयहरू र थप १,०५० वटा घरायसी शौचालयहरू निर्माण तथा सुधार गरिएका छन् । यसले सुरक्षित सरसफाइ सुनिश्चित गर्न र फोहोर-सम्बन्धित सम्भावित विपद्हरूलाई न्यूनीकरण गर्न महत्त्वपूर्ण भूमिका खेले को छ। सामुदायिक शौचालयहरूबाट कुल ५,१०० मानिसहरू र अपाङ्गता-मैत्री शौचालयहरूबाट २० जना अपाङ्गता भएका व्यक्तिहरूले प्रत्यक्ष लाभ प्राप्त गरेका छन् ।
- जाजरकोट जिल्लाको नलगाड नगरपालिकाका कुल २० जना स्थानीय स्रोत व्यक्तिहरूले (LRPs) समुदायसँग संरचना निर्माण, अनुगमन, र खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) प्रवर्द्धनमा सहकार्य गरी दिगोपनामा योगदान पुर्याएका छन् ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी पहलहरूमा समन्वय, सुशासन र एकरूपता बढाउन दुल्लु, डुङ्गेश्वर, चामुण्डा, नारायण, गुराँस र महाबुमा छ वटा पालिका-स्तरीय समन्वय बैठकहरू आयोजना गरिएको छ।
- दुल्लु, चामुण्डा, महाबु, डुङ्गेश्वर र गुराँसमा १९ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका ९२ जना सहभागीहरूलाई संलग्न गराई पाँचवटा खाने पानी सुरक्षा योजना (WSP) तालिम कार्यक्रमहरू सञ्चालन गरी खानेपानी सुरक्षा योजना निर्माण गरिएको छ।
- दुल्लु र चौकुनेका १५० जना खानेपानी तथा सरसफाइ योजना उपभोक्ता समितिका सदस्यहरूलाई जलवायु-उत्थानशील खानेपानी सुरक्षा योजना तथा कार्यान्वयनमा तालिम दिइएको छ।
- गर्ल्स म्याटर परियोजनामार्फत नारायण नगरपालिकालाई सम्भाव्यता अध्ययन, डिजाइन, लागत अनुमान, र पाइपलाइन, पानी मिटर, तथा खानेपानी योजना निर्माणका लागि प्राविधिक सहयोग प्रदान गरी २५ जना दलित समुदायका सदस्यहरू सहित २३६ जना व्यक्तिहरू लाभान्वित भएका छन् ।
- १० वटा विद्यालयहरू (नारायण-१, चामुण्डा-३, दुल्लु-१, गुराँस-३, महाबु-२) मा संस्थागत धाराहरू जडान गरी १,४८० विद्यार्थीहरूलाई र पाँचवटा स्वास्थ्य संस्थाहरूमा सुरक्षित पिउने पानीमा पहुँच पुगेको छ।
- दुल्लु र चौकुनेका १३६ जना विद्यालय

सरोकारवालाहरू (प्रधानाध्यापक, शिक्षक, सम्पर्क व्यक्ति) लाई (यी दुई पालिकाका सबै विद्यालयका सदस्यहरूलाई समेटेर) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता (School WASH) सम्बन्धी तालिम र विद्यालयको सरसफाइ स्तर मूल्याङ्कन तथा सुधार गर्न ३-तारे दृष्टिकोणमा आधारित स्व-मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिएको छ।

- दुल्लु र चौकुनेका १३६ जना विद्यालय सरोकारवाला हरू (प्रधानाध्यापक, शिक्षक, सम्पर्क व्यक्ति) लाई (यी दुई पालिकाका सबै विद्यालयका सदस्यहरू) र ४६ जना कार्यकारी तथा प्यानल सदस्यहरूलाई पनि विद्यालयमा सरसफाइको अवस्थाबारे तालिम उपलब्ध गराइएको छ।
- नारायण नगरपालिका-११ को रैनादेवी विद्यालयमा अपाङ्गता-मैत्री शौचालय निर्माण गरिएको छ, जसबाट २३२ विद्यार्थीहरू लाभान्वित भएका छन्, र दैलेखका नौवटा विद्यालयहरू पुनर्निर्माण गरी ८३७ बालबालिकाहरूका लागि सिकाइ वातावरण सुधारमा सहयोग गरिएको छ।
- दैलेखका आठवटा विद्यालयहरूमा महिनावारी स्वच्छता व्यवस्थापन (MHM) सुविधाहरू (इन्सिनेरेटर र बिनहरू) जडान गरिनुका साथै महिला शिक्षकहरूलाई MHM मा तालिम र सरसफाइलाई सुदृढ पार्न साथी-शिक्षण (peer–to–peer learning) को सुरुवात गरिएको छ।
- दैलेखका आठवटा विद्यालयहरूका ४९७ किशोरीहरूलाई व्यक्तिगत सरसफाइ र सफा विद्यालय वातावरणको महत्त्वबारे प्रशिक्षण प्रदान गरिएको छ।
- नलगाडको भूकम्प प्रभावित क्षेत्रहरूमा, ८ वटा विद्यालयका २,५८४ विद्यार्थीहरूलाई खानेपानी





आपूर्ति निर्माण तथा पुनर्निर्माणमार्फत सुरक्षित र दिगो पिउने पानी उपलब्ध गराइएको छ। साथै, सरसफाइ प्रवर्द्धनात्मक गतिविधिहरूले यी विद्यार्थीहरूलाई स्वच्छता र सरसफाइको महत्त्वप्रति थप संवेदनशील बनाएको छ।

- २० वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूका (दुल्लु, डुङ्गेश्वर, चामुण्डा, नारायण, गुराँस, महाबु) १४० जना समिति सदस्यहरूलाई प्रति सदस्य तीनवटा तालिम कार्यक्रमहरूमार्फत व्यवस्थापकीय, संगठनात्मक र वित्तीय व्यवस्थापन सीपहरूमा तालिम दिइएको छ।
- नारायण, डुङ्गेश्वर, चामुण्डा र दुल्लुमा खानेपानी निर्माण सामग्रीको खरिद प्रक्रिया क्षमता बिकासका लागि खरिद समितिका सदस्यहरूका लागि चार वटा खरिद तालिमहरू (प्रत्येकी २-दिने) उपलब्ध गराइएको छ।
- गुराँसका १९ वटा खानेपानी योजनाहरूको प्रतिनिधित्व गर्ने ४० जना व्यक्तिहरूलाई (प्रत्येक २० योजनाबाट १ पुरुष र १ महिला) पाइप जोड्ने प्रविधि, सामग्री पहिचान, र जीआई पाइप मर्मतसम्भार जस्ता विषयमा गाउँ-स्तरीय मर्मतसम्भार तालिम प्रदान गरिएको छ।
- दुल्लु, डुङ्गेश्वर, चामुण्डा, नारायण, गुराँस र महाबुका १९ वटा खानेपानी योजनाहरूका २० जना गाउँ मर्मत कार्यकर्ताहरूलाई (VMWs) प्राविधिक मर्मत र द्रुत मर्मत सुनिश्चित गर्न तालिम दिई समुदाय स्तरमा नै प्राबिधिक उत्पादनमा सहयोग गरिएको छ।
- नलगाड (वडाहरूः १, २, ३, ६, ७, ८, ११, र



१२) मा JRAP WASH को फलो-अपले जाजरकोट र रुकुम पश्चिमका ७० वटा खानेपानी योजनाहरूमा १४ वटा इनलाइन क्लोरिनेसन र ७ वटा चुन हटाउने उपकरणहरू जडान गरी पानीको गुणस्तरका गम्भीर समस्याहरूलाई समाधान गरेर सफलतापूर्वक सुधार गरिएको छ। गाउँ मर्मत कार्यकर्ताहरू र उपभोक्ता समूहहरूका लागि तालिमका साथै मर्मतसम्भार उपकरण बाकसहरू प्रदान गर्नाले स्थानीय क्षमता र स्वामित्वलाई उल्लेखनीय रूपमा बढाएको छ।

- दुल्लु नगरपालिका र चौकुने गाउँपालिकाका कुल १,७२८ किशोरीहरूलाई आइरन-फोलिक एसिड (IFA) पूरक, सुरक्षित पिउने पानी र सरसफाइ बारे सचेतना कार्यक्रम संचालन गरिएको छ। DHIS२ प्रणाली अनुसार, चौकुने गाउँपालिकामा १,७०३ किशोरीहरूले नियमित रूपमा IFA पूरक लिइरहेका छन्।
- दुल्लु नगरपालिकामा, स्वास्थ्य संस्थाका प्रमुखहरू र स्वास्थ्य तथा पोषण शाखाका सदस्यहरू सहित २४ जना व्यक्तिहरू र चौकुने गाउँपालिकाबाट २१ जना व्यक्तिहरूले DHIS२ प्रणाली अद्यावधिक गर्ने बारे पुनर्ताजगी तालिम प्राप्त गरी DHIS२ प्रणाली अद्यावधिक नियमित गर्ने गरेका छन्।
- दुल्लुमा १३६ र चौकुनेमा ८५ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई पोषण तालिम प्रदान पश्चात ६-५९ महिनाका ३,२१२ बालबालिकाहरूको पोषण स्थिति मूल्याङ्कन गरिएको छ, जसले मूल्याङ्कन र तथ्याङ्क प्रविष्टिमा वृद्धि देखाएको छ।
- जुम्लाको चन्दननाथ नगरपालिकाका वडा नं. १, ४, ५, ६, ८ र ९, र सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाका वडा नं. १, २, ६, ७, र ८ का कुल ११० घरधुरीहरूले करेसाबारी स्थापनाका लागि आवश्यक सहयोग उपलब्ध गराइएको छ, जसपश्चात उनीहरूले आफ्नो करेसाबारीमा तरकारी उत्पादन गरी सुधारिएको पोषणका लागि साप्ताहिक रूपमा ताजा तरकारी उपभोग गर्दै आएका छन्।
- जुम्लाको चन्दननाथ नगरपालिकाका वडा नं. १, ४, ५, ६, ८ र ९, र सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाका वडा नं. १, २, ६, ७, र ८ भित्रका विभिन्न समुदायका कुल ४१२ महिलाहरूले सुरक्षित मातृत्वबारे ज्ञान हासिल गरेका छन्।
- जुम्ला र सुर्खेतमा महिला स्वास्थ्य स्वयंसेविका दिवस, एचआईभी/एड्स दिवस, र स्तनपान सप्ताह मनाइएको छ, जसको परिणामस्वरूप ४२ जना किशोरकिशोरीहरू र १७० जना वयस्कहरूमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR) प्रति सकारात्मक दृष्टिकोणको विकास भएको छ साथै समुदायभित्र यस्ता मुद्दाहरूमा खुला संवादको वातावरण सिर्जना हुन थालेको छ।



## ३.७ संस्थाद्धारा आ.व. ०८१/ ०८२ मा संचालित परियोजना तथा कार्यक्रमबाट लाभान्वित जनसंख्याको विवरण:

| सिनं. | कार्य क्षेत्रगत विवरण | जातजाति अनुसार घरधुरी | | | | | जनसंख्या विवरण | | | | | | | | | | | | | | | | | | | जम्मा (क) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | राउटे | अन्य | जम्मा | दलित | | | जनजाती | | | राउटे | | | अन्य | | | यौनिक अ.संख्यक | एकल महिला | अपांगता भएका व्यक्ति | एचआइभी संक्रमित | | | | |
| | | | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | | | | | | |
| १ | असमानताको विरुद्ध पैरवी | २५७४ | ४७७ | ४० | २८५१ | ५९४२ | ६६४८ | ३१५० | ९७९८ | ७०२ | ६७५ | १३७७ | ७४ | ६२ | १३६ | ३४२८ | ३२९१ | ६७१९ | ५३ | ३०७ | ३६ | ० | | | | १८४२६ |
| २ | उत्थानशिल जिबिकोपार्जन | २२१५ | ११९१ | ४० | ३८६४ | ७३१० | ४३७९ | ४२२४ | ८६०३ | २१७७ | २१०६ | ४२८३ | ७४ | ६२ | १३६ | ६८८१ | ६८६१ | १३७४२ | ११ | १६० | १०२ | २ | | | | २७०३९ |
| ३ | सुरक्षा र जिबन रक्षा | ३२८ | ९९ | ४० | ४५४ | ९२१ | ३२८ | ६० | ३८८ | ४५ | ४४ | ८९ | ७४ | ६२ | १३६ | ११७ | ११४ | २३१ | ७ | ० | ३५ | ० | | | | ८८६ |
| ४ | खानेपानी, स्वास्थ्य तथा पोषण | २०९९ | ७१६ | ४० | ३१३५ | ५९९० | १८२६ | १७५५ | ३५८१ | १००१ | ९६३ | १९६४ | ७४ | ६२ | १३६ | ३०६३ | २९४४ | ६००७ | ११ | १०१ | ३१५ | ० | | | | १२११५ |
| ५ | बाल समृद्धि | २६३३ | ४३२ | ४० | २३८७ | ५४९२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ | ० | ३५१ | ० | | | | ३६० |
| ६ | जिवनोपयोगी सीप र समावेशी शिक्षा | २१४७ | ७१६ | ४० | ५८७९ | ८७८२ | १७२० | ९६० | २६८० | ९३ | ८० | १७३ | ० | ० | ० | ० | ० | ० | ९ | २४७ | १०७ | ० | | | | ३२१६ |
| जम्मा | | ११९९६ | ३६३१ | २४० | १८५७० | ३४४३७ | १४९०१ | १०१४९ | २५०५० | ४०१८ | ३८६८ | ७८८६ | २९६ | २४८ | ५४४ | १३४८९ | १३२१० | २६६९९ | १०० | ८१५ | ९४६ | २ | | | | ६२०४२ |
| | दोहोरिएको | २१९५ | ४५१ | २०० | ३६७१ | ६५१७ | २०५५ | १९३० | ३९८५ | ९८० | ७६० | १७४० | २२२ | १८६ | ४०८ | ३६१९ | ३२१५ | ६८३४ | ४७ | ३६० | ३९ | ० | | | | १३४१३ |
| | बास्तविक जम्मा | ९८०१ | ३१८० | ४० | १४८९९ | २७९२० | १२८४६ | ८२१९ | २१०६५ | ३०३८ | ३१०८ | ६१४६ | ७४ | ६२ | १३६ | ९८७० | ९९९५ | १९८६५ | ५३ | ४५५ | ९०७ | २ | | | | ४८६२९ |

| सिनं. | कार्य क्षेत्रगत विवरण | बालबालिका विवरण | | | | | | | | | | | | | | जम्मा (ख) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | | जनजाती | | | राउटे | | | अन्य | | | अपांगता भएका बाल बालिका | यौनिक अल्पसंख्यक बालबालिका | |
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | | | |
| १ | असमानताको विरुद्ध पैरवी | २३७ | २३६ | ४७३ | १३४ | १३३ | २६७ | ३१ | २९ | ६० | २३७७ | २३२९ | ४७०६ | ४५ | २७ | ५५७८ |
| २ | उत्थानशिल जिबिकोपार्जन | २३२४ | १९०२ | ४२२६ | १११० | ९८५ | २०९५ | ३१ | २९ | ६० | ३५७६ | ३३०२ | ६८७८ | ९० | ९ | १३३५८ |
| ३ | सुरक्षा र जिबन रक्षा | ३२३ | ३१२ | ६३५ | १२५ | १२७ | २५२ | ३१ | २९ | ६० | ९२५ | ६५७ | १५८२ | १५० | ० | २६७९ |
| ४ | खानेपानी, स्वास्थ्य तथा पोषण | ९८१ | ९७० | १९५१ | ६१३ | ५६१ | ११७४ | ३१ | २९ | ६० | ७३५१ | ७२८० | १४६३१ | ३५१ | ११ | १८१७८ |
| ५ | बाल समृद्धि | १४३२ | १३७७ | २८०९ | ७८५ | ७५५ | १५४० | ३१ | २९ | ६० | २४०२ | २३०९ | ४७११ | ४०१ | ११ | ९५३२ |
| ६ | जिवनोपयोगी सीप र समावेशी शिक्षा | २५१७ | २४२३ | ४९४० | १३८० | १३२९ | २७०९ | ३१ | २९ | ६० | ४२२२ | ४०६५ | ८२८७ | १५० | ९ | १६१५५ |
| जम्मा | | ७८१४ | ७२२० | १५०३४ | ४१४७ | ३८९० | ८०३७ | १८६ | १७४ | ३६० | २०८५३ | १९९४२ | ४०७९५ | ११८७ | ६७ | ६५४८० |
| | दोहोरिएको | ६१ | ६३ | १२४ | १३ | १९ | ३२ | १५५ | १४५ | ३०० | ६११ | ९०० | १५११ | १५० | १४ | २१३१ |
| | बास्तविक जम्मा | ७७५३ | ७१५७ | १४९१० | ४१३४ | ३८७१ | ८००५ | ३१ | २९ | ६० | २०२४२ | १९०४२ | ३९२८४ | १०३७ | ५३ | ६३३४९ |

# भाग-४

# आर्थिक प्रगति विवरण

## ४.१ परियोजना तथा कार्यक्रमगत आर्थिक विवरण:

| क्र.स. | कार्यक्रमको नाम | साझेदार संस्था | आ.ब. २०८१/०८२ को कुल खर्च | आ.ब. २०८२/०८३ को अनुमानित बजेट | आ.ब. २०८३/०८४ को प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक कोष | | १,३१४,८९६.०० | १,८७८,०००.०० | १,९७१,९००.०० | |
| | बाह्य श्रोत तर्फ | | | | | |
| २ | महिला, यूवा तथा बाल अधिकार प्रबर्धन (आधार) परियोजना | AEIN Luxemberg | १३,९४७,९४६.०० | १३,५००,०००.०० | १३,५००,०००.०० | |
| ३ | एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम | HELVETAS NEPAL | ४७,६४२,३९७.०० | ४५,०००,०००.०० | ४७,२५०,०००.०० | |
| ४ | सहयात्रा तेश्रो परियोजना पालिका साझेदारी | चामुण्डा विन्द्रासैनी नगर पालिका | ४,६९०,६५१.०० | ५,०००,०००.०० | ६,०००,०००.०० | |
| ५ | सहयात्रा परियोजना–III,SOGIE & C&K परियोजना | Save the Children | ७१,३०६,४९३.०० | ७८,४३७,१४२.३० | ८२,३५८,९९९.४२ | |
| ६ | राउटे समुदायको शिक्षा, स्वास्थ्य अधिकार प्रवर्द्धन तथा दैनिक जीवनयापन सुधार (राउटे) परियोजना: | AEIN Luxemberg | १०,६०९,७९०.०० | ९,०००,०००.०० | ९,०००,०००.०० | |
| ७ | भेदभाव सम्बोधन तथा पोषण, स्वच्छता, र सामाजिक न्याय प्रबर्धन - बालिका ससक्तिकरण परियोजना | unicef | १६,९१४,१४७.०० | १७,०००,०००.०० | १७,८५०,०००.०० | |
| ८ | बाल हेल्पलाईन १०९८, (कालिकोट र दैलेख),महिला तथा बालबालिका केन्द्र (कालिकोटर दैलेख) | NCRC विभिन्न पालिका र सामाजिक विकास मन्त्रालय | १,१२१,४०४.०० | १,२००,०००.०० | १,२६०,०००.०० | |
| ९ | गुणस्तरीय शिक्षा अभिवृद्धि, स्वास्थ्य र जीविकोपार्जन सहयोग (सहकार्य) परियोजना | AEIN Luxemberg ठाटिकाँध गाउँपालिका | १७,५८३,०९४.०० | १७,०००,०००.०० | १७,८५०,०००.०० | |
| १० | ग्रीन कर्णाली परियोजना | DCA | १०,९८४,०७५.०० | ११,०००,०००.०० | ११,५५०,०००.०० | |
| ११ | बाल प्रयोजन संरक्षण तथा समावेशी गुणस्तरीय शिक्षा परियोजना | World Vision | २३,८३८,४६८.०० | २५,०००,०००.०० | २६,२५०,०००.०० | |

| क्र.स. | कार्यक्रमको नाम | साझेदार संस्था | आ.ब. २०८१/०८२ को कुल खर्च | आ.ब. २०८२/०८३ को अनुमानित बजेट | आ.ब. २०८३/०८४ को प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १२ | सशक्त महिला सम्बृद्ध नेपालः | EU/UNFPA,UNFPA, UNICEF, ILO, UN Women | ३८,५२५,४२२.०० | ३५,०००,०००.०० | ५,०००,०००.०० | |
| १३ | सयुक्त पुर्नालाभ कार्ययोजना खाने पानी, सरसफाई तथा स्वच्छता | unicef | ४६,०१५,३७२.०० | | - | |
| १४ | नेपाल जीविकोपार्जन तथा उत्थानशिल कार्यक्रम (NLRP) | CARC16:C25ITAS Nepal | ३,४८०,५४५.०० | ३,८५०,०००.०० | ४,०४२,५००.०० | |
| १५ | जाजरकोट वास रिकोभरी परियोजना- इस्लामिक रिलिफ | Islamic Relief Nepal | २,०३३,३१६.०० | २५,०००,०००.०० | ५०,०००.०० | |
| १६ | सयुक्त पुर्नालाभ कार्ययोजना (बल संरक्षण) | Unicef | ८,९६७,०७६.०० | | - | |
| १७ | लैङ्गिकता जीवनोपयोगी सिप र वित्तीय शिक्षा परियोजना | SAMUNNAT Nepal | | - | - | |
| १८ | ग्रीन इकोनमि एक्सलेटर परियोजना | IM SWEDISH | ८,२६५,४३३.०० | ३,०००,०००.०० | | |
| १९ | हातेमालो - हाम्रो आवाज हाम्रो सहभ(ागिता परियोजना | CBM Nepal | १७,७८७,५२६.०० | १२,०००,०००.०० | १२,६००,०००.०० | |
| २० | सक्षम परियोजना | UNDP | | - | - | |
| २१ | विहानी परियोजना | AEIN Luxemberg | १२,१७९,१२४.०० | १२,५००,०००.०० | १३,१२५,०००.०० | |
| २२ | हाम्रो प्रतिज्ञा | People in Need | १७,४५४,३७८.०० | | - | |
| २३ | गिफ्ट परियोजना | DCA | ३,८६८,०५७.०० | २,५००,०००.०० | २,६२५,०००.०० | |
| २४ | इनोभेसन फण्ड | DCA | ५,३४९,८२५.०० | | - | |
| २५ | सामाजिक व्यवहार परिवर्तन | Unicef | २,४५५,७७९.०० | १२,०००,०००.०० | | |
| २६ | सवलिकरण तथा दिगो यौंन तथा प्रजनन् अधिकार | IPAS | | ११,०००,०००.०० | १२,०००,०००.०० | |
| २७ | उत्थानशिल स्वास्थ्य प्रणाली | IPAS | | ४,०००,०००.०० | १२,०००,०००.०० | |
| २८ | लिटिल स्टेप ब्राइट फ्युचर परियोजना | Save the Children | - | १५,०००,०००.०० | १०,०००,०००.०० | |
| २९ | सामाजिक तथा वितिय साक्षरता | अफ्लाटुन | - | २५०,०००.०० | ३००,०००.०० | |
| ३० | Rural Village Resources Management Project Naumule Rural Municipality | | २०८,०२९.०० | | | |
| ३१ | Rural Village Resources Management Project Bhagwatimai Rural Municipality | | २५,९९९.०० | | | |
| | **कुल जम्मा** | | ३८६,५६९,२४२.०० | ३६०,११५,१४२.३० | ३६६,५८३,३९९.४२ | |

**D. & D. Associates**
*Chartered Accountants*

Hetauda Sub-metropolitan city-4
Post box No. 44107
Makawanpur, Nepal
Branch Office: Tinkune, Kathmandu

Phone No.: +977 057-524268
Website: www.dnda.com.np
Email: caddnepal@gmail.com

## INDEPENDENT AUDITOR'S REPORT

To Members,
SOSEC Nepal

### Report on the Audit of the Financial Statements

**Opinion**

We have audited the accompanying financial statements of SOSEC Nepal (the 'Organization'), which comprise the statement of financial position as at 32 Ashad 2082 (16 July 2025), statement of Income & Expenditure, statement of change in reserves and statements of cash flows for the year then ended, including notes and a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly in all maternal respects, the financial position of SOSEC Nepal as at 32 Ashad 2082 (16 July 2025), its financial performance and its cash flows for the year then ended in accordance with Nepal Accounting Standards (NASs) for Not-for-Profit Organization (NPOs) 2018 & Generally Accepted Accounting Practices for NPOs.

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the audit of the financial statements section of our report. We are independent of the Organization in accordance with the ICAN's Handbook of code of ethics for professional accountants together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's handbook of The Code of Ethics For Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgement, were of most significance in our audit of the financial statements of the financial year ended on 32 Ashad 2082 (16 July 2025). These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. Except for the matters described in the Basis of Opinion paragraph, we have determined that there are no key audit matters to communicate in our report.

D. & D. ASSOCIATES
Chartered Accountants

**Responsibilities of management and those Charged with Governance for the Financial Statements.**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NASs, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Organization's financial reporting process

**Auditor's Responsibilities for the Audit the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free form material misstatements, whether due to fraud or error, and to issue as auditor's report that includes our opinion. Reasonable assurance is high level assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements. As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism through the audit. We also:

- Identify and assess the risks of material misstatement of the Organization's financial statements, whether due to fraud of error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstance, but not for the purpose of expressing an opinion on the effectiveness of the Organization's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Organization's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may the Organization to cease to continue as going concern.

D. & D. ASSOCIATES
Chartered Accountants

- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- We communicate with those charged with governance regarding, among other matters, the planed scope and timing of the audit and significant audit findings, including any significant deficiencies in the internal control that we identify during our audit.

**Report on Other Legal and Regulatory Requirements**

As required by the Income Tax Directives 2066 (4th amendment, 2078), Chapter 09, article 9.3.2 *(page no. 131, point no. 5)*, we found that:

- The organization has deducted/paid TDS as per the Income Tax Act, 2058,
- The organization has conducted activities as prescribed in its constitution.

For D. & D. Associates,
*Chartered Accountants*

D. & D. ASSOCIATES Chartered Accountants

Rohit Dhital, FCA
Partner

Place: Kathmandu
Date:2082.05.07

UDIN: 250904CA01307aPfHn

SOSEC Nepal
Narayan Municipality-01, Dailekh

**Statement of Financial Position**
As at 32 Ashad 2082 (Corresponding to 16 July 2025)

*(Amount in NPR)*

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant & Equipment | 1 | 9,553,994 | 9,289,284 |
| Intangible Assets | | 84,750 | 84,750 |
| Other non-current assets | | - | - |
| **Total Non-Current Assets** | | **9,638,744** | **9,374,034** |
| **Current Assets** | | | |
| Inventories | | - | - |
| Prepayments & Accounts receivables | 2 | 3,615,410 | 2,401,942 |
| Cash and cash equivalents | 3 | 63,678,824 | 70,582,272 |
| **Total Current Assets** | | **67,294,234** | **72,984,214** |
| **Total Assets** | | **76,932,978** | **82,358,248** |
| **LIABILITIES & RESERVES** | | | |
| **Accumulated Reserves** | | | |
| Unrestricted Funds/Accumulated Surplus | 4 | 3,458,870 | 1,865,037 |
| Designated Funds | 5 | 5,000,000 | - |
| Restricted Funds | 6 | 43,484,380 | 62,573,543 |
| Other Capital Reserves | | 8,331,081 | 8,713,058 |
| **Total Accumulated Reserves** | | **60,274,331** | **73,151,638** |
| **Non-Current Liabilities** | | | |
| Deferred Revenue | | - | - |
| Other Non-current Liabilities | | - | - |
| **Total Non-Current Liabilities** | | - | - |
| **Current Liabilities** | | | |
| Accounts payable | 7 | 16,658,647 | 9,206,610 |
| **Total Current Liabilities** | | **16,658,647** | **9,206,610** |
| **Total Liabilities** | | **16,658,647** | **9,206,610** |
| **Total Liabilities and Reserves** | | **76,932,978** | **82,358,248** |

Significant accounting policies & Other explanatory informations — 14

The Notes on accounts form an integral part of the financial statements

As per the our report attached of even date

D. & D. Associates Chartered Accountants

Sanjog Kumar Mukhiya
**Internal Controller**

Sangita Rana
**Treasurer**

Tikaram Sapkota
**Finance & Procurement officer**

Rohit Dhital, FCA
Partner
**D. & D. Associates**
**Chartered Accountants**

Hira Singh Thapa
**Executive Director**

Manju Kumari Khadka
**President**

Date: 07.05.2082
Place: Dailekh

**SOSEC Nepal**
Narayan Municipality-01, Dailekh

**Statement of Income & Expenditure**
For the Year ended 32 Ashad 2082 (Corresponding 16 July 2025)

*(Amount in NPR)*

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **INCOME** | | | |
| Incoming Resources | 8 | 388,522,113 | 222,433,615 |
| Financial Income | 9 | 2,500 | 1,390 |
| Other Income | 10 | 753,261 | 386,820 |
| **Total Income** | | **389,277,874** | **222,821,825** |
| | | | |
| **EXPENDITURE** | | | |
| Staff Cost/Expenses | | - | - |
| Program Expenses | 11 | 386,569,242 | 220,780,939 |
| General Administrative Expenditure | 12 | 959,997 | 526,161 |
| Depreciation | 1 | 105,590 | 55,192 |
| Other Expenditure | 13 | 49,212 | 71,100 |
| **Total Expenditure** | | **387,684,041** | **221,433,392** |
| | | | |
| **Net Surplus/(Deficit) before taxation** | | **1,593,833** | **1,388,433** |
| Income Tax Expenses | | - | - |
| **Surplus/(Deficit) for the year** | | **1,593,833** | **1,388,433** |
| | | | |
| Significant accounting policies & Other explanatory informations | 14 | | |

The Notes on accounts form an integral part of the financial statements

As per the our report attached of even date

Sanjog Kumar Mukhiya
**Internal Controller**

Sangita Rana
**Treasurer**

Tikaram Sapkota
**Finance & Procurement officer**

Rohit Dhital, FCA
Partner
**D. & D. Associates**
**Chartered Accountants**

Hira Singh Thapa
**Executive Director**

Manju Kumari Khadka
**President**

Date: 07.05.2082
Place: Dailekh

**SOSEC Nepal**
Narayan Municipality-01, Dailekh

**Notes forming parts of the financial statement**
As at 32 Ashad 2082 (Corresponding to 16 July 2025)

**Notes 6.1; Additional Disclosure on Restricted funds**
**Statement of Movement in Restricted funds during the year**

| # | Projects | Opening Balance | Fund received during the year | Fund spent during the year | Net changes in Restricted fund | Closing Balance |
|---|---|---|---|---|---|---|
| 1 | Green Economy Accelerator (GEA) | 1,061,992 | 10,431,655 | 8,265,433 | 2,166,222 | 3,228,214 |
| 2 | Child Protection | 1,983,654 | 7,623,180 | 9,630,256 | (2,007,076) | (23,422) |
| 3 | WASH II | 17,220,781 | 29,506,203 | 46,666,960 | (17,160,757) | 60,024 |
| 4 | Girls Matter | (110,815) | 4,361,760 | 4,249,189 | 112,571 | 1,756 |
| 5 | Girls Matter: Phase II | - | 18,460,186 | 12,664,958 | 5,795,228 | 5,795,228 |
| 6 | Social Justice Program (SJP) Project | 4,948,002 | 11,941,080 | 17,454,378 | (5,513,298) | (565,296) |
| 7 | Social Behaviour Change (SBC) Project | - | 5,182,275 | 2,455,779 | 2,726,496 | 2,726,496 |
| 8 | EWPN Project | 2,148,935 | 38,575,256 | 38,525,422 | 49,834 | 2,198,769 |
| 9 | Hatemalo Project | 4,946,322 | 13,258,890 | 17,787,526 | (4,528,636) | 417,686 |
| 10 | NLRP II Project (Year 1) | (97,364) | 97,364 | - | 97,364 | - |
| 11 | NLRP II Project (Year 2) | - | 3,480,545 | 3,480,545 | - | - |
| 12 | IWRM Programme | 558,539 | 51,653,000 | 47,642,397 | 4,010,603 | 4,569,142 |
| 13 | PCESP & IQE | 1,640,722 | 23,571,067 | 23,838,468 | (267,401) | 1,373,321 |
| 14 | Innovation Fund : Piloting L&D assessment and systems for climate-induced hazards | 5,349,825 | - | 5,349,825 | (5,349,825) | - |
| 15 | Building resiliency capacity of poor and marginalized farmer through Goat farming (GIFT) | 3,868,057 | - | 3,868,057 | (3,868,057) | - |
| 16 | Partnership to Sahakarya Project | - | 3,000,000 | 3,024,054 | (24,054) | (24,054) |
| 17 | Green Karnali Project | 3,804,733 | 10,727,582 | 10,984,075 | (256,493) | 3,548,240 |
| 18 | Building Inclusive Human Rights Advocacy for Children and Youth Rights (BIHANI) | 992,035 | 16,100,660 | 12,179,124 | 3,921,536 | 4,913,571 |
| 19 | Gender Sensitive Global Citizenship and Life Skills Education for Youth (GCED) | (626) | 626 | - | 626 | - |
| 20 | Jajarkot Earthquake Responses (AEIN) | (608) | 608 | - | 608 | - |
| 21 | Bal Helpline 1098 | (4,567) | 1,147,219 | 1,121,404 | 25,815 | 21,248 |
| 22 | Quality Education enhancement, health and livelihood support in Thathikandh RM, Dailekh (SAHAKARYA) | 2,065,739 | 10,769,421 | 14,559,040 | (3,789,619) | (1,723,880) |
| 23 | Sakxyam Project | 68 | - | 68 | (68) | - |
| 24 | Promotion of Right of Health & Education of Raute People | 2,333,911 | 12,126,064 | 10,609,790 | 1,516,274 | 3,850,185 |
| 25 | Sahayatra_Third Phase, SOGIE and C&K Project | 7,938,092 | 70,181,584 | 71,306,493 | (1,124,909) | 6,813,183 |
| 26 | Municipality Fund for SAHAYATRA-III Project | - | 4,690,651 | 4,690,651 | - | - |
| 27 | ADHAR Project | 1,891,028 | 17,426,213 | 13,947,946 | 3,478,267 | 5,369,295 |
| 28 | A2J | 60 | - | 60 | (60) | - |
| 29 | Wash Recovery Project (Donor: Islamic Relief Canada) | - | 2,365,672 | 1,694,128 | 671,544 | 671,544 |
| 30 | Wash Recovery Project (Donor: Islamic Relief Germany) | - | 602,318 | 339,188 | 263,130 | 263,130 |
| 31 | Rural Village Resources Management Project Naumule Rural Municipality | 9,029 | 199,000 | 208,029 | (9,029) | - |
| 32 | Rural Village Resources Management Project Bhagwatimai Rural Municipality | 25,999 | - | 25,999 | (25,999) | - |
| **Total** | | **62,573,543** | **367,480,079** | **386,569,242** | **(19,089,163)** | **43,484,380** |

D. & D. Associates
Chartered Accountants

# भाग-५

# समस्या, चुनौती र समाधानका लागि गरिएका प्रयासहरू

सोसेक नेपालले महिला, बालबालिका, अपांगता भएका समुदाय तथा व्यक्ति, दलित, जनजाती, यौनिक अल्पसंख्यक, राउटे समुदायको हक हित र संरक्षणको लागि एक विशेष स्थानमा रहेर काम गर्दछ । राज्यले पूरा गर्न नसकेका महत्वपूर्ण सेवा प्रवाहको खाडल पुर्न र सामान्यतया सरकारभन्दा बढी लचिलो र समुदाय-केन्द्रित भइ स्थानीय, प्रदेस सरकार तथा सरोकारवाला निकायसंग सहकार्य गरी लक्षित समुदायमा आफ्ना गतिविधिहरु संचालन गर्दै आएको छ। तर, यस्ता संस्थाहरू परियोजनामा आधारित कोष, साझेदारका शर्तहरू र सर कारी नियमनको जटिल सञ्जालभित्र रहेर काम गर्न बाध्य रहेका कारण संस्थाले ब्यबस्थापकीय तथा कार्यन्वयन तहका चुनौती तथा सवालहरु सामना गर्नु परेको छ । संस्थाले सामना गर्नुपरेका चुनौती तथा सवालहरु यसप्रकार रहेको छः

## ५.१ व्यवस्थापकीय तहका चुनौती तथा सवालहरूः

यी चुनौतीहरू सोसेकको नेतृत्व, कार्यक्रम ब्यबस्थापक/संयोजक र केन्द्रीय कार्यालयका कर्मचारीहरूले सामना गर्ने रणनीतिक, संगठनात्मक र सम्बन्धगत चुनौतीहरू हुन्, जो परियोजना डिजाइन, कोष व्यवस्थापन, कर्मचारी व्यवस्थापन र सरकारी निकायहरुसंग समन्वय र सहकार्यका लागि जिम्मेवारी र अपरिहार्य रहेको छ।

### १. कोष व्यवस्थापन र साझेदारसँगको सम्बन्धः

- परियोजनामा आधारित, छोटो अवधिको कोषः यो सबैभन्दा ठूलो व्यवस्थापकीय चुनौती हो। साझेदार संस्थाहरूले सामान्यतया १-३ वर्षका लागि मात्र परियोजनाहरूमा लगानी गर्छन्। यसले निम्न समस्या निम्त्याउने गरेको छः (क) दीर्घकालीन रणनीतिको अभावः कुपोषण वा सामाजिक भेदभाव जस्ता गहिरो रूपमा जडित समस्याहरूलाई छोटो अवधिका परियोजनाहरूबाट सम्बोधन गर्न गाह्रो हुन्छ, (ख) कर्मचारीमा असुरक्षा र उच्च परिवर्तन दरः कर्मचारीहरू परियोजना करारमा नियुक्त हुने हुँदा उनीहरूमा सधैं अनिश्चितता रहन्छ र अनुभवी कर्मचारीहरूले थप स्थिर अवसरहरूको खोजीमा संस्था छोड्ने, र (ग) "परियोजनाको पछि दौडनुपर्ने" मानसिकताः संस्था गुणस्तरीय कार्यान्वयनमा भन्दा नयाँ कोषको खोजी र प्रस्तावना लेखनमा बढी केन्द्रित हुन बाध्य हुने गरेको छ।
- साझेदारका असान्दर्भिक शर्तहरू र लगफ्रेम (Logframe)ः साझेदारहरूले अक्सर कार्यक्षेत्रको वास्तविकताभन्दा टाढाका कार्यालयहरूमा बसेर तार्किक प्रारूप (Logframe) र सूचकहरू तयार पारेका हुन्छन् । यी प्रारूपहरू स्थानीय सन्दर्भ, अप्रत्याशित विपद् (जस्तैः पहिरो) वा समुदायको प्राथमिकता अनुसार परिवर्तन गर्न सहज र सरल हुँदैनन् । यसले गर्दा व्यवस्थापन साझेदारको लक्ष्य पूरा गर्ने र वास्तविक आवश्यकता सम्बोधन गर्ने दोहोरो दबाबमा पर्ने रहेको छ।
- सह-लगानी र वित्तीय दिगोपनाः धेरै साझेदारहरूले सह-लगानी वा बराबरी कोषको माग गर्छन्, जुन कर्णाली जस्तो प्रदेश तथा संस्थामा जुटाउन अत्यन्तै गाह्रो हुन्छ । स्थानीय साझेदार वा आन्तरिक आम्दानीको स्रोत निर्माण गर्नु संस्थालाई ठूलो चुनौती रहेको छ, जसले संस्थालाई बाह्य सहायतामा अत्यधिक निर्भर बनाउने गरेको छ।
- प्रतिवेदनको उच्च भारः विभिन्न साझेदारहरूको

प्रशासनिक र प्रतिवेदनसम्बन्धी आवश्यकताहरू पूरा गर्नु निकै झन्झटिलो हुने गरेकाले व्यवस्थापन र वित्त कर्मचारीहरूको धेरै समय लाग्ने र कार्यक्रमको अनुगमन र सहयोगमा प्रयोग गर्न कठिनाइ रहेको छ।

२. मानव संसाधन व्यवस्थापनः

- दक्ष पेशेवरहरूलाई आकर्षित गर्ने र टिकाउनेः सरकार, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था (INGOs) र संयुक्त राष्ट्र संघका एजेन्सीहरूसँग दक्ष जनशक्तिका लागि प्रतिस्पर्धा गर्न गाह्रो हुने भएकाले दुर्गम "कठिन क्षेत्र" मा काम गर्नका लागि आकर्षक तलब र सुविधाहरू प्रदान गर्न सस्न्थालाइ ठूलो वित्तीय भार हुने गर्दछ।
- कर्मचारीमा तनाव र मानसिक स्वास्थ्यः कर्णालीमा काम गर्ने फिल्डका कर्मचारीहरू एक्लोपन, कठिन जीवनयापन र कमजोर समुदायसँग काम गर्दाको भावनात्मक बोझका कारण ठूलो शारीरिक र मानसिक दबाबमा हुने गर्दछन । उनीहरूको तनाव व्यवस्थापन र स्वास्थ्य सुनिश्चित गर्नु एक महत्वपूर्ण तर अक्सर कम स्रोत छुट्याइएको व्यवस्थापकीय कार्य भएकोले ब्यबस्थापनमा कठिनाइ हुने गरेको छ।
- क्षमता अभिवृद्धिः सोसेकले तालिममा लगानी गरे तापनि कर्मचारीहरूलाई नवीनतम विकासका दृष्टिकोण, अनुगमन-मूल्याङ्कनका औजारहरू र सुरक्षण नीतिहरू (Safeguarding Policies) बारे अद्यावधिक गराउन निरन्तर र महँगो लगानी आवश्यक पर्ने गरेको छ।

३. रणनीतिक योजना र अन्तर-निकाय समन्वयः

- संघीयताको जटिलतामा काम गर्नुः सोसेकको व्यवस्थापनले तीनै तहका सरकारहरूसँग समन्वय गर्नुपर्ने हुन्छ। यसमा समाज कल्याण परिषद्बाट परि योजना स्वीकृति लिने, स्थानीय तह (पालिकाहरू) सँग सम्झौता गर्ने, र प्रदेश मन्त्रालयहरू तथा प्रमुख जिल्ला अधिकारी (CDO) सँग समन्वय गर्ने जस्ता कार्यहरू पर्छन्। यो प्रक्रिया अक्सर समय-खपत गर्ने र राजनीतिक प्रभावमा पर्न सक्ने किसिमको भएको ले अन्तर निकाय समन्वय प्रभावकारी हुन नसक्नु।
- काममा दोहोरोपन र "सहायताको घेरा" बाट बच्नुः गैर-सरकारी संस्थाहरू तुलनात्मक रूपमा सुगम ठाउँहरूमा केन्द्रित हुने र अति दुर्गम बस्तीहरू छुट्ने जोखिम हुने हुँदा अन्य संस्थाहरू र सरकारी निकायहरूसँग प्रभावकारी समन्वय गरी कार्यक्षेत्र नक्साङ्कन गर्नु र खाडलहरू पहिचान गर्नु महत्वपूर्ण तर चुनौतीपूर्ण रहेको छ ।
- केन्द्रीय कार्यालयको नियन्त्रण र फिल्ड कार्यालयको स्वायत्तताबीच सन्तुलनः व्यवस्थापनले फिल्ड कार्यालयहरूलाई कति निर्णय अधिकार दिने भन्ने तय गर्नुपर्ने हुन्छ । धेरै केन्द्रीय नियन्त्रणले परियोजनाहरूलाई स्थानीय आवश्यकताप्रति अनुत्तर दायी बनाउन सक्छ, जबकि धेरै स्वायत्तताले साझेदारका नियम र संस्थागत नीतिको पालना नहुने जोखिम बढाउने गरेको छ।

**५.२.कार्यान्वयन तहका चुनौती तथा सवालहरूः**

कार्यन्वयन तहका चुनौती तथा सवालहरु सोसेकका फिल्ड कर्मचारीहरू (परियोजना संयोजक, सामाजिक परिचालक, प्राविधिक अधिकृत) र उनीहरूले काम गर्ने समुदायहरूले सामना गर्ने क्षमता, सञ्चालनगत समस्याहरू पर्दछन जुन तपसिल बमोजिम रहेका छनः

१. सामुदायिक सहभागिता र सामाजिक गतिशीलताः

- समुदायको उच्च अपेक्षा र परनिर्भरताको व्यवस्थापनः समुदायमा दशकौंदेखिको सहायताले कहिलेकाहीँ "परनिर्भरताको मानसिकता" सिर्जना गरेको छ । समुदायले क्षमता विकास वा व्यवहार परिवर्तनका गतिविधिभन्दा भौतिक सहयोग (नगद/सामान) को अपेक्षा गर्ने भएकाले प्रायः संस्थाको कामको मूल उद्देश्यभन्दा फरक हुनसक्ने।
- स्थानीय शक्ति संरचना र राजनीतिमा काम गर्नुः फिल्डका कर्मचारीहरूले स्थानीय राजनीति, पहुँचवाला वा माथिल्लो वर्गले फाइदा लिने

खतरा (Elite Capture) र निहित स्वार्थहरूलाई कुशलतापूर्वक सामना गर्नु पर्ने भएकोले परियोजनाको लाभ सबैभन्दा सीमान्तकृत (दलित, महिला, अपाङ्गता भएका व्यक्ति) सम्म पुग्न कठिनाई हुने गरेको छ। यसले स्थानीय स्तरमा मनमुटाव सिर्जना गर्न सक्ने अबस्था आउने गर्नु।

- देखावटी सहभागिता विरुद्ध वास्तविक अपनत्वः भत्ता दिएर समुदायका सदस्यहरूलाई बैठकमा उपस्थित गराउन सजिलो छ, तर परियोजना सकिएपछि पनि उनीहरूले त्यसको दिगोपनाका लागि वास्तविक अपनत्व (जस्तैः खानेपानी प्रणालीको मर्मत-सम्भार) लिनु धेरै गाह्रो हुने गर्नु।
- गहिरोसँग जडित सामाजिक मान्यताहरूलाई सम्बोधन गर्नुः बालविवाह, जातीय भेदभाव वा लैङ्गिक हिंसा जस्ता मुद्दाहरूमा काम गर्ने परियोजनाहरूले पितृसत्तात्मक र परम्परागत सामाजिक संरचनाबाट ठूलो प्रतिरोधको सामना गर्नुपरेको हुँदा यस्ता क्षेत्रमा प्रगति ढिलो हुने र छोटो परियोजना अवधिभित्र मापन गर्न गाह्रो हुने गरेको छ।

### २. सञ्चालनगत र लजिस्टिक बाधाहरूः

- सञ्चार सम्पर्क विच्छेदः कर्णालीका धेरै भागहरूमा सीमित र अविश्वसनीय मोबाइल नेटवर्क र इन्टरनेट कनेक्टिभिटीले फिल्ड र केन्द्रीय कार्यालयबीच नियमित सञ्चार गर्न गाह्रो बनाएको छ र यसले गर्दासमयमा प्रतिवेदन पठाउन, निर्णय लिन र आपतकालीन प्रतिकार्यमा बाधा पुऱ्याउने गरेको छ।
- फिल्ड कर्मचारीको सुरक्षाः फिल्डका कर्मचारीहरू प्राकृतिक विपत्ति (पहिरो, बाढी), जङ्गली जनावर र कठिन यात्राका कारण जोखिममा पर्नसक्ने र उनीहरूको सुरक्षा सुनिश्चित गर्नु एक सर्वोपरि र दैनिक चिन्ताको विषय हुने गर्नु।

### ३. कार्यक्रम कार्यान्वयन र अनुगमनः

- स्थानीय समूह/समुदायहरूको कमजोर क्षमताः सोसेकले प्रायः स्थानीय साझेदारहरू जस्तै आमा समूह, स्वाबलंबन समूह, विद्यालय व्यवस्थापन समिति, वा स्थानीय तहका कर्मचारीहरूसँग काम गर्ने गर्दछ। उनीहरूको कम साक्षरता र व्यवस्थापकीय सीपले तालिम ग्रहण गर्ने र परियोजनापछि गतिविधिहरूलाई निरन्तरता दिने क्षमतालाई सीमित रहने।
- चुनौतीपूर्ण वातावरणमा तथ्याङ्क सङ्कलनः छरिएर रहेका र पुग्न गाह्रो घरपरिवारबाट भरपर्दो अनुगमन तथा मूल्याङ्कन (M&E) तथ्याङ्क सङ्कलन गर्नु समय-खपत गर्ने र महँगो हुने गरेको छ। यो तथ्याङ्क प्रमाणित गर्न अझ गाह्रो हुन्छ, जसले साझेदारहरूलाई सही परिणाम रिपोर्ट गर्न चुनौती खडा गर्ने गरेको छ।
- बहिर्गमन रणनीति र दिगोपनाको दुविधाः यो सबैभन्दा महत्वपूर्ण कार्यान्वयन चुनौती हो। परियोजनाका उपलब्धिहरूलाई धराशायी हुन नदिई कसरी कार्यक्रम अन्त्य गर्ने? संस्थाले छोडेपछि पनि सामुदायिक संरचना वा स्थानीय सरकारले कामलाई निरन्तर ता दिन आवश्यक इच्छाशक्ति, सीप र स्रोतहरू छन् भनी सुनिश्चित गर्नु सफलताको अन्तिम परीक्षा हो, र समय, बजेट र दक्ष जनशक्तीको अभाबका कारण अक्सर यही बिन्दुमा असफलता देखिने अवस्था आउने गरेको।

## ५.३ सोसेक नेपालले अबलम्बन गरेका बाटो

1. उत्तम कोष मोडेलका लागि पैरवीः साझेदारहरूसँग सक्रिय रूपमा संवाद गरी लचिलो व्यवस्थापन र कठोर उत्पादनभन्दा दिगो परिणाममा केन्द्रित हुन अनुमति दिने दीर्घकालीन कोष मोडेलका लागि पैरवी गर्ने गरेको।
2. स्थानीय मानव पूँजीमा बृहत् लगानीः कर्णालीकै स्थानीय कर्मचारीहरूलाई प्राथमिकतामा राखी नियुक्ति गर्ने र उनीहरूलाई गहन तालिम दिने। सुरुमा प्राविधिक सीपको कमी भए तापनि उनीहरूको स्थानीय ज्ञान, सञ्जाल र प्रतिबद्धता लिने गरेको।

3. सरकारी साझेदारीलाई गहिरो बनाउनेः सोसेकले स्थानीय सरकारसँगको सम्बन्धलाई केवल अनुपालनमा आधारित नराखी एक वास्तविक साझेदारीमा रूपान्तरण गर्ने गरेको छ । उनीहरूलाई परियोजना डिजाइनमा संलग्न गराउने, गतिविधिहरू सह-कार्यान्वयन गर्ने, र सफल हस्तक्षेपहरूलाई निरन्तरता दिन उनीहरूको क्षमता निर्माणमा ध्यान केन्द्रित गर्ने गरेको छ ।
4. सरलता र उपयुक्त प्रविधिः संस्थाले परियोजना सकिएपछि समुदायले सजिलै व्यवस्थापन गर्न सक्ने सरल, कम लागतका र व्यावहारिक हस्तक्षेपहरू डिजाइन गर्ने गरेको छ । उपयुक्त ठाउँमा तथ्याङ्क सङ्कलनका लागि मोबाइल एप वा नक्साङ्कनका लागि स्थान सुहाउँदो प्रविधिको प्रयोग गर्ने, तर यसलाई मानवीय सम्बन्धको विकल्प बन्न नदिने गरेको छ ।
5. ज्ञान व्यवस्थापन र बहिर्गमन रणनीति सुदृढीकरणः परियोजनाको पहिलो दिनदेखि नै स्पष्ट र यथार्थपरक बहिर्गमन रणनीति विकास गर्ने । सिकेका पाठहरूलाई दस्तावेजीकरण गर्ने र परियोजनाको ब्यानर हटिसकेपछि पनि सकारात्मक परिवर्तनहरू टिकाइराख्न स्थानीय संस्थाहरूको क्षमता निर्माण जस्ता कार्यहरु संचालन गर्दै आएको छ ।

